साहित्यिक पत्रिका

# नवप्रज्ञापन

प्रकाशनारम्भ : २०५०, पूर्णाङ्क : ५८, कार्तिक–पौष २०६९

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**कार्यकारी सम्पादक**
शर्मिला खड्का (दाहाल)

**सहायक सम्पादक**
यशु श्रेष्ठ

**व्यवस्थापक**
गणेशराज रिजाल

**विशेष सहयोगी**
निर्मोही व्यास
राममणि दुवाडी
हरि खनाल
बैरागी जेठा
पुष्करराज भट्ट
मोहनबहादुर कायस्थ
तेजप्रकाश श्रेष्ठ
केशव रूपाखेती

मूल्य : रु. २५।–

**प्रतिनिधि**
रमेशमोहन अधिकारी
राममणि पोखरेल
शिरोमणि अर्याल
लक्ष्मी कणेल
गोविन्द ढकाल 'ढुङ्गेली'
शान्ता अजनवी
सुशील मुडभरी
अस्मिता शर्मा
भक्त कार्की
मिलन समीर
लीलाराज दाहाल
जनार्दन खनाल
शेखर कार्की
बाबुरामप्रसाद पौडेल

**आवरण**
रविकुमार बस्नेत

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
समुन्द्र प्रिन्टर्स,
टेकु, काठमाडौं

**कार्यालय** : स्वाभिमानवस्ती डुमरवाना-७, बारा, फोन नं. : ९८४५०९४८५५
**काठमाडौं सम्पर्क** : पो.ब.नं. ९१०९, काठमाडौं, फो.न : ९८५११३८६२४
e-mail : nabapragyapan@gmail.com

## वरिष्ठ एवं आजीवन सदस्यहरू

१. माया ठकुरी, धोबिघाट ललितपुर
२. विश्वराज अधिकारी, वीरगञ्ज पर्सा
३. रुकु कार्की, हेटौंडा मकवानपुर
४. रामप्रसाद अधिकारी, सिमरा बारा
५. ध्रुवकुमार घिमिरे, निजगढ बारा
६. वीणा पोखरेल, चावहिल काठमाडौं
७. पीताम्बरा 'पीयूष', कलङ्की काठमाडौं
८. ललिता दोषी, बुद्धनगर काठमाडौं
९. डा. सुषमा आचार्य, मानभवन ललितपुर
१०. निर्दोषकुमार, स्वाभिमानबस्ती बारा
११. भद्रकुमारी घले, मैतीदेवी काठमाडौं
१२. हरिप्रसाद पाण्डेय, बालाजु काठमाडौं
१३. वासुदेव अधिकारी, सुनौलाबजार धादिङ
१४. दीपेन्द्रसिंह थापा, महादेवस्थान धादिङ
१५. ईशा शाह, पकनाजोल काठमाडौं
१६. भगीरथ मिश्र, दमक झापा
१७. लक्ष्मी शर्मा, बालाजु काठमाडौं
१८. शर्मिला खड्का दाहाल, इटहरी सुनसरी
१९. अनन्तप्रसाद वाग्ले, बासडोल, काभ्रे
२०. छविरमण सिलवाल, मेथिनकोट काभ्रे
२१. अर्जुन पाण्डे, जीवनपुर, धादिङ
२२. कार्तिकेय घिमिरे, हरिवन, सर्लाही
२३. पाण्डवराज कार्की, हर्नामाडी मकवानपुर
२४. राजनप्रसाद सिलवाल, छत्रेदेउराली, धादिङ
२५. गंगा पौडेल, हात्तिगौंडाचोक, काठमाडौं

## अनुरोध

- भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा यथाशक्य योगदान गर्नु पत्रिकाको उद्देश्य हो ।
- साहित्यका विविध विधाका रचनाहरूलाई यहाँ स्थान दिइनेछ ।
- स्तरीय, मौलिक तथा अन्यत्र अप्रकाशित रचनाको सधैं स्वागत गरिन्छ ।
- रचना पठाउँदा कागजको एकापट्टि स्पष्टसँग लेखिएको वा टाइप गरिएको हुनुपर्ने छ ।
- शुद्धसँग प्रिती फन्टमा टाइप गरेर पठाएका रचना मात्र स्वीकार्य हुन सक्नेछन् ।
- रचनामा नाम, ठेगाना र परिचय स्पष्ट हुने गरी लेखिएको हुनुपर्नेछ ।
- प्रकाशनार्थ प्रेषित रचनाहरू चार अङ्कभित्र प्रकाशित नभए अन्यत्र पठाउन सकिनेछ ।
- रचना स्वीकृत-अस्वीकृत गर्ने तथा काँटछाँट गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहीत रहने छ ।
- अस्वीकृत रचना फिर्ता नगरिने हुँदा एकप्रति आफूसँग राखेर मात्र पठाउन सूचित गरिन्छ ।
- प्रकाशित रचनामा व्यक्त विचारहरूप्रति लेखक स्वयं जिम्मेबार हुने भएकाले सिर्जनाप्रति गम्भीर हुन पत्रिका सपरिवार आग्रह गर्दछ ।
- पुस्तक समीक्षाका लागि दुई प्रति कृति अनिवार्य रुपमा पठाउनु पर्नेछ ।
- हाम्रो साहित्य कर्मप्रति तपाईं आश्वस्त हुनुभएको खण्डमा संरक्षक सदस्य, वरिष्ठ सदस्य, आजीवन सदस्य, वार्षिक सदस्य, प्रतिनिधि वा सहयोगी बनेर सहभागी बन्न सक्नुहुनेछ ।

# सम्पादकीय

आदरणीय देशबन्धुहरू ! दशैं-तिहार र छठजस्ता नेपालीका महान्पर्वहरू तपाईं हाम्रा घरआँगनमा टुप्लुकिने तरखरमा छन् । अनि तपाईं हामी तिनीहरूको सु-स्वागतका निम्ति आतुर पनि छौं । त्यसो हुनु वा गर्नु हामी सबैको एउटा सिङ्गो कर्तव्य पनि हो । हुन त त्यसबाट विमुख बन्न पनि सकिन्छ तर त्यो परिचय विहीनता हुन्छ । वास्तवमा परिचय विहीन बचाइ अत्यन्तै कठिन कुरा हो । बाँच्न सकिन्छ, धेरै बाँचेका पनि छन् तर त्यो असहज हुन्छ भन्नेमा कुनै दुविधा रहन्न । तसर्थ, हामी परिचयका साथ बाँच्ने हो भने आफ्ना परम्परा, प्रचलन, रीतिरिवाज, संस्कार र संस्कृतिका असल पक्षको जगेर्ना गर्नैपर्ने हुन्छ । त्यसपछि मात्र हाम्रो अस्मिता त्यहाँ भेटिन्छ अन्यथा कल्पना गर्न समेत कठिनाइ छ ।

हामी आज अचम्मको परिस्थिति बोकेर हिंडिरहेको अवस्था छ । आफू बाँच्ने खोजेको कि अरु छुट्याउन धौधौ छ । आफू हिंड्न खोजेको कि अरु, आफू बोल्न खोजेको कि अरु, आफू बन्न खोजेको कि अरु, आफ्नो पहिचान राख्न वा बनाउन खोजेको कि अरु, यो सबै नछुट्टिईरहेको अवस्था छ । किन भइरहेछ यस्तो यो पनि सहजरुपमा भन्न सकिने स्थिति छैन । कसले किन दियो र कसले किन लियो यो पनि बताउनसक्ने अवस्था छैन । चारैतिर गन्जागोल व्याप्त छ । यस्तो परिवेश कहिलेसम्म रहने हो त्यो पनि किटानीका साथ भन्न सकिने अवस्था छैन ।

हाम्रा चाडपर्व मनाउने तौरतरिका तपाईं हाम्रै हो । न त यसमा पुर्खाहरूको यस्तै गर्नैपर्छ भन्ने हस्ताक्षर छ न त चाडपर्व स्वयंले यसरी मनायौ भने मात्र हुन्छ भनेर कतै वा कसैलाई भनेको इतिहास नै छ । यस्तो खाने, यस्तो लाउने, यस्तो गर्ने, यति दिने वा लिने भनेर कतै लेखिएको पनि भेटिन्न । पुर्खाकै पालादेखि आ-आफ्ना इच्छाअनुसार ती भइरहेका छन् र यसो पनि भन्न सकिन्छ, हुने पनि छन् । त्यसको सीमारेखाको न त कतै विधि विधान छ न त कतै शास्त्रमा नै उल्लेख गरेको देखिन्छ । बस, आफ्नो हैसियत, गच्छे, औकात र सामर्थ्यले भ्याएअनुसार मान्ने र मनाउने कुराहरू हुन् ती ।

हामीभित्रको हठले तिनीहरूलाई बहुरङ्गी बनाएको हो । त्यो त्यागौं तिनीहरू उपयुक्त आकारमा स्वतः आइपुग्छन् । यसको निम्ति केवल आफूले आफैंलाई ठम्याए पुग्छ । अरु केही खोज्नैपर्दैन । दुःखपाउन वा दौडन पर्दैन । चिन्ता लिने, झोक्रिने, निरासिने कारण पनि छैन । यी सब तपाईं हाम्रा मुर्ख्याइँ हुन् । धुर्त्याइँ हुन् । अबुझपना हुन् । कमीकमजोरी हैनन्, महान् भूल हुन् । अल्छे स्वभाव हुन् । ढोंगी प्रवृत्ति र ठालु चिन्तन हुन् । आफूलाई चिन्ने समस्या हुन् । स्वयंको अबमूल्यन गरेर परायालाई महान् ठान्ने महारोग हुन् । हो, आजसम्म तिनीहरूका कुनै पनि उपचार छैनन् र भविष्यमा होला यथाशीघ्र होला भन्ने कल्पना गर्न सकिने ठाउँ पनि छैनन् ।

साना-साना बालबच्चा र परिवारका सदस्यहरूका नाम लिएर हाम्रा महान् संस्कृतिलाई बिटुल्याउने, ढोंगी बनाउने, अरुको देखासिकीमा रमाउने, आफ्नो केही नदेख्ने वा आफ्ना जम्मै खोटो देख्ने अरुका पूरापुर राम्रा ठान्ने अनि आफूभित्रको तागत, सामर्थ्य, सत्य, निष्ठा, बल, सामूहिकता, सौहार्दता, सामाजिक र सहिष्णुता केही नदेख्नेहरू नै हाम्रा महान् शत्रु हुन् । तिनीहरूलाई बेलैमा चिन्नुपर्छ र चाडपर्वहरूलाई हैसियत र गच्छेअनुसार मनाउनुपर्छ त्यो नै हाम्रो आफ्नो पहिचान हो । त्यो काम तपाईंबाट पनि सुरु गर्न सकिन्छ । त्यसैले नआत्तिनोस् ५भन्दा पहिले ४, ३, २ र १ हुन्छ । १ तपाईं बन्नोस् । अरुको लहलैमा लागेर नबहकिनोस् किनकि सक्नेले घोडा चढे भनेर नसक्नेले धुरी चढ्नु कुनै पनि हालतमा राम्रो हुँदै होइन ।

अन्त्यमा तपाईं, तपाईं भएर बोल्नोस्, तपाईं भएर हाँस्नोस्, तपाईं भएर हिंड्नोस्, तपाईं गर्नोस् भन्ने कामना गर्दै विजयादशमी, शुभदीपावली, नेपाल सम्वत्, इद र छठपर्वको सुखद् अवसरमा नवप्रज्ञापन परिवार तपाईं लगायत सम्पूर्ण नेपालीहरूको उन्नति र प्रगतिको कामना गर्दछ ।

## sljtf÷uLt÷uhn

अच्युत रिजाल/६
डिल्लीराज अर्याल/१६
प्रियंवदा काफ्ले/१६
राम विनय/१७
प्रकाश रम्घाली/१७
रामप्रसाद प्रदीप/१८
बाबुरामप्रसाद पौडेल/१८
राम बर्तौला 'आँसु'/१९
चन्द्र रानोहँछा/२०
प्रतिभा अर्पण/२०
वसन्तराज अज्ञात/२०
भक्त कार्की/२१
मिलन समीर/२१
लीलाराज दाहाल/२१
प्रेम ओली/४०

## syf÷n3'syf

राममणि पोखरेल/२२
रामप्रसाद पन्त/४२

## n]v÷lgaGw

कमल दीक्षित/५
रमेश समर्थन/२६
तेजविलास अधिकारी/५५

## cg'bj / cg'bl't

सूर्यकुमारी पन्तसँग– यशु श्रेष्ठ/२९

## ;dfnf]rgf÷;dLIff

निर्मोही व्यास/७
दीपक ढकाल/३३
चिरन्जीवि नेपाल/३७
डा.घनश्याम न्यौपाने परिश्रमी/३९
प्रा. गोपीकृष्णा शर्मा/४१
पुष्करराज भट्ट/४५
सहप्रा. डा. ध्रुवकुमार घिमिरे/५०

· n]v

# छ फुर्सत् ?

**– कमल दीक्षित**

यसपालि धोका भयो । दोष कसैलाई छैन, आफैबाट आफूलाई धोका भएको हो । काइँला होइन, जेठा वैरागीलाई दिन भनेर लेखिसकेको  एउटा लेख विज्ञहरुको सुझाव मानेर अन्यत्रै दिइहालें, जेठालाई ‘ माइलो दिम्ला’ भनी । तर, माइलो जन्मनै मान्दैन ! के गरुँ जन्माउन नसक्ने आफू, दोष कल्लाई दिऊँ । हाम्रो गाउँखाने कथा हाले जस्तो भो यो । यसको खुल खोल्न पट्टि नलागूँ हामी । अघि बढूँ ।

अब वैरागी जेठाको ‘नवप्रज्ञापन’लाई के लेखूँ भनेर म धेरैबेर घोरिएँ । एउटै विषयमा सम् गर्न सकिएन । सुरुसुरुमा म ‘ जान्ने हुन’ या शोधकर्ता, अनुसन्धाता जस्तो देखिन नयाँ नयाँ विषयमा लेख्न खोज्थें । जुन विषयम ाधेरैको आँखा पुग्दैन या लेख्ने सामल नै जुट्दैन, त्यस्ता कुरामा लेख्ने गर्थें । उदाहरणार्थ ‘ऋतु विचार’ जस्तै ऋतु परिवर्तनबारे विभिन्न थरिका साना-ठूला नेपाली कविहरुले केके लेखेका छन् भनेर सकेसम्म धेरै नाम र ठाम खोजेर मैले एउटा लेख लेखें बीस सालतिर होला, ‘रुपरेखा’मा, ‘पर्खदै बित्ला कि ?’ भन्ने । पछि २०२६ सालमा त्यो लेख समेत समेटेर त्यसै नामको पुस्तक नै प्रकाशित गरेको थिएँ ।

त्यसभन्दा पनि अघि, सम्झन्छु, मैले ‘सुन्दरीजल’को झरनाबारे कति जना हाम्रा कविहरुले कविता लेखे होलान् भनेर खोजिपसेको थिएँ । त्यसलाई पनि एउटा लेख नै बनाएर मैले ‘अविरल गायन’ भन्ने निबन्ध छपाएँ २०१३ सालतिर, शायद ‘शारदा’मा । अनि त्यसलाई पनि मेरो २०१७ सालमा प्रकाशित ‘कालो अक्षर’ भन्ने किताबमा हालेर निकालेको थिएँ ।

यस्ता कुराहरु सम्झिएँ मैले ‘ नवप्रज्ञापन’का लागि लेखेको विषय छान्न खोज्दा । त्यसैबेला मैले अर्को एउटा कुरा पनि सम्झिएँ । तिनताका म आफ्नो ‘ नोटबुक’ कापीहरुमा सम्भावित लेखका विषय हुनसक्ने कुराहरु टिपेर राख्थें । जस्तो मैले एक ठाउँमा लेखिराखेको रहेछु- ‘चरा’ र ‘चङ्गा’ । अर्थ केभने नेपाली भाषामा लेखिएका कवितामा चराको नाम य चराको प्रसङ्ग कहाँकहाँ र केके छन् खोजी हेर्नुपर्छ कुनै बेला- भनेर मैले टिपिराखेको रहेछु । त्यस्तै चङ्गाका बारेमा पनि ऐजन ऐजन भन्ने हो । त्यसै बमोजिम मैले चराका बारेमा लेखनाथ, युद्धप्रसाद मिश्र र लक्ष्मीप्रसाद देवकोटाको नाम टिपेको रहेछु । चङ्गाका बारेमा भने लेखनाथ भन्ने मात्र लेखिराखेको देखें । त्यसको मतलब के निस्कन्छ भने त्यस बेलासम्म मैले लेखनाथको मात्र प्रसङ्ग भेट्टाएको रहेछु । त्यस्तै अरु मनग्गे प्रसङ्ग फेला पारेपछि म एक या दुई वटा लेख लेख्ने रहेछु । तर फेला पारेको रहेनछु ।

अलि वर्षपछि त्यो प्रयत्नै छुटेछ मेरो । म अरु नै तिर आँखा लगाउन थालेछु । आफू ‘लिङ्ग्विष्ट’ नभए पनि शब्द केलाउने जाँगर उठेछ ममा र मैले ल, है, रे, क्यारे, कुन्नि जस्ता शब्दहरु टिपेर राखेको रहेछु । त्यो देखें एक दिन मौले पुराना कागजपत्र पल्टाउँदा । यो चाहिँ प्रसंग के थियो भने, हाम्रो भाषा नेपाली, कतिपय कुरामा भारोपेली अरु भाषाहरुभन्दा धेरै धनी छ

भन्ने निष्कर्ष निकालेका थिए विद्वान्हरुले एउटा सभामा । जस्तो 'अनोमोटोपोयटिक' अर्थात् अनुकरणात्मक शब्दहरुको हाम्रो नेपालीमा जति पौल छ त्यति अरु भाषामा छैन नै भन्नेमा दुई मत हुँदैन रे । एउटा मात्र शब्द लिएर हेरुँ । 'बस्नु'को कति प्रकार छन् हाम्रा- टुसक्क, थ्याच्च, गजक्क, थुम्म, गम्म, गुम्म, फ्याත्त, फ्याल्ल इत्यादि । मैले चाहिँ त्यस्ता अनुकरणात्मक शब्द होइन संक्षेपीकरणमा हाम्रो भाषा कति समृद्ध छ भन्ने देखाउन ती एक अथवा दुई अक्षरका शब्द छानेर हेरेको थिएँ । यी शब्दहरु देख्दा मात्र साना हुन्- यिनका गुणगरिमा त ज्यादै ठूला छन् । विचार गरुँ । एउटा वाक्य लिऊँ- "भोलि बिदा रे !" यस वाक्यलाई हिन्दी या अंग्रेजीमा अनुवाद गरिहेरुँ- 'कहते हैं कल छुट्टी है' अथवा 'फलाँ ने कहाँ कि कल अफिस नहीँ लगेगी' हुन्छ । अंग्रेजीमा गर्दा पनि They say tomorrow is a holiday cyjf (Somebody) Told me that there would be no office tomorrow हुन्छ । हेरुँ त, हाम्रो त्यो एउटा 'रे' का लागि अरुले कति वटा शब्द खर्चिनुपऱ्यो ! त्यस्तै हो 'क्यारे', 'ब्यारे' पनि । एउटा 'क्यारे'को अनुवाद गर्न हिन्दीमा 'मुझे ठीक से पता नही है' या सायद 'मुझे लगता है कि' भन्नुपर्छ । अंग्रेजीमा क्यारे-को एक शब्दमा अनुवाद हुँदैन 'perhaps it is अथवा 'I think it's' भनेर जोड्नुपर्छ । 'कुन्नि' को पनि त्यस्तै हो । अब 'है' लाई लिऊँ । "तिमी भोलि आउ है !" भन्नुपऱ्यो हिन्दीमा । 'तुम कल आजाना, आच्छा ?' ले त्यो ल्याउँछ ? ल्याउन सक्दैन । अलिकति अनुरोध, अलि बढ्ता आग्रह झल्काउँछ हाम्रो 'है' ले । माथिको नेपाली वाक्यलाई त्यही आसय निकाल्ने गरेर हिन्दीमा भन्नुपऱ्यो भने त्यो यति लामो हुनजान्छ "मैं चाहुंगा कि तुम आओ कल, आओगे ?" यी र यस्तै कुराले भनेर त्यति बेला मलाई केही लेख, निबन्ध लेख्न मन लागेको थियो । तर लेखिएन र त्यो प्रयास पनि विफल भयो । तर आफैंले नलेखे पनि ती विषयहरु लिएर अरु कसैले लेखोस् भन्ने चाहना छ अझ । तर कल्लाई 'भनुम्' ? सबैजना आ-आफ्नै रङटामा छन् । यस्ता यी झिनामसिना कुरामा लाग्ने कल्लाई फुर्सत् छ ? कसैलाई छ फुर्सत् ?

· slj tf

# शुभकामना

**– अच्युत रिजाल**

वर्षादको भेल सबै पखाली
उमङ्गको सुन्दर दीप बाली
शरद् उदायो सयपत्री फुल्दा
यो मन रमायो फूलबारी डुल्दा ।।१।।

गोदावरी मखमली अनि फूल जाई
माहुरीका हुलहिडे रस प्युनलाई
आकाशमा चहकिलो बनी जुन छायो
नेपालका नयनमा खुसीले सजायो ।।२।।

टाढा पुगेका सब दाजुभाइ
फर्किरहेछन् घरमा रमाई
मिली जुली चाड मनाउँदै छन्
सद्भावनाको गीत गाउँदैछन् ।।३।।

बडा दसैंको शुभकामना छ
अमिट मायासँग सम्झना छ
स्वदेशको उन्नतिमा रमाऊँ
जताततै उज्वल कीर्ति छाऊँ ।।४।।

# नेपाली यात्रासाहित्यको उद्भवका आधारभूत स्रोत

– निर्मोही व्यास

## १. विषयप्रवेश

यात्रासाहित्य यथार्थपरक, अनुभवाश्रयी र सृजनात्मक नव गद्यलेखन हो । आधुनिक विश्वसाहित्यमा लोकप्रिय लेखनका रूपमा परिचित र प्रतिष्ठित समेत रहेको यो लेखन नेपाली साहित्यमा पनि दिनानुदिन लोकप्रियताका साथ समृद्धिको शिखरतर्फ अग्रसर हुँदै गएको छ ।

नेपाली भाषाको स्रोत संस्कृत भाषा हो र नेपाली साहित्यको मूल स्रोत पनि संस्कृत साहित्य नै हो । त्यसैले नेपाली यात्रासाहित्यको उद्भवको प्रथम आधारभूत स्रोतका रूपमा पनि संस्कृत वाङ्मय नै देखिन्छ ।

पूर्वीय जगत्मा अनादिकालदेखि प्रचलित यात्रा-परम्परा, संस्कृत वाङ्मयका वैदिक, औपनिषदिक, पौराणिक र लौकिक/ललित साहित्यअन्तर्गतका अनेक काव्य र आख्यान-ग्रन्थहरूमा चिरकालदेखि प्रस्तुत हुँदै आएका यात्राविषयक चिन्तन, अनुभवाश्रयी र कल्पनाश्रयी सजीव एवं आकर्षक वस्तुपरक यात्रावर्णनहरूका साथसाथै नेपाली लोकजीवनसित सर्वथा अविभाज्य ढङ्गले सम्बन्धित रहेको यात्राको सुदीर्घ पृष्ठभूमिमा नेपाली यात्रासाहित्यिक लेखनको प्रयास मोटामोटी रूपमा विक्रमी सोह्रौं शताब्दीमा असचेत रूपमै आरम्भ भएको पाइन्छ ।

कालान्तरमा आधुनिक पाश्चात्य साहित्यको विशेष सम्पर्क र प्रभावबाट अधुनातन विश्वसाहित्यमा विधागत रूपले नव्य गद्य लेखनको एक भेदका रूपमा अर्थिने 'यात्रासाहित्य' को स्वरूप प्राप्त गरी नेपाली यात्रा-लेखनको परम्परा क्रमशः विकसित समेत हुँदै आएर आज आधुनिक साहित्यका क्षेत्रमा आफ्नो स्वतन्त्र र विशिष्ट पहिचान बनाउन सक्षम भएको छ ।

पूर्वीय जगत्मा यात्रा-परम्परा अनादिकालदेखि प्रचलित हुँदै आएको पाइन्छ । पूर्वमा यात्रा वा पर्यटनलाई प्राचीनकालदेखि नै अत्यन्त महव दिइँदै आएको छ । हाम्रो सनातन धर्म र संस्कृतिमा यात्रालाई सामाजिक संस्कारको एक अङ्गकै रूपमा समेत लिएको पाइन्छ । वर्णाश्रम व्यवस्थामा ब्राह्मणकुमारहरूको सात वा आठ वर्षको उमेरमा उपनयन संस्कार गरिएपछि उनीहरू अध्ययनार्थ देशान्तर जाने र त्यहाँ गुरुकुलमा लामो समयसम्म बसेर ज्ञानार्जन गरी घर फर्केपछि गृहस्थाश्रममा प्रवेश गर्ने परम्परा नै थियो । त्यस प्राचीन परम्पराको अवशेषका रूपमा देशान्तर जाने नाउँमा व्रतबन्धका दिन उपनयन संस्कार सम्पन्न भएपछि वटु यज्ञको समाप्तिपूर्व नूतन वस्त्र धारण र सिंगारपटार समेत गरेर पितामातालाई ढोगी यज्ञमण्डपबाटै केही छिन नजिकको कुनै देवस्थलसम्म गएर फर्कने कर्मकाण्डी विधान हाम्रो समाजमा अद्यापि प्रचलित छ । त्यस्तै विवाह संस्कारका निम्ति हर्षबढाइँ गर्दै वरलाई साथमा लिएर वरको घरदेखि वधूको घरसम्म जाने बरियाँती वा जन्तीको लर्कोलाई 'वरयात्रा' तथा अन्तिम संस्कारका निम्ति मृतकलाई काँधमा बोकेर श्मशान वा चिहानसम्म जाने मलामीको

लर्कोलाई 'शवयात्रा' संज्ञा दिइँदै आएको छ अनादिकालदेखि नै हाम्रो सनातनी समाजमा ।

त्यस्तै संस्कृत साहित्यका वैदिक औपनिषदिक, पौराणिक र लौकिक/ललित ग्रन्थहरूमा यात्रागत चिन्तन र उन्मुक्त भावले यात्राको महिमागान गरिएको पाइन्छ तथा पौराणिक र आधुनिक काव्य एवं आख्यान-ग्रन्थहरूमा वस्तुपरक ढङ्गबाट गरिएका लामा-छोटा यात्रावर्णनको प्राचुर्य नै छ र तिनमा मानवजातिको सर्वतोमुखी समुन्नतिको सोपानका रूपमा यात्राको मह□व दर्शाइएको पाइन्छ । त्यसो हुँदा नेपाली यात्रासाहित्य लेखनका सन्दर्भमा परोक्षतः भए पनि संस्कृत यात्रावर्णनलाई स्रोतका रूपमा लिन सकिन्छ । अतः नेपाली यात्रासाहित्यको उद्‌भवका आधारभूत स्रोतसम्बन्धी अध्ययनका क्रममा यहाँ क्रमशः संस्कृत वाङ्मय, पाश्चात्य वाङ्मय एवं नेपाली वाङ्मयमा उपलब्ध यात्रासम्बन्धी चिन्तन र यात्रावर्णनसम्बन्धी सामग्रीबारे चर्चा गरिँदै छ ।

### १.१ संस्कृत वाङ्मयमा यात्रासम्बन्धी चिन्तन र यात्रावर्णन

(अ) संस्कृत साहित्यमा यात्रासम्बन्धी चिन्तन

(क) ऋग्वेदको ऐतरेय ब्राह्मण मा हरिश्चन्द्रपुत्र रोहितलाई सम्बोधन गर्दै ब्राह्मणवेशधारी इन्द्रबाट पाँचवटा श्लोकमा यात्राको महत्व निम्नानुसार वर्णन गरिएको छ र यात्राको निम्ति उत्प्रेरणा समेत जगाइएको छ–

"अविश्रान्त भावले यात्रा गरिरहने व्यक्तिहरूलाई नै श्री (सम्पत्ति) प्राप्त हुन्छ । विद्वान् र श्रेष्ठ व्यक्ति पनि सधैँ एकै ठाउँमा बसिरहँदा तुच्छ ठानिन्छन्, त्यसैले आफूलाई एक्लो र असहाय नठानी तिमी हिँडिरहू हिँडिरहू । यात्रामा प्रवृत्त हुँदा स्वयं इन्द्र नै तिम्रा सहायक हुनेछन् । भ्रमणशील व्यक्तिका तिघ्राहरू पुष्ट र गठिला हुन्छन् साथैयस यात्रारूपी पुण्यका प्रतापले उसका सारा पापहरू नष्ट हुन्छन्, त्यसैले तिमी हिँडिरहू हिँडिरहू । बसिरहने व्यक्तिको भाग्य पनि बसिदिन्छ, उठेका व्यक्तिको उठ्छ, सुतिरहने व्यक्तिको भाग्य सुतिदिन्छ र पर्यटनशील व्यक्तिको भाग्य दिन प्रतिदिन बढ्दै जान्छ । त्यसैले तिमी हिँडिरहू, हिँडिरहू । कलि सुतेको हुन्छ, द्वापर ब्यूँभै हुन्छ, त्रेता उठेको (उभिएको) हुन्छ र सत्य सदा सञ्चरणशील हुन्छ । त्यसैले तिमी हिँडिरहु हिँडिरहू । परिभ्रमणशील व्यक्तिले नै मह प्राप्त गर्दछन्, हिँडिरहने व्यक्तिलाई नै उदुम्बर (डुम्री) आदि स्वादिला फल प्राप्त हुन्छन्, अविश्रान्त रूपले अहोरात्र गतिमान् हुनाका कारणले नै सूर्य विश्ववन्दनीय छन् त्यसैले तिमी हिँडिरहू हिँडिरहू ।"[१]

(ख) श्रीमद्‌भागवत महापुराणमा "तीर्थक्षेत्रहरूको सेवा गर्दै पृथ्वीको पर्यटन गनार्ले पुण्य हुन्छ"[२] भनिएको छ ।

(ग) मत्स्य पुराणमा राजाहरूको यात्राका निम्ति २७ वटा श्लोकमा कालविधान प्रस्तुत छ ।[३] त्यस्तै मत्स्य पुराणमा नै यात्राकालीन मङ्गल-अमङ्गलसूचक शकुनहरूको वर्णन २८ वटा श्लोकहरूमा गरिएको छ ।[४]

(घ) बामन पुराणमा निर्विघ्नतापूर्वक अनेक वन, नदी र तीर्थहरूको भ्रमण गर्नका

---

१ सुधाकर मालवीय, सम्पा.,अनु., ऐतरेय ब्राजूमण, भाग २,सप्तपञ्चाशिका, तृतीयाध्याय, तृतीय खण्ड, ३३ । ३०, (वाराणसी : तारा प्रिन्टिंग वर्क्स २०४०), पृ.११५०–११५३ ।

२ वेदव्यास, श्रीमद्‌भागवत महापुराण (नवम स्कन्ध, हरिश्चन्द्रोपाख्यानम्, अध्याय ७, श्लोक १८), बाह्रौँ सं. (गोरखपुर : गोविन्द भवन कार्यालय, गीताप्रेस, वि.सं. २०५१), पृ. ३७२ ।

३ वेदव्यास, मत्स्यपुराण, श्रीराम शर्मा आचार्य, अनु.सम्पा., संशोधित सं. (बरेली : चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजाकुतुव, वेदनगर, ई. १९८८), पृ. ३२५(३३० ।

४ ऐ.पृ. ३३८(३४२ ।

५ वेदव्यास, वामनपुराण प्रथम खण्ड, श्रीराम शर्मा आचार्य, अनु. सम्पा., संशोधित सं. (बरेली: चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजा कुतुव वेदनगर ....), पृ........ ।

निम्ति उत्प्रेरित गरिएको छ ।[५]

(ङ) पञ्चतन्त्रमा जसले देशदेशावरको यात्रा गरेर अनेक प्रकारका भाषा र भेषभूषाहरूबारे जानकारी हासिल गर्दैन त्यसको जन्म निष्फल छ, भनिएको छ ।[६] पञ्चतन्त्रमा नै "कुनै पनि व्यक्तिलाई विद्या, वित्त, शिल्प आदि तबसम्म प्राप्त हुन सक्तैन, जबसम्म ऊ प्रसन्नतापूर्वक एक देशदेखि अर्को अर्को देश गर्दै पृथ्वीमा यात्रा गर्दैन" पनि भनिएको छ ।[७] त्यस्तै पञ्चतन्त्रमा नै "सर्वत्र गति हुने व्यक्ति स्वदेशको मोहले त्यहीं मात्र बसेर नष्ट हुन चाहँदैन,यो मेरा पिताले प्रयोग गर्ने गरेको कूवा हो भन्ने भावुकताको वशीभूत भएर त्यसै कूवाको खारा वा दूषित पानी त तुच्छ व्यक्तिहरू मात्र पिउँछन् ।"[८] भनी देश-देशान्तरको यात्राका निम्ति उत्प्रेरित गरिएको छ ।

(च) हितोपदेशमा "सिंहहरू सत्पुरुषहरू र हात्तीहरू आफ्नो थातथलो छाडेर अन्यत्र जान्छन्; कागहरू, कुत्सित व्यक्तिहरू र मृगहरू चाहिँ उही ठाउँमा मर्छन्" भनिएको छ ।[९]

(छ) संस्कृतका एक महाकवि महादेवले "देशाटन गर्नु, विद्वान्‌हरूसित मित्रता गर्नु, वेश्यालय जानु, राजसभामा प्रवेश गर्नु र अनेक शास्त्रहरूको अध्ययन-अवलोकन गर्नु यी पाँच कुरा चलाखीका मुख्य उपाय हुन् ।"[१०] भनेका छन् र ती पाँच कुराको उल्लेख गर्दा उनले देशाटनलाई प्रथम स्थानमा राखेका छन् । उपर्युक्त साहित्यिक कृतिहरूका अतिरिक्त संस्कृतका नीतिग्रन्थ र ज्योतिषशास्त्र सम्बन्धी ग्रन्थहरूमा पनि यात्राको महत्व दर्शाउने अनेक अभिव्यक्ति पाइन्छन् ।

(आ) संस्कृत साहित्यमा यात्रावर्णन

(क) ऋग्वेद संहिता, त्यसका ऐतरेय ब्राजूमण र शाङ्खायन वा कौषीतकि ब्राजूमण तथा अनेक उपनिषद्‌हरूमा यात्रा-लेखनको बीज पाइन्छ । यीमध्ये शाङ्खायन ब्राह्मण वा कौषीतकि ब्राह्मणमा संस्कृतको केन्द्र रहेको उदीच्य देशको भ्रमणप्रसङ्ग उल्लेख्य रूपमा प्रस्तुत छ ।[११]

वाल्मीकीय रामायण महाकाव्य बालकाण्डदेखि उत्तरकाण्डसम्म नै लामा-छोटा विविध यात्रा-प्रसङ्गहरूले भरिएको छ । रामको चौधवर्षे अवधिको वनवासकालका अनेक वनप्रान्तर एवं पर्वतीय स्थलका यात्रा, उपयात्रा-प्रसङ्गका साथै समुद्र तरेर गरिएको लङ्कायात्राको सुरम्य वर्णन यस सन्दर्भमा विशेष उल्लेख्य छ ।

महाभारतमा सभापर्वअन्तर्गत २५ औं अध्यायदेखि ३२ औं अध्यायसम्मको दिग्विजय पर्वमा अर्जुन आदिको वीरतापूर्ण दिग्विजय-यात्रा वर्णित छ ।[१२] वनपर्व अन्तर्गत ८० औं अध्यायदेखि १५६ औं अध्यायसम्मको तीर्थयात्रा पर्वमा पाण्डवहरूको विभिन्न तीर्थस्थलको यात्रावर्णन प्रस्तुत छ ।[१३] त्यस्तै, स्वर्गारोहण पर्वको पहिलो अध्यायदेखि पाँचौं वा अन्तिम अध्यायसम्म नै युधिष्ठिरद्वारा हिमालय हुँदै सशरीर गरिएको स्वर्गयात्राको

---

६ विष्णु शर्मा, पञ्चतन्त्रम् मित्रभेद खण्ड, श्लोक ४३० (दिल्ली : नरेन्द्र प्रकाश जैन, मोतीलाल बनारसीदास, ई. १९८८), पृ. २१५ ।

७ ऐ. श्लोक ४३१, पृ. ऐ ।

८ ऐ.श्लोक ३१० , पृ. ।

९ नारायण पण्डित, सङ्ग्रहकर्ता, हितोपदेश मित्रलाभ, श्लोक १०४, सं. सोह्रौं (वारणासीः चौखम्बा संस्कृत सीरिज, वि.सं. २०३९), पृ. ९३ ।

१० महाकवि महादेव, "सामान्यनीतिः" सुभाषितरत्न भाण्डागारम्, का. श्रीनाथ शर्मा पाण्डुरङ्ग, सम्पा., पाँचौं सं., प्रकरण ३, श्लोक ८६४ (मुम्बई : वासुदेव शर्मा पणशीकर, निर्णयसागर मुद्रणालय, ई. १९९१), पृ. १८० ।

११ श्रीराम शर्मा अधिकारी वेदाचार्य, "ऋग्वेदका परिचय एवं वैशिष्ट्य", कल्याण, वर्ष ७३, संख्या १-२, वेदकथाङ्क (गोरखपुर : गोविन्द भवन कार्यालय, गीताप्रेस, ईं १९९९ जनवरी), पृ. १६२ ।

१२ वेदव्यास, महाभारत, प्रथम खण्ड, रामनारायण दत्त शास्त्री, पाण्डेय 'राम' अनु. सातौं सं., (गोरखपुर : गोविन्द भवन कार्यालय, गीताप्रेस, वि.सं. २०५३), पृ. ७४१-७६६ ।

१३ ऐजन, द्वितीय खण्ड, पृ. ११६९-१३८० ।

१४ ऐजन, षष्ठ खण्ड, पृ. ६४९३-६५०८

बयान पाइन्छ ।[१४]

श्रीमद्‌भागवत महापुराणको दशम स्कन्धमा कृष्णले गरेका विविध स्थानको यात्रा-प्रसङ्गको उल्लेख पाइन्छ भने दशम स्कन्धको उत्तरार्द्धको ७९ औं अध्यायमा बलरामद्वारा गरिएको उत्तर र दक्षिण भारतका विभिन्न तीर्थस्थलहरूको यात्रा-प्रसङ्ग "बलदेव तीर्थयात्रा निरूपण" नामले नै वर्णित छ ।[१५]

वामन पुराणमा प्रह्लादद्वारा गरिएको उत्तर भारतका क्रमशः नैमिषारण्य, गया, सरयू, विपाशा, अवन्तीनगरी, निषध, अश्वतीर्थ, पाञ्चाल, प्रयाग, वाराणसी, मधुवन, पुष्कर ारण्य, रुद्रकोटितीर्थ, सोमतीर्थ, कुरुध्वज, पद् माक्षी, कालञ्जर, नीलतीर्थ, प्रभास, महालय, उत्तरकुरु, सप्तगोदावर, दारुवन, कुण्डिन, मागधारण्य, शोण, कनखल, व्रज, कामरूप, त्रिकूट, दण्डकवन, सर्वपापनाशक श्रेष्ठतीर्थ र शालग्राम आदिसम्मका ञउत्तरभारतीय तीर्थक्षेत्रहरूको यात्राको वर्णन प्रथम र द्वितीय भाग गरी अनुष्टुप छन्दका जम्मा ८३ श्लोकमा प्रस्तुत छ ।[१६]

स्कन्द पुराणको हिमवत् खण्डको नेपाल महात्म्यमा कृष्णले प्रद्युम्न आदि छोराहरूका साथ गरेका नेपालको उत्तरी प्रदेशका विविध तीर्थहरूको यात्राको बयान 'प्रद्युम्नको तीर्थयात्रा' नाउँले प्रस्तुत छ ।[१७] स्कन्द पुराणको उक्त खण्ड र महात्म्यमा कृष्णले नै छोरा प्रद्युम्न, अन्य सिद्ध देवता र ऋषिमुनिहरूका साथ गरेको तीर्थयात्रा 'श्रीकृष्णको तीर्थयात्रा' नाउँले वर्णित छ ।[१८]

मत्स्य पुराणमा 'सावित्री उपाख्यान'अन्तर्गत सावित्रीद्वारा पति सत्यवान् सित गरिएको वनयात्रा सुरम्य प्रकृति-चित्रणका साथ सजीव रूपले वर्णित छ ।[१९]

कूर्म पुराणमा महर्षि वेदव्यासले जैमिनि आदि आफ्ना मुख्य मुख्य शिष्यहरूका साथ गरेको मन्दाकिनी नदीको तटवर्ती मध्यमेश्वरदेखि प्रयाग, गया, प्रभास र वाराणसीसम्मका अनेक तीर्थहरूको भ्रमण-प्रसङ्ग उल्लिखित छ ।[२०]

यसरी रामायण, महाभारत र पुराणहरूमा यात्रावर्णन यत्रतत्र पाइन्छ नै उत्तरवर्ती ललित काव्य र आख्यान ग्रन्थहरू पनि यस सन्दर्भमा उल्लेख्य छन् ।

कालिदासको रघुवंश महाकाव्यको प्रथम सर्गमा सन्ततिविहीताको पीडाले व्यथित राजा दिलीप त्यसको कारण थाहा पाउने र दोष निवारण गर्ने उद्देश्यले रानी सुदक्षिणाका साथ रथमा चढेर कुलगुरु वशिष्ठका आश्रमतर्फ जाँदाको प्रसङ्ग जीवन्त रूपले वर्णित छ ।[२१] रघुवंशकै द्वितीय सर्गमा राजा दिलीप सन्ततिप्राप्तिका लागि यज्ञधेनु नन्दिनीको सेवा गर्ने क्रममा उनलाई चराउन कैयौं दिन आश्रमदेखि वन र वनदेखि आश्रम जाँदा-आउँदाको प्रसङ्ग अत्यन्त सजीव र मनमोहक प्रकृतिवर्णनसहित प्रस्तुत छ ।[२२] त्यस्तै उक्त महाकाव्यकै चतुर्थ सर्गमा दिलीपपुत्र रघुको दिग्विजय यात्रा-प्रसङ्ग वर्णित छ ।[२३] भारविको

---

१५ श्रीमद्‌भागवत महापुराण, छैठौं सं., (गोरखपुर : घनश्याम दास जालान, गीताप्रेस, वि.सं. २०१०), पृ. ६३७–६३८ ।

१६ वेदव्यास, वामन पुराण, द्वितीय खण्ड, श्रीरामजी शर्मा आचार्य, सम्पा. संशोधित संस्करण, (बरेली : चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजाकुतुब, (वेदनगर), इ. १९८७), पृ. ३५२–३६७ ।

१७ वेदव्यास, स्कन्द पुराण, हिमवत् खण्ड भाषा, नेपाल महात्म्य, अध्याय १७०, काशी : योगप्रचारिणी, गोरक्षटीला, २०१३), पृ. ३३८–३४० ।

१८ ऐजन, अध्याय १८२, पृ. ३५४–३५७ ।

१९ वेदव्यास, मत्स्य पुराण, द्वितीय खण्ड, श्रीरामजी शर्मा आचार्य, सम्पा. संशोधित संस्करण, (बरेली : चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजाकुतुब, (वेदनगर, इ. १९८८), पृ. २१९–२२५ ।

२० राधेश्याम खेमका, कल्याण, वर्ष ७१ सङ्ख्या १ कूर्मपुराणाक्त (गोरखपुर : केशोराम अग्रवाल, गोविन्द भवन कार्यालय, गीताप्रेस, इ. १९९७ जनवरी–फरवरी), पृ. १७३–१७५ ।

२१ कालिदास, रघुवंश महाकाव्य, ब्रह्मशक्तर मिश्र, साहित्यशास्री, सं. अनुल्लिखित, (वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस, प्रकाशन वर्ष, अनुल्लिखित), पृ. ३०–४१ ।

२२ ऐजन, द्वितीय सर्ग, ऐ., पृ. १–८४ ।

२३ ऐजन, चतुर्थ सर्ग, ऐ., पृ. २०७–२६३ ।

किरातार्जुनीय महाकाव्यको तृतीय सर्गको ५९ औं श्लोकदेखि लिएर षष्ठ सर्गको १८ औं श्लोकसम्ममा कौरवसितको भावी युद्धमा विजयप्राप्तिका लागि तपस्याद्वारा इन्द्रलाई प्रसन्न तुल्याएर उनबाट दिव्यास्त्र प्राप्त गर्ने उद्देश्यले हिमालयको फेदीमा अवस्थित 'इन्द्रकील'नामक पर्वततर्फ कुवेरको भृत्य यक्षका साथ गरिएको अर्जुनको यात्राको वर्णन अत्यन्त सजीव र मनोहारी ढङ्गबाट भएको पाइन्छ।[२४] उसैगरी दण्डीको दशकुमार चरित नामक आख्यान-ग्रन्थमा दश जना कुमारहरूका विविध यात्राको बयान पाइन्छ। गुणाढ्यको वृहत्कथा, सोमदेव भट्टको कथासरित्सागर, वाणभट्टको कादम्बरी, अम्बिकादत्त व्यासको शिवराजविजय आदि आख्यान-ग्रन्थहरूका पनि विविध स्थलमा विभिन्न पात्रका यात्राको सुन्दर वर्णन पाइन्छ। जसमध्ये शिवराजविजयको प्रथम विरामको प्रथम निश्वासमा ऐतिहासिक आख्यान-नायक शिवाजीको विश्वासप्राप्त रघुवर सिंह नामक सोह्र वर्षीय गुप्तचर नवयुवक उनको पत्र लिएर सन्ध्याकालमा घोडा चढेर प्रचण्ड झञ्झावातमा सिंहदुर्गदेखि तोरणदुर्ग जाँदाको विकट यात्रावर्णन छोटो भए पनि उल्लेखनीय छ।[२५]

संस्कृत साहित्यमा उपर्युक्त ग्रन्थहरूका अतिरिक्त अन्य पनि नाना ग्रन्थहरूमा यात्रावर्णन उपलब्ध छ। कालिदासको मेघदूत नामक काव्यमा पूर्वोक्त ग्रन्थहरूमा जस्तो कुनै मानवीय र चेतन पात्रको यात्रावर्णन नै नपाइए पनि यस सन्दर्भमा उक्त काव्यको चर्चा अपरिहार्य देखिन्छ, किनभने दुई खण्डमा विभाजित यस कृतिको पूर्वखण्ड पूर्णतया यात्राप्रसङ्गमा नै केन्द्रित छ। यसमा यात्राकारका रूपमा जडपात्र मेघलाई प्रस्तुत गरेर उत्तर भारतका महत्वपूर्ण अनेक नगर, स्थान, नदी, पर्वत र गङ्गोद्गम हिमालय हुँदै क्रौन्च पर्वत, कैलाश पर्वत, मानसरोवर र अलकापुरीसम्मको यात्राका निम्ति तत्तत् स्थानको सौन्दर्य र वैशिष्ट्यहरूको चर्चासहित सजीव र मनोहारी ढङ्गबाट मार्गनिर्देश गरिएको छ।[२६] मत्स्य पुराणको 'हिमवद्वर्णन'[२७] र 'कैलाशवर्णन'[२८] कालिदासको कुमारसम्भव महाकाव्यको प्रथम सर्गमा प्रस्तुत हिमालयवर्णन[२९] पनि यस सन्दर्भमा स्मरणीय छन्। यात्रावर्णन नै नभएर तत् तत् स्थलका प्राकृतिक सौन्दर्य र वैशिष्ट्यको मात्र वर्णन भए पनि वर्णनको क्रमबद्धता र सजीवताका कारणबाट तिनमा यात्रानुभूतिको छनक पाइन्छ। यस प्रकार संस्कृत साहित्यका वैदिक र लौकिक दुवै किसिमका ग्रन्थहरूमा उन्मुक्त भावले यात्राको महत्व दर्शाइएको वा यात्रावर्णन गरिएको पाइए पनि अधुनातन विश्वसाहित्यमा यात्रासाहित्यका रूपमा अर्थिने स्वतन्त्र गद्य रूपको भनूँ वा निजी यात्रानुभवहरूलाई यात्राकार स्वयंद्वारा आत्मपरक रागानुभूतिका साथ समन्वित तुल्याएर निजात्मक शैलीमा प्रस्तुत गरिने प्रकारको यात्रा-लेखनको भने नितान्त अभाव देखिन्छ।

## १.२ पाश्चात्य साहित्यमा यात्रावर्णन

पूर्वीय जगत्मा जस्तै पाश्चात्य जगत्मा पनि यात्रा वा भ्रमणप्रति अभिरुचि प्राचीन कालदेखि नै रहेको पाइन्छ र अनेक प्रकारका यात्रापरक कृति लेखिन थालेको देखिन्छ। कालक्रमका दृष्टिले पूर्वीय र पाश्चात्य

२४ भारवि, किरातार्जुनीयम् महाकाव्य, शोभित मिश्र (सम्पा.), चतुर्थ सं. (वाराणसी : चौखम्बा संस्कृत सीरीज, वि.सं. २०१८), पृ. ७८-१२५।
२५ अम्बिकादत्त व्यास, शिवराज विजय, पुनर्मुद्रण, (वाराणसी : व्यास प्रकाशन, इ. १९९३), पृ. १६२-१७०।
२६ कालिदास, मेघदूत, संस्करण अनुलिखित, (मुम्बई : क्षेमराज श्रीकृष्णदास, श्री बेक्तटेश्वर यन्त्रालयाध्यक्ष, वि.सं. १९६५), पृ. ५-५८।
२७ वेदव्यास, मत्स्य पुराण, प्रथम खण्ड, पूर्ववत्, पृ. ३९०-३९४।
२८ ऐजन, पृ. ३९४-४०८।
२९ कालिदास, कुमारसम्भव महाकाव्य, सप्तम सर्गान्त, सीताराम सहगल, (अनु. सम्पा.), संस्करण अनुल्लिखित, (जालन्धर : नवयुग प्रकाशन, इ. १९५९), पृ. ३-४।

साहित्यमा उपलब्ध सामग्रीहरूको अध्ययनका आधारमा पाश्चात्य साहित्यमा यात्राविषयक लेखनको प्रयास पूर्वीय साहित्यमा भन्दा केही पछि मात्र हुन थालेको देखिन्छ ।

पाश्चात्य साहित्यमा यात्रावर्णनको प्रारम्भविन्दुका रूपमा पौसानियसद्वारा लिखित हेलाडस पेरिजेसिस या युनानी दिग्दर्शन इ. दोस्रो शताब्दीलाई लिन सकिन्छ ।[३०] त्यसपछिका प्राचीन यात्रा-पुस्तकमा गिराल्डस क्याम्ब्रेनसिसको कोइटिनररियम क्याम्ब्रिय (इ. ११८८ तिर), सर जोन मान्डेभिलका यात्राहरू (इ.१४९६ मा प्रकाशित), रुडोल्फ रायस्पको बायरन मुन्चौसनको चमत्कारी यात्रावर्णन (र. १७८५) आदि देखिन्छन् ।[३१] पश्चिममा अन्वेषक, धार्मिक यात्री, कूटनीतिज्ञ, चिकित्सक, फौजी र नाविक आदि विविध क्षेत्रका यात्रीहरूबाट यात्रापरम्परा अघि बढेको पाइन्छ । साथै जे.ए.कड्डनको डिक्सनरी अफ लिटरेरी टर्म्स तथा जोसेफ टी. सिप्लेको डिक्सनरी अफ वर्ल्ड लिटरेचरका अनुसार देश-विदेशका पथप्रदर्शकहरूद्वारा यात्राको टिपोट राख्ने प्रचलनबाट यात्रासम्बन्धी तथ्यहरूको टिपोट र स्मृतिका आधारमा समेत तिनै संवेदनशील, चिन्तनशील, अनुभूतिशील, एवं सृजनात्मक प्रतिभासम्पन्न यात्रीहरूद्वारा कलात्मक लेखनको रूप प्रदान गरेर यात्रासाहित्य लेखनको आरम्भ भएको ज्ञात हुन्छ ।[३२] यस सन्दर्भमा भीष्म उप्रेतीले पनि यस्तै अभिव्यक्ति प्रकट गरेको पाइन्छ ।[३३] पाश्चात्य साहित्यमा अठारौं शताब्दीअघिसम्म यथार्थपरक र अनुभूत यात्रात्मक कृतिहरूको सृजनभन्दा प्रायः कल्पित र रोमाञ्चक यात्रापरक कृतिहरूको लेखन नै हुने गरेको ज्ञात हुन्छ ।[३४] अठारौं शताब्दीपछि पूर्णतः यथार्थमूलक र लेखक स्वयंद्वारा अनुभूत यात्रा-लेखन अघि बढ्दै गएर प्राकृतिक सौन्दर्यावलोकन, उन्मुक्त वा स्वच्छन्द भ्रमण वा यात्रानन्दका निम्ति यात्राका उद्देश्यले अभिप्रेरित स्थलयात्रा, जलयात्रा र पर्वतयात्रा आदि विविध विषयक विशुद्ध यात्रासाहित्यिक कृतिहरूको लेखन र प्रकाशनले राम्रो गति लिन थालेको पाइन्छ ।[३५]

यस्तो उन्मुक्त यात्रासाहित्यिक अभिरेखाङ्कन गर्ने प्रथम कृतिका रूपमा भोयाग एन अमेरिक (इ. १८२७) पुस्तकलाई मानेको पाइन्छ ।[३६]

पाश्चात्य यात्रा-लेखन पौर्वात्य लेखन जस्तै कल्पनाश्रित हुँदै यथार्थको सन्निकट पुगेको भए पनि त्यस क्रममा पौर्वात्यलाई उछिनेर यसले द्रुतगतिमा आधुनिक रूप प्राप्त गरेको पाइन्छ ।[३७] पश्चिममा अन्वेषक, धार्मिक यात्री, कूटनीतिज्ञ, चिकित्सक, फौजी र नाविक आदि विविध क्षेत्रका यात्रीहरूबाट यात्रापरम्परा अघि बढेको पाइन्छ । जे.ए.कड्डनको डिक्सनरी अफ लिटरेरी टर्म्स तथा जोसेफ टी. सिप्लेको डिक्सनरी अफ वर्ल्ड लिटरेचर का अनुसार देश-विदेशका पथप्रदर्शकहरूद्वारा यात्राको टिपोट राख्ने प्रचलनबाट यात्रासम्बन्धी तथ्यहरूको टिपोट र स्मृतिका आधारमा समेत तिनै संवेदनशील, चिन्तनशील, अनुभूतिशील, एवं सृजनात्मक

---

३० भिक्टर प्रधान, यात्रा-(भ्रमण)-साहित्य, नेपाली साहित्य कोश (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, वि.सं. १९५५), पृ. ६७६ ।

३१ ऐजन ।

३२ ऐजन ।

३३ भीष्म उप्रेती, "यात्रा निबन्धको विकास र वर्तमान स्थिति", मधुपर्क, वर्ष ३१, अत्त १०, पूर्णात्त ३५६, (काठमाडौं : गोरखापत्र संस्थान, २०५५ फागुन), पृ. ७ ।

३४ होमनाथ सुवेदी, सैद्धान्तिक आधारमा नेपाली यात्रा साहित्यको मूल्याङ्कन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (काठमाडौं : त्रि.वि.ने.के.वि. कीर्तिपुर, २०३८), पृ. २४ ।

३५ होमनाथ सुवेदी, ऐजन, पृ. २३ ।

३६ होमनाथ सुवेदी, ऐजन, पृ. २३ ।

३७ होमनाथ सुवेदी, ऐजन, पृ. २४ ।

प्रतिभासम्पन्न यात्रीहरूद्वारा कलात्मक लेखनको रूप प्रदान गरेर यात्रासाहित्य लेखनको आरम्भ भएको ज्ञात हुन्छ ।[३८] यस सन्दर्भमा भीष्म उप्रेतीले पनि यस्तै अभिव्यक्ति प्रकट गरेको पाइन्छ ।[३९] पाश्चात्य साहित्यमा अठारौं शताब्दीअघिसम्म भने यथार्थपरक र अनुभूत यात्रात्मक कृतिहरूको सृजनभन्दा प्रायः कल्पित र रोमाञ्चक यात्रापरक कृतिहरूको लेखन नै हुने गरेको ज्ञात हुन्छ ।[४०] अठारौं शताब्दीपछि पूर्णतः यथार्थमूलक र लेखक स्वयंद्वारा अनुभूत यात्रा-लेखन अघि बढ्दै गएर प्राकृतिक सौन्दर्यावलोकन, उन्मुक्त वा स्वच्छन्द भ्रमण वा यात्रानन्दका निम्ति यात्राका उद्देश्यले अभिप्रेरित स्थलयात्रा, जलयात्रा र पर्वतयात्रा आदि विविध विषयक विशुद्ध यात्रासार्हित्यिक कृतिहरूको लेखन र प्रकाशनले राम्रो गति लिन थालेको पाइन्छ ।[४१]

### १.३. धार्मिक, ऐतिहासिक र साास्कृतिक यात्रा-प्रसङ्ग

संस्कृत वाङ्मयका वेद, उपनिषद्, रामायण, महाभारत, पुराण र ललित साहित्यमा उपलब्ध यात्रा-प्रसङ्गहरूका अतिरिक्त नेपालका धार्मिक, ऐतिहासिक र साँस्कृतिक प्रसङ्गहरूमा दृष्टिपात गर्दा पनि अनेक महत्वपूर्ण यात्रा-प्रसङ्ग उपलब्ध हुन्छन् ।

लुम्बिनी र कपिलबस्तु गौतम बुद्धको जन्मस्थल एवं पारिवारिक मूल स्थल हुनाका नाताले विश्वका सम्पूर्(ा बौद्ध धर्मावलम्बीहरूको परम पवित्र तीर्थस्थलका रूपमा प्राचीन कालदेखि नै नेपालको ख्याति रहेको हुँदा इसापूर्व ........शताब्दीमा सम्राट् अशोक नेपाल आएर उनले लुम्बिनीमा स्तम्भ राखेका थिए । त्यो कालान्तरमा धराशायी अवस्थामा पुगेको भए पनि अद्यापि छँदै छ । चिनियाँ बौद्ध भिक्षु फाहियान तीर्थयात्रीका रूपमा भारत हुँदै नेपालका कपिलबस्तु, लुम्बिनी र रामग्राम आदि स्थानहरूमा आएको प्रसङ्ग उनको यात्राविवरणबाट प्रमाणित छ ।[४२] अर्का सुप्रसिद्ध चिनियाँ यात्री ह्वेन् त्साङ्गले आफ्नो यात्रावृत्तान्तमा नेपालको चर्चा गरेको पाइन्छ ।[४३] एघारौँ शताब्दीमा भारतका अतिशा (बौद्ध धर्माचार्य) र तेह्रौँ शताब्दीमा भिक्षु धर्मस्वामी एवं विभूतिचन्द्र नेपाल भ्रमणमा आएका थिए । लिच्छविवंशको शासनकालदेखि नेपालीहरू वाणिज्य-व्यापारका निम्ति भोट जाने गरेको र लिच्छविकालमा नै चीन, तिब्बत र भारतका अनेक यात्रीहरू तीर्थयात्राका अतिरिक्र नेपालका विद्वान्‌हरूसित अध्ययन गर्न, यहाँका साँस्कृतिक गतिविधिहरूबारे जानकारी लिन र व्यापारिक सम्बन्ध सुदृढ पार्ने जस्ता विविध उद्देश्यले नेपालमा आउने जाने गर्दथे ।[४४] तेह्रौँ शताब्दीमा नेपााली कलाकार बलबाहु (अरनिको) नेपाली कलाको प्रचार गर्न असी सदस्यीय कलाकारमण्डलको नेतृत्व गर्दै तिब्बतको राजधानी ल्हासाको बाटो गरी चीन गएका थिए । यी र यस्ता अनेक प्रसङ्गहरू यस सन्दर्भमा स्मरणीय छन् ।

त्यस्तै प्राचीन कालमा सम्राट् अशोककी छोरी चारुमती नेपाल-भारतको साँस्कृतिक

---

३८ ऐजन ।

३९ भीष्म उप्रेती, "यात्रा निबन्धको विकास र वर्तमान स्थिति", मधुपर्क, वर्ष ३१, अक्त १०, पूर्णाक्त ३५६, (काठमाडौं : गोरखापत्र संस्थान, २०५५ फागुन), पृ. ७ ।

४० होमनाथ सुवेदी, सैद्धान्तिक आधारमा नेपाली यात्रा साहित्यको मूल्याङ्कन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, (काठमाडौं : त्रि.वि.ने.के.वि. कीर्तिपुर, २०३८), पृ. २४ ।

४१ होमनाथ सुवेदी, ऐजन, पृ. २३ ।

४२ जगन्मोहन बर्मा, चीनी यात्री फाहियानका यात्राविवरण, (बनारस सिटी : चौधरी एन्ड सन्स, (संस्करण र प्रकाशन वर्ष अनुल्लिखित), पृ. ४७-५१।

४३ दयाराम श्रेष्ठ र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, दो.सं. (काठमाडौँ : साझा प्रकाशन, २०४०), पृ. २०८ ।

४४ ऐजन, पृ. ऐजन ।

सम्बन्धको अक्षुण्णताका निम्ति वैवाहिक सम्बन्ध स्थापना गरेर नेपाल आएको र गरी नेपाली सम्राट् अंशुबर्माकी छोरी भृकुटी धार्मिक-साँस्कृतिक विस्तारका लागि तिब्बतका राजा स्रङ्चङ् गम् पोसित वैवाहिक सम्बन्ध स्थापना गरेर तिब्बत-चीन गएका प्रसङ्गहरू इतिहास प्रसिद्ध नै छन् ।

नेपाल र भारत दुवै देशमा हिन्दूधर्मावलम्बी र बौद्धधर्मावलम्बीहरूका साझा तीर्थस्थल हुनाका कारणले र साथै भौगोलिक, सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक, व्यापारिक एवं राजनैतिक दृष्टिले समेत निकटतम रहेका हुनाले नेपाली र भारतीय जनताद्वारा एक-अर्काको मुलुकमा सद्भावनापूर्ण धार्मिक, साँस्कृतिक, शैक्षिक व्यावसायिक आदि विभिन्न उद्देश्यले यात्रा गरिने परम्परा सुदीर्घ कालदेखि अद्यपर्यन्त प्रचलित छ । उसै गरी हिन्दूहरूको महान् तीर्थ कैलाश-मानसरोवर भौगोलिक दृष्टिले हिमालपारि तिब्बतमा अवस्थित भए पनि नेपाली र भारतीय हिन्दूधर्मावलम्बीहरूको कैलाश-मानसरोवरको कष्टसाध्य धार्मिक यात्राको परम्परा पनि उत्तिकै पुरानो हो र अद्यापि प्रचलित नै छ ।

उपर्युक्त प्रसङ्गहरूका अतिरिक्त प्राचीन कालीन नेपालको कर्णाली प्रदेशका आदित्य मल्ल, पुण्य मल्ल, पृथ्वी मल्ल, समाल साई, भान साई, गगनिराज आदि खस राजाहरू राज्य सञ्चालन गर्ने र राज्यको सीमा विस्तार गर्ने क्रममा अनेकानेक प्रदेशमा पुगेका तथ्य र प्रमाण तत् तत् स्थानमा राखिएका तिनका शिलापत्र, ताम्रपत्र, कनकपत्र आदि अभिलेखका साथै ती राजाहरूसित सम्बन्धित लोकगाथा या भारत आदिबाट स्पष्ट हुन्छ । स्वयं यात्राप्रिय नेपाली लोकजीवन, तिनका धार्मिक, साँस्कृतिक, व्यावसायिक, व्यापारिक, शैक्षिक यात्रा, प्राकृतिक रहस्यहरूविषयक खोजमूलक यात्रा तथा उल्लास-आनन्दका निम्ति गरिने स्वच्छन्द यात्रा आदि सभ्यताको आरम्भ कालदेखिका असङ्ख्य यात्रैयात्राले भरिएको नेपाली लोकसाहित्यको भण्डार तथा अनेक शासक, प्रशासक र सैन्यहरूका वीरतापूर्ण युद्धयात्रा, विजययात्रा र सिकारयात्राले परिपूर्ण लोकगाथाहरू अनि तिनका साक्षी-प्रमाणका रूपमा असङ्ख्य भुर्जपत्र, शिलापत्र, ताम्रपत्र र कनकपत्रहरूमा सुरक्षित अभिलेखहरूको यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण स्थान रहेको छ ।

यस प्रकार आधुनिक विश्वसाहित्यमा यात्रासाहित्यका रूपमा अर्थिने प्रकारको अर्थात् यात्री स्वयंद्वारा आफ्ना यात्रानुभवहरूलाई आत्मरागको समन्वयका साथ निजात्मक शैलीमा प्रस्तुत गरिने स्वतन्त्र गद्य रूप संस्कृतका वैदिक, औपनिषदिक, पौराणिक र लौकिक/ललित कुनै पनि साहित्यमा उपलब्ध नभएपनि नेपाली यात्रासाहित्यको उद्भवका आधारभूत स्रोतका रूपमा संस्कृत वाङ्मयलाई प्रमुख स्रोतका रूपमा लिन सकिन्छ । साथै पाश्चात्य साहित्यको विशेष सम्पर्क र प्रभावबाट नेपाली यात्रात्मक लेखनले यात्रासाहित्यको विधात्मक रूप प्राप्त गरेको हो भन्न सकिन्छ । संस्कृत साहित्यका वैदिक र लौकिक दुवै किसिमका ग्रन्थहरूमा उन्मुक्त भावले यात्राको महत्व दर्शाइएको वा यात्रावर्णन गरिएको पाइए पनि निजी यात्रानुभवहरूलाई यात्राकार स्वयंद्वारा आत्मपरक रागानुभूतिका साथ समन्वित तुल्याएर निजात्मक शैलीमा प्रस्तुत गरिने प्रकारको यात्रावर्णनको वा अधुनातन विश्वसाहित्यमा यात्रासाहित्यका रूपमा अर्थिने स्वतन्त्र गद्य रूप भने संस्कृत साहित्यमा उपलब्ध नभएको हुँदा त्यस्तो आत्मपरक लेखनको परम्परा संस्कृत वाङ्मयमा नरहेको तथ्य टड्कारै स्पष्ट हुन्छ । संस्कृत साहित्यका स्रष्टाहरूले आफ्ना यात्रागत विचार, मनोगुम्फन र समस्त अनुभव-अनुभूतिलाई आफ्ना कल्पित पात्रहरूका माध्यमबाट काव्य र आख्यानग्रन्थहरूमा नै प्रस्तुत गरेको पाइन्छ । यसो हुनुमा संस्कृत साहित्यपरम्परामा स्रष्टाहरूको आत्मगोपनको प्रवृत्ति नै प्रमुख कारकका रूपमा रहेको प्रतीत हुन्छ ।

## २. उपसंहार

यस लेखमा नेपाली यात्रासाहित्यको उद्भवका आधारभूत स्रोतसम्बन्धी अध्ययनका क्रममा संस्कृत वाङ्मय, पाश्चात्य वाङ्मय र नेपाली वाङ्मयमा उपलब्ध सामग्रीहरूका बारेमा मोटामोटी रूपले चर्चा गरियो । त्यसका आधारमा पूर्वीय जगत्मा अनादिकालदेखि प्रचलित यात्रा-परम्परा, संस्कृत वाङ्मयका वैदिक, औपनिषदिक, पौराणिक र ललित साहित्यअन्तर्गतका अनेक काव्य र आख्यान-ग्रन्थहरूमा चिरकालदेखि प्रस्तुत हुँदै आएका यात्राविषयक चिन्तन, अनुभवाश्रयी र कल्पनाश्रयी सजीव एवं आकर्षक वस्तुपरक यात्रावर्णनहरूका साथै यात्राप्रिय नेपाली लोकजीवन र समृद्ध नेपाली लोकसाहित्य एवं विभिन्न प्रकारका शासकीय यात्राअभिलेखहरूलाई नेपाली यात्रासाहित्यको उद्भवका आधारभूत स्रोतका रूपमा लिन सकिन्छ । साथै नेपाली यात्रा-लेखनको परम्परा यसरी क्रमशः विकसित समेत हुँदै आएर आधुनिक कालीन पाश्चात्य साहित्यको विशेष सम्पर्क र प्रभावबाट समेत अधुनातन विश्वसाहित्यमा विधागत रूपले नव्य गद्य लेखनको एक भेदका रूपमा अर्थिने 'यात्रासाहित्य' को स्वरूप प्राप्त गरी यो लेखन आज आधुनिक साहित्यका क्षेत्रमा आफ्नो स्वतन्त्र र विशिष्ट पहिचान बनाउन सक्षम भएको छ ।

सन्दर्भसामग्री :


१ अधिकारी, श्रीराम शर्मा वेदाचार्य, "ऋग्वेदका परिचय एवं वैशिष्टच", कल्याण, वर्ष ७३, संख्या १-२, वेदकथाक्त ( गोरखपुर : गोविन्द भवन कार्यालय, गीताप्रेस, इ. १९९९ जनवरी), पृ. १६२ ।

२ उपाध्याय, वेदव्यास, नेपाली यात्रासाहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध,

३ काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०६६ ।

४ उप्रेती, भीष्म, "यात्रा निबन्धको विकास र वर्तमान स्थिति", मधुपर्क, वर्ष ३१, अक्त १०, पूर्णाक्त ३५६, (काठमाडौँ : गोरखापत्र संस्थान, २०५५ फागुन), पृ. ७ ।

५ कालिदास, कुमारसम्भव महाकाव्य, सप्तम सर्गान्ति, सीताराम सहगल, (अनु. सम्पा.), संस्करण अनुल्लिखित, (जालन्धर : ४नवयुग प्रकाशन, इ. १९५९ ।

६ कालिदास, रघुवंश महाकाव्य, ब्रह्मशक्तर मिश्र, साहित्यशास्री, सं. अनुल्लिखित, (वाराणसी : चौखम्बा संस्कृत सीरीज अफिस,प्रकाशन वर्ष, अनुल्लिखित ।

७ कालिदास, मेघदूत, संस्करण अनुलिखित, मुम्बई : क्षेमराज श्रीकृष्णदास, श्री बेक्तटेश्वर यन्त्रालयाध्यक्ष, १९६५ ।

८ खेमका, राधेश्याम, कल्याण, वर्ष ७१ सङ्ख्या १ कूर्मपुराणाक्त (गोरखपुर : केशोराम अग्रवाल, गोविन्द भवन कार्यालय, गीताप्रेस, इ. १९९७ जनवरी-फरवरी), पृ. १७३-१७५ ।

९ बर्मा, जगन्मोहन, चीनी यात्री फाहियानका यात्राविवरण, (बनारस सिटी : चौधरी एन्ड सन्स, (संस्करण र प्रकाशन वर्ष अनुल्लिखित), पृ...............।

१० भिक्टर प्रधान, यात्रा-(भ्रमण)-साहित्य, नेपाली साहित्य कोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, कमलादी, २०५५), पृ. ६७६ ।

११ भारवि, किरातार्जुनीयम् महाकाव्य, शोभित मिश्र (सम्पा.),चतुर्थ सं., वाराणसी : चौखम्बा संस्कृत सीरीज, वि.सं. २०१८ ।

१२ वेदव्यास, श्रीमद्भागवत महापुराण, छैठौं सं., गोरखपुर : घनश्याम दास जालान, गीताप्रेस, वि.सं. २०१० ।

१३ वेदव्यास, स्कन्द पुराण, हिमवत् खण्ड भाषा, नेपाल महात्म्य, अध्याय १७०, काशी : योगप्रचारिणी, गोरक्षटीला, २०१३ ।

१४ वेदव्यास, वामन पुराण, द्वितीय खण्ड, श्रीरामजी शर्मा आचार्य, सम्पा. संशोधित संस्करण, बरेली : चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजाकुतुब, वेदनगर, इ. १९८७ ।

१५ वेदव्यास, मत्स्य पुराण, द्वितीय खण्ड, श्रीरामजी शर्मा आचार्य, सम्पा. संशोधित संस्करण, बरेली : चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजाकुतुब, वेदनगर, इ. १९८८ ।

१६ वेदव्यास, महाभारत, प्रथम खण्ड, रामनारायण दत्त शास्त्री, पाण्डेय 'राम' अनु. सातौं सं., गोरखपुर : गोविन्द भवन कार्यालय, गीताप्रेस, २०५३ ।

१७ व्यास, अम्बिकादत्त शिवराज विजय, पुनर्मुद्रण, वाराणसी : व्यास प्रकाशन, इ. १९९३ ।

१८ श्रेष्ठ दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०४० ।

• sljtf

# जङ्गे पिलर

– डिल्लीराज अर्याल

जङ्गे पिलर यो नाम रचेको कसले थियो ?
कुन उद्देश्य राखेर गाडेको कसले थियो ?
केटाकेटीहरू खेल्ने कि त्यो डण्डीबियो थियो
कि त्यो लौरी महारेका गाई धपाउने थियो ?

के कोलमा घुसारेर राखेको त्यो बियो थियो ?
के नखाँदी खलामाथि ठड्याएको मियो थियो ?
अड्याउँदा कि माटोमा राम्ररी गाडिएनथ्यो ?
ठड्याउँदा कतै हाम्रो ध्यान राम्रो पुगेनथ्यो ?

गडेका, नगडेका हुन् गएका छन् हराउँदै
टुक्रिएका ढलेका छन् सबैका सामुमा सधैँ
सामान्य चीज होला र त्यसोगरी हराउँछ
बेवास्ता राज्यले गर्छ, मात्र मान्छे कराउँछ

के चाहिन्न, हुरी आँधी हावाले नै उडाउँछ ?
के चाहिन्न ठुलो बाढी, बाछिट्टैले बगाउँछ ?
हुन्छ कम्जोर, भाँचिन्छ,, टुक्रिन्छ अनि सर्दछ ?
छैन केही बुझ्नीसाध्य, मन यो दङ्ग पर्दछ ।

यता खाली उता खाली, गाडे पनि गनीगनी
जङ्गे पिलर खान्छन् र मुसाले उधिनी खनी ?
आशङ्का मनमा जाग्छ, मडारिन्छ भयैभय
जङ्गे पिलरले दिन्न कहिल्यै बन्न निर्भय

भन्दछन् भन्न मान्छेले जङ्गे पिलर तैपनि
सोधखोज हुनैपर्छ किन कच्चा भयो भनी ?
कसलाई भनूँ, सोधूँ ? रहस्य नै भए पनि
हल्लिने, भाँचिने गर्छ 'जङ्गे पिलर' तैपनि !

हो, हाम्रो न्यायको खम्बा हुनुपर्ने यही थियो
हो, हाम्रो दृढ विश्वास हुनुपर्ने यही थियो ।
सदैव हुनुपर्थ्यो जो स्थिरताको प्रतीक त्यो
हल्लिने पात भैदिन्छ जङ्गे पिलर साँधको ?

हराउँदै गए यस्तै जङ्गे पिलर साँधका
विवाद टुङ्गिनन्,सीमा,सन्धिका,जल,बाँधका?
दृढता, भर, विश्वास नामले मात्र हुन्छ र ?
ठूटो अभरको कैल्यै 'जङ्गे पिलर' बन्छ र ?

---

• sljtf

# स्वप्नबाग

– प्रियंवदा काफ्ले

आँखाचिम्ले पछि नयनमा स्वप्नले वास गर्छ
आँखाखोले पछिनयनमा स्वप्नको वाग पर्छ ।
देखें पैलो पटक यसरी बागको रम्य पारा
पैले झस्कें पनिमनसगैं बागको बीचजाँदा ॥

पानीपर्दा तन सब रुझ्यो रुझ्न बाकी रहेन
बर्षा वेलाझमझमझरी थामिने नै भएन ।
खेतीगर्ने कृषक सबको हर्ष बढ्दै छ होला
याहाँ रम्ने युगलमनमादिक्कलाग्दै छ होला ॥

फर्की हेर्ने नयनयुगती हेर्नमै व्यस्त हुन्छन्
हेर्दा हेर्दै युगल सब तीकाव्यकाभित्र घुस्छन् ।
लेख्नेको त्यो मनमहलमा ठाउँ निर्माण गर्छन्
प्रेमी भेट्ने सब मिलनको स्वादमा मस्त पर्छन् ॥

खैला बैलानगरन भनीकाव्य लेख्दै गरेका
देखैं सारा कविजनहरू साधनामा रहेका ।
पक्कै होलान् सरस कविता प्रेमले पोतिएका
न्यानालाग्लान् झररर झरीबाट तीओतिएका ॥

नौलो लाग्यो प्रियपनि रह्यो स्वप्नको बाग पस्दा
पस्दा पस्दै नजर युगमा दृश्यको पंक्तिपर्दा
कोहोलात्यो कुनजुगमहाँबागनिर्माण गर्ने ।
यो बेलामायुगल सब यी हेर शृङ्गार भर्ने ॥

· slj tf

# सत्य बाटो सही कदम

**– राम विनय**

यो बाटो सत्य छ
इतिहासले पैल्याएको ज्योति ।
यो कदम सही छ
अनन्य भोक र प्यासले छटपटाई
बाटो अल्मलिएकाको उचित समस्या पूर्ति गर्ने
अन्धाले खोजेको आँखा
आँखाले खोजेको उज्यालो
यो विकाशवादी बाटो हो ।
अल्मल्याउने कुनै कारण छैन
यो त एउटा दृढ अमर मूर्ति हो
अनन्त पखाइको उदाहरणबाट निचोड गरिएको
भुसबाट चामल केलाए झैं
यो केलाइको सही नीति हो ।
अल्मलिनु पर्ने कुनै कारण छैन
कुइरो भित्र मान्छे हराए पनि
आँखा र बाटो हराएको हुन्न
हिम्मत र लक्ष्य मरेको हुन्न
किनकी, धरति र आकाश साक्षी छ
इतिहासले चुनेको
परिस्थितिले ल्याएको
भुगोल र विज्ञानले मानेको
यही एउटा मानव हो ,
जो सधै सधैं पृथ्वीमा बाँच्न चाहन्छ ।
यो बाटो सत्य छ
जसरी दिनको सूर्य र रातको तारा र चन्द्र सत्य छन्
जो सधैं सधैं सत्यताको प्रकाश फिंजाउछ
बढो आकाशलाई अङ्गालेर ।
झुट्टा नकापको ध्वस्त पार्ने
उत्पीडित र बन्धनको धूलो मैलो पखाली शरदीय
बैस ल्याउने
सत्यम, शिवं, सुन्दरम्
सारा जीवन प्राणको लागि यो युगको माग स्वर्ग
युगिन सपना हो सत्य सिद्धान्तहो पृथ्वीको
मात्र मानव जीवनको ।

---

· slj tf

# परदेशी तृष्णा

**– प्रकाश रम्घाली**

एक सरो
काँचो धागोको डोरो झैं
असाध्यै कमजोर भाग्य लिएर बाँचेकी
मेरी प्रिय जीवन सँगीनी
र, इश्वर भरोसामा
हुर्कदै गरेका
मेरा अति प्यारा छोराछोरीहरु ।
मलाई त यहाँ सन्चै छ
तिमीहरुलाई कस्तो छ
यस्तो विकसित दुनियाँमा पनि
तिमीहरुबाट सम्पर्क विहिन छु
भौतिक सुविधा र सम्पन्नताबाट
तिमीहरुसँगै बसेर
मीठो नमीठो जे जस्तो हुन्छ
त्यही खाएर जीउन पाए
विछोडको यो छट्पटीमा
मिलनको त्यो तृष्णा पिउन पाए
गामवेसी गर्दासँगै
उकाली/ओराली झर्न पाए
तिम्रो साथले म हुनेछु
मनको राजा
मेरो साथले तिमी हुनेछ्यौ
मनकी रानी
हाम्रा सन्तान हुनेछन्
कहिल्यै नझर्ने/कहिल्यै नमर्ने
आकाशका जुन तारा
र, हाम्रो घर हुनेछ
स्वर्गको एक टुक्रा बगैचा

## गीत
– रामप्रसाद प्रदीप

ए कान्छा ! चुल्हो मै पहिरो गैसक्यो
देश त बर्बाद् भइसक्यो
कुकुर बिराला लड्नाले
ब्वाँसोले खोसेर लैसक्यो- देश त .....
तिमी र हामी खेलेको, हेर त आँगन भत्केछ
खेत र बारी सबै ठाउँ, अर्कैको साँढे पसेछ
मझेरी भित्रै नाच्दैछ स्याल, समाउनु पर्ने कठालो
ढोकाको साँचो अर्कैको हातमा छ भन्छ जिद्दी गोठालो
बुझ लौ गोठालो मुर्खै रैछ त्यो ... देश त....
लैबरी भाखा गाइन्थे, सोरठी मारुनी नाचिन्थ्यो
असारे र तीजका गीतमा नाचेर कम्मर भाँचिन्थ्यो
जूनेली रातमा ढुक्कको साथमा, भैलेनी घुम्थे गाउँमा
रमाइला ती दिन कहाँ गए आज, मरे कि क्रान्तिको नाउमा
ब्यूँझ लौ जुनेली रात गैसक्यो ... देश त .....
अब त शान्ति होला कि, भनेर आशा गरियो
झन्‌भन्दा झन् यो आँधी र भुमरीभित्र परियो
नाउ खियाउने माझीकै नियत, यात्री नै माली जस्तो छ
बेलैमा सचेत नभए पक्कै, मरिन्छ, हालत यस्तो छ
जाग लौ निदाउने बेला गैसक्यो.... देश त....
ब्वाँसोले मोर्चा कस्दैछ, दाह्रा र नङ्ग्रा तिखार्न
खोजदैछ एक् एक् गरेर भेडा र बाख्रा निखार्न
मैमत्ता हुने सपना उसको, कसरी भंग पार्ने हो ?
घेरेर सबले नथुने खोरमा, अरु सबैलाई मार्ने भो
उठ लौ अल्छी हुने दिन गैसक्यो.. देश त ....

• slj tf

## परिवर्तन
– बाबुरामप्रसाद पौडेल

सुन्दर प्रकृतिको उपहार हाम्रो देश
यसैमा जन्म पाइयो लाग्यो मलाई बेस
उच्च शिखर गगन चुम्ने हिमालको शिर
सदा, सदा अकन्टक बनीरहोस् सदा स्थिर ।

जन्मभूमि प्यारो मान्ने को हुन्न र अर्को
यै देशको मुहार फेर्ने गरौं‌न जमर्को
केटाकेटी खेलेजस्तो नेता गणको चाला
जनताले चाल पाए अब हान्छन् भाला ।

हाम्रो जस्तो बहुमूल्य देश अर्को कुनै छैन ।
यो देशको सच्चा माया अन्त पाइँदैन ।
सच्चा मानव मनले सोचौ देशको मुहार फेर्न ।
मलाई पनि इच्छा छ है परिवर्तन हेर्न

– पौराही, रौतहट

• slj tf

# नेपथ्यका फूलहरू

– राम बतौंला 'आँसु'

फूलहरू समयका स्वरहरूसँगै
स्वतन्त्र हुन पाउनुपर्छ
बग्रेल्ती बारीका कान्लाकान्लामा
फूलेका फूलहरूले
स्वर्णिम सपना सँगालेका थिए
तर फूलहरूलाई जसले पनि
आफ्नो स्वार्थ लिप्सामा
प्रयोग गर्न थालेपछि
अरुलाई सुवास छर्दै
आफू रित्तो हुनुपर्दाको
कस्तो हुन्छ फूलको नियति ?
म देख्छु फूलहरू
सुन्दर छ, मनमोहक पनि
तर, कहिल्यै सकेनन् फूलहरूले
आफ्नो अस्तित्व बचाउन
र, खुसी-खुसी
चुसाइ रहें, डुलाइरहें
खरीजुकाहरूलाई आफ्नो छातिमा
र, त हामी भन्छौं
कति सुन्दर फूल
आहा ! फूल
नेपथ्यमा फूलहरू
शोक मनाइरहेछन्
बेदनाको
गीत गाइरहेछन्
फूलका मालीहरू
लार्भा बनेर
अघाउन्जेल रस चुसिरहेछन्
उध्राइरहेछन्
समयले निराशाको जलप लगाए पनि
आशा भरोसाको बाँध फुटाए पनि
फूलहरू आत्तिएनन् मैनवत्ती झैं
आफैं रित्तिएर
अँध्यारो उज्यालोको युद्धमा
मोर्चाबन्दी गरिरहे
कहिल्यै पनि लिनु र दिनुको
सीमा घेरामा अल्झिएनन्
आफ्नो कर्तव्यपथबाट
विमुख पनि भएनन्
मात्र उज्यालो बाँडिरह्यो/बाँडिरह्यो
आफू अन्धकारतर्फ धकेलिँदै
यता, भयानक कालखण्डमा देखिएका
सभ्यताविहीन, भग्नावशेष
रित्ता घरका भित्ता भित्ता
चाहारी रह्यो कहिले
आलिशान ठूला महल
पार्टी प्यालेस चाहारिरह्यो
सुन्दर नयाँ बिहानीको पर्खाइसँगै
तैपनि श्रृष्टिमा कुनै
परिवर्तन देखिएन
उही मान्छे । उही स्वार्थगाधा । उधी भाव
चोकमा उभ्याएको मुर्दा सालीकजस्तै
मान्छेहरू कहिले पनि अन्याय-अत्याचारको
विपक्षी भएर उभिएन
मात्र नापतौलमा उभिरह्यो
तर
नेपथ्यका फूलहरू, कहिले मान्छेका
लाशहरूको सनाखत गरेर
शोक मनाए
कहिले सफल मान्छेको खुसीयालीमा
प्रत्येक आगन्तुकहरूलाई
प्रसाद बाँडे/रमाए/नाचे/गाए
त्यसमै आफ्नो दूरी र अस्तित्व सम्झिए
सायद, नेपथ्यका फूलहरू
आफ्नो कर्तव्यबाट अलग्गिएनन्
र अलग्गिन चाहेन पनि
म कुनै अन्तर देख्दिन अहिले
फूल र माली
अनि देश र नेताको कथामा.....

– दामन, मकवानपुर

· sljtf

# यादै यादको चिहान छेउ

– चन्द्र रानोहँछा

आँखाको अन्जुलीबाट पोखाउँदै आँशु
जब दगुर्छ डाँडै डाँडा बादल
म जाने छैन पहराको फेदमा
जहाँ
सुसाइरहेको हुनेछ पत्थरहरूले तिम्रो गीत
हेर्ने छैन म ब्युँझेर आधीरातमा
तिम्रो सौन्दर्य बालेर
आँगनमा हाँसिरहेको निर्दोष जून
प्रिय
चढाएर आँसुको पाती
मनको देउरालीमा
गरेथ्यौं भाकल अमर मिलनको
र रोपेथ्यौं सपनाको वरपिपल
छातिको चौतारीमा
छाँगा खसेर परेलीबाट
ढुकढुकी छेउ जमेको नुनिलो तलाउमा
नुहाएथ्यौं तिमी र म
निवस्त्र-निस्फिक्री
अफसोस छोटो रहेछ तिम्रो आयु
लुछ्यो.... अनायस लुछ्यो तिमीलाई
विषालु युद्धले
रेट्यो.... निर्मम रेट्यो तिमीलाई
खुनी विचारले सायद
देह त्याग्नुअघि सम्झेकी थियौ मलाई
त्यस क्षण हेरेथें
वाडुलीको छानै छाना टेकेर
मौन भन्ज्याङ माथिको एक्लो फूल
बताससित बेरिंदै आएको भावुक सम्झना
पोक्याउन नभ्याउँदै
भत्कियो प्रणयी शिविर
प्रिय आत्मा आज तिमी छैनौं
म छु र युद्ध पनि छ
तर डुक्राउँदैन युद्ध हिजो जस्तो
ऊ विरामी भएको छ
फत्फती कुहिएका आफ्नै मांशपेसीमा
उमारेर लार्भाहरू  जुधाइरहेको उसले
आफैलाई घृणाले थुकिरहेको बेला
अर्थात्  विचार छेदन भएको शक्तिहीन युद्ध स्वयंले
बहुलाएर आफैलाई चिथोरिरहेको यो घडी
नसुनाउ मलाई कसैले
फेरि कुनै युद्धको कथा
किनकि म फुलाइरहेको छु यो बेला
यादै यादको चिहान छेउ
एउटा फूलको कविता

---

# गजल

– प्रतिभा अर्पण

म जन्मेको देश नेपाल प्यारो छ
आफ्नै भाषा भेष नेपाल प्यारो छ ।
टिस्टादेखि काँगडासम्म लडेका हाम्रा
पुर्खाको अवशेष नेपाल प्यारो छ ।
मान्छे मान्छेमा भेदभाव हुनुहुन्न कतै
हिमाल, पहाड, तराई नेपाल प्यारो छ ।
भन्नु भाथ्यो बाले देशको निम्ति छोरी
राम्रो काम गरेस नेपाल प्यारो छ ।
हामी सबैको सिङ्गो छाती हो देश
नदिऊँ पिडा ठेस नेपाल प्यारो छ ।

# गजल

– वसन्तराज अज्ञात

आजको यो रात तिमीलाई
अलिअलि मात तिमीलाई
सम्हालेर राख्या जवानी यो
अनि मेरो साथ तिमीलाई
खुलेको छ ढोका समर्पणको
बाधा हुन्न जात तिमीलाई
स्वीकार्छौ भने मेरो प्रस्ताव
जिन्दगी सौगात तिमीलाई
थाहा छैन भोलि के हुने हो
आजै सुम्पैं हात तिमीलाई ।

· sljtf

# मान्छेको पढाइ

– भक्त कार्की

किताब पढ्न
जति सजिलो हुन्छ
मान्छे पढ्न
अत्यन्त गाह्रो हुन्छ
किताब एकै बसाइमा
आनन्दसँग पढ्न सकिन्छ,
पानाहरु फरफर्ती
फर्काउन सकिन्छ
त्यसैगरी मान्छेहरू
फर्काउन सकिँदैन
किताबको पाना झैं
तर
मान्छे पढ्न
किताबको पाना झैं फर्काउनुपर्छ
मान्छेसँगै उठ/बस गर्नुपर्छ
व्यवहार गर्नुपर्छ
लेनदेन अनि
हरपल क्षण
घटना/परिघटना घट्नुपर्छ
आगो फुक्नुपर्छ यस्तै यस्तै
प्रशस्तै घटना/परिघटना
सँगाल्नुपर्छ
मुटु कलेजोमा लेखेर
तिनै घटना/परिघटना
आरोह/अवरोहमा
साह्रा/गाह्रा निम्छरिला
गौंडा/गल्छेडामा
सुख/दुःखमा हाँसो/आँशुमा
पल पल क्षण क्षणमा
मान्छे पढ्न सकिन्छ
पढ्दै जाँदा उ र उनीहरु
उ भित्रका म र अहमहरु
उर्जा सरी निस्केका
आफै भित्रका उर्जाहरु
अवयवहरुले इन्द्रीयहरुले
आफ्नो असली अनुसार
नियति देखाउँछन् इतिहास
मान्छेहरुदिन गन्दै गन्दै
उनीहरु
आफ्नो नाम आफै राख्छन्
आफ्नो नाम आफै काढ्छन्
काग झैं काका गरेर
मान्छे भित्रको मान्छेको पढाइ एकै हुँदैन
तसर्थ मान्छेको परिचय एकै बसाइमा हुँदैन ।

---

# गजल

– मिलन समीर

बाँच्न यहाँ मर्नु पर्दोरैछ साथी
दुःख धेरै गर्नुपर्दो रैछ साथी
दुनियाको नजरबाट बाध्य भएर
कसिङ्गर भई झर्नु पर्दोरैछ साथी
के गरौं र कसो गरौं ? सधैं पिरलो
दोधारमा पर्नुपर्दोरैछ साथी
हेलिएर बेहोसीमा जीवनसागर
एक्लीएर तर्नुपर्दोरैछ साथी
आफ्नो शवयात्रामा स्वयम् आफैंले
बुर्कीटिला छर्नुपर्दो रैछ साथी

– करादी खोला, स्याङ्जा

# गजल

– लीलाराज दाहाल

अहो नमस्कार ! के छ हाल नेताजी
थाप्दै हुनुहुन्छ कि जाल नेताजी
उस्तै भनेर म कसरी पत्याउँ खै
बेग्लै लाग्न थाल्यो चाल नेताजी
भोका नाङ्गाको कुरा त के भयो र
हुन्छ अब ताने हुन्छ थाल नेताजी
रक्षा कबच तपाईंको कत्रो सपना
साँच्चै अब हराइसक्यो ढाल नेताजी
पुगी सके भान्छा भित्र त अरु नै
भो अब नकाढ्नुस् राल नेताजी

- कर्मैया, सर्लाही

# कमरेडको पहिचान

## – राममणि पोखरेल

कामरेडजी यस जिल्लामा बसाई सरी आएको धेरै समय भएको थिएन । तर पार्टीमा माथिल्लो तहमा सङ्गठित भएकाले ,उनलाई धेरै कायकर्ताले चिन्दथे । मीठो बोली भएका कारण पनि उनी लोकप्रिय लाग्थे । गोरो अनुहारका, पातलो शरीर भएका अग्ला व्यक्ति थिए ती  कामरेड ।

नेपालमा जुन बेला पार्टीहरु प्रतिवन्धित थिए , त्यही समयमा कामरेड इन्द्रमानसँग मेरो परिचय भएको थियो । निकै लामो समयसम्म उनी मेरो घरमा आश्रय लिएर बसेका थिए । उनी सँगको प्रथम भेटमा म उनीप्रति त्यति आकर्षण भएको थिइँन । उनको व्यक्तित्व र बोलिचालीबाट म प्रभावित पनि हुन सकिन । तर पटक पटकको भेट वार्ता सम्पर्क पछि गम्भीर बातचितकै दौरानमा उनी प्रति म आकर्षित हुन पुगेँ ।

धार्मिक ग्रन्थका श्लोकका ऋचाहरु उसलाई केही कण्ठ थिए । गीता र चण्डी पाठ गरेर भात खाने नियम बनाएका, मेरा बुढा बाऊलाई ती श्लोक भनेर चित्त बुझाऊँथे । भात भान्साका सबालमा त्यसबेला उनी नाक निक्क गर्दैन थिए । उनको सहज व्यवहार थियो । उनले म र म जस्ता अन्य सोझा कार्यकर्तालाई सुनौंला सपना देखाएका थिए । प्रजातन्त्र प्राप्त भए पछि , मुलुकमा  राम्रो विकास हुन्छ । बेरोजगार बस्नु पर्दैन । शिक्षामा जनताको पहुँज हुन्छ । खर्चको अभावमा जनताका छोराछोरीले पढाई छाडनु पर्दैन । धनिहरुको सम्पति बाडिन्छ । हलमा गोरु नहुने कोही किसान हुदैनन् , यस्तै सपना देखाएर इन्द्रमान हामीलाई शिक्षा दिन्थे, कार्यकर्तालाई नयाँ चेतनाले प्रशिक्षित गर्न खोज्थे ।

मुलुकमा प्रजातन्त्र प्राप्त भए पछि भएको प्रथम आम चुनावमा , उनी चुनाव लडन तयार भएका थिए । उच्च नेतृत्वसंग उनको मतभेद उत्पन्न भएको थियो । चुनावी मैदान या क्षेत्र खोज्दै जाँदा उनी आफनै जातभाईको बसोवास भएको स्थान निर्वाचनका लागि सुरक्षित छ भन्ने इच्छा प्रकट गर्दथे । त्यस्तो क्षेत्र फेला नपरे पछि उनी आफ्नै जन्मथलोमा चुनाव लडन पुगे । त्यो क्षेत्र ज्यादै दुर्गम थियो । खानेपानी र यातायातको जटिल समस्या भोग्दै गरेका ग्रामीण जनतालाई  चुनावको दौरानमा उनले सुविधाका सपना प्रशस्त बाँडेका थिए ।

उनको मीठो भाषणका कारण प्रतिपक्षीहरु पराजित हुन पुगे । उनको विजयमा जनता र कार्यकर्ताले खुशी मनाए । खुशीमा नारा जुलुश गरे । अविर र फुलमाला लगाएर इन्द्रमानलाई राजधानी जान विदाई गरे । स्थानीय पूराना गाउँलेले बाटोमा तुल बिछाए ।  क्षेत्र भरी खुशीयाली मनाइयो ।

इन्द्रमान राजधानी छिरेको केही महिना पछि गाँउलेहरु  आफ्ना समस्याका पोका बोकेर उसको कोठामा धाउन थाले । इन्द्रमानले पदीय दायित्व निभाउन सकेननू, चाहेनन् पनि । उनी क्रमिक रुपमा अन्तरमुखी हुँदै गए । कसैका कुरा नसुन्ने । सुनेर पनि कुनै परिभाषित र ठोस काम नगरी  नदिने। उनको कोठामा भेटन आउने व्यक्तिहरु निराशा भएर फर्कने क्रम शुरु भयो । आवत जावत कम भयो । इन्द्रमान आफुलाई, राष्ट्रको निकै ठुलो गरिमामय पदमा पुगें, भन्ने घमण्डले मात्तिन थाले । ग्रामिण जनतालाई सम्झन थाले । उसका अनुयायीले, आलोचना पनि गरे । आलोचनाका शब्दहरु सुनेपछि उनी झन गाउँले र सहयोगी प्रति रुखो र असहिष्णु

देखिन थाले ।

उनकी श्रीमती शत्रमाया ज्यादै चोथाले थिइन् । मनपरी बोल्ने । अपशब्द प्रयोग गरेर मान्छेको छाला काडन खोज्ने । समाजमा धेरै खाले मानिस हुन्छन, असल व्यवहार भएका, सदगुणी, उपयोगी र निर्दयी, रुखा क्रुर स्वभाव भएका, आदि । मानिससँग व्यवहार गरे पछि, उसको आनिबानी स्वभाव धेरै थोरै जानकारी हुन्छ । खानपान बसाई उठाई मेलो पाईन्छ । शत्रमाया अनुहारकी राम्री दिनखान चाम्री थिइन ।

कुनै कालखण्डमा ती दुबै प्रतिवन्धित भनौ भुमिगत अर्ध भुमिगत सामाजिक गतिविधिमा सामेल भएकै कारण उनीहरु दाम्पत्य जीवनमा वाधिएका थिएँ । अन्तर जातिय सम्वन्ध थियो उनीहरुको । आपसमा सेन्टरी मेन्टरी मिलाएर जोडि बाधिएका थिए । उनीहरुको सम्वन्ध राजनैतिक र मनोवैज्ञानिक थियो । शत्रम( ाया सामु इन्द्रमान लुरुक पर्दथ्यो । शत्रमाया अघिल्लो समयमा एउटा नयाँ बजारमा वोर्डिङ चलाएर बस्थिन् । इन्द्रमान भूमिगत र खुल्ला राजनीतिमा थिए ।

गाउँघरका बुढापाका मानिसहरु भन्ने गर्थे- मैले पटक पटक सुनेको थिए । तर त्यति विश्वासी बन्नसकेको थिइन । प्रमाणका आधारमा हुर्कने क्रममा आफना अभिभावकबाट मानिसले जुन प्रकारको व्यवहार, संस्कार र ज्ञान सिक्दछ, हम्मेसी त्यो बानी र व्यहोरा विर्सन सक्तैन, पछि सम्म पनि त्यस्तै व्यवहारको छनकले उसलाई सताई रहन्छ । बुढापाकाको यो भनाइ शत्रमाया र इन्द्रमानको व्यवहारले मलाई यस्तै वास्तविकताको पुष्टि गराएको थियो ।

शत्रमाया ज्यादै लोभी र सानो चित्तकी थिइन, डेरामा इन्दमानसगं भेटन आउने व्यक्तिलाई एक कप चिया फिका भनौ रातो दुध नहालेको सम्म दिएर सत्कार गर्ने चलन पनि थिएन । उनको चुनावी प्रचारमा गरिबको हित गर्ने भनेर भोट मागेका थिए, उनीहरुले । झर्को फर्को गर्ने र मानिसहरु डेरामा आए पछि कुनै न कुनै वहाना बनाएर कोठाबाट बाहिरिने गर्दथिन्, शत्रमाया । कैले पेट दुःखेको दवाई लिन जान्छु भन्ने, कैले टाउको दुखेको त कुनै बेला साथीले बोलाएको छ आदि वहाना हुन्थे उनका । बहानाका कुरा भनेर ढाटदा उनको अनुहारमा कुनै परिर्वतन देखिदैन थियो, ढाँट्ने वानी परेकाले होला नत्र मानिसमा अस्वभाविक कुरा गरेर ढाँट्दा अनुहारमा केही असहजता देखिन्छ । आत्माग्लानी भएजस्तो हुन्छ । शत्रमायाका ढाटका बहाना सुनेर इन्द्रमान कुनै प्रतिकृया जनाउँदैन थिए, मौन भएर सुन्ने गर्थे ।

इन्द्रमान आगन्तुक व्यक्तिहरुलाई, यसपाली यस्तै संयोग पऱ्यो नरिसाउनु होला, अर्कोपल्टको भेटमा विशेष वातचित गरौला भनेर विदाईको हात बडाएर बाटो नाप्न विवश पार्थे । भेटन आउने कार्यकर्ता र सहयोगीहरु निराश भएर बाटो नाप्न थाल्दथे ।

कत्ति गाउँलेले त यो मोरो इन्द्रमान जोइटिङ्ग्रे भएछ, स्वास्नीका मुतमा बगेको यस मोरालाई भेटन र यो काम गरिदे भनेर यसको अनुहार हेर्न कैले आउँदिन भनेर किरिया खाएर बाटो लागेका घटना पनि ताजै थिए ।

कमरेड इन्द्रमानको व्यवहार र बोलीमा धेरै परिर्वतन झल्कन्थ्यो । यो त स्वभाविक पनि हो कि समाज परिवर्तन गर्छु भनेर कस्सिनेहरु पहिले आफै परिवर्तन हुने गर्छन । हिजो भूमिगत बस्ताका दुख जनताको घरमा बस्ताका जटिलता कमरेडले छोटै समयमा बिर्सेका थिए । राजधानीमा घडेरी जोडेर घर बनाउने तयारीमा लागेका थिए । हात लागेको सम्पत्तिको सदुपयोग त ठीकै छ । त्यससँग अन्य व्यवहार पनि सन्तुलित होस् भन्ने उनका चाहना उनका शुभचिन्तकले व्यक्त गर्न खोजेका हुन् ।

उनी यदाकदा बातचितको दौरानमा भन्ने गर्थे "गाँउघरमा बर्ष दिन काम गरेर खान नपुऱ्याउने व्यक्तिहरुपनि छन र ? लामो जिब्रो निकालेर भेट्न आउनेलाई व्यङ्ग गर्दथे । आफु पदमा पुगेपछि, समाज त सम्म पो देखिदो रहेछ भन्दै, उनी उन्मुक्त हाँसो प्रकट गर्दथे । उनको बोली सुनेर गाँउबाट भेटन

जानेहरु गरिब र बेरोजगार युवाहरु मुण्टो उठाएर आँखा राता पार्दै आक्रोश पोख्तथे "अपराधी मोरो आफु अघाएपछि सबैलाई अघाएकै देख्न थालिस, हिजोका हण्डर र कष्ट साध्य दिनहरु छिटै बिर्सिइस भन्थे ," आफुले आफनो मत दिनुका साथै, उनलाई ठूलो मान्छे बनाउन, भोकै प्यासै, दिलो ज्यान दिएर, उनका निम्ती रात साँझ न भनी खटेको त कुकुरको 'पु' मा गएछ भनेर आक्रोश पोख्तथे ।

कमरेड इन्द्रमान र शत्रमाया आफना नातागोतालाई पोस्न भने खुब लागेका थिए । भाइ भतिजा छोरी भतिजी भान्जा भान्जीलाई जागिर लगाउने काममा भने दिलो ज्यानले लागेका हुन्थे । आफना नातागोताका व्यक्तिका निम्ति कोसंग फोन गर्नुपर्ने, कसलाई गएर घरमा भेटनुपर्ने अथवा कार्यलयमा भेटनुपर्ने, उनका दिमागमा उपयुक्त योजना बुनिएका हुन्थे । ऊ आफ्नो परिवारको भविष्य सुखमय बनाउन नातागोता पोस्न तयार थियो । तर अन्य गाउँबासी र उसका पुराना सहयोगीलाई भारेभुरे बाथ भनेर पन्छाउने स्वभाव थियो ती कामरेडको । एकातिर भौतिक संरचना बनें । विकाश निर्माण भयो । प्रत्येक मानिस आफ्नो सुविधाको खोजीमा हिड्न थालो । तर समाज परिवर्तन गर्छु । विभेदको उन्मुलन गर्छु भन्नेहरु अन्तरमुखी र स्वार्थी हुँदै गए । यो आजको कटु यथार्थ पनि भएको छ ।

हिजो गाउँमा विरोधी शक्तिसँग बचेर स्याउँ स्याउँ कुरा गर्दै सुरक्षित ठाउँ खोज्दै हिंड्दा, इष्टभित्र सहयोगी व्यक्ति चाहियो । आफ्ना विचार मिल्ने मित्र संरक्षक चाहियो, ती आफ्ना नातागोताले काम दिएका थिएनन् । दिन चाहेका थिएनन् । तर आज तिनै नातागोता प्यारा भए । दुःखको समयमा उनको विचार जनसमक्ष लान, जनतालाई सचेत पार्ने कुरो केलाउन सक्ने बनाउन, ज्यान हत्केलामा राखेर सहयोग गर्नेहरु, विरन्तरी बने, उपेक्षाका पात्र बने। यही पद्धति र प्रकृयाबाट समाज कसरी रुपान्तरित होला । धरतीमा न्याय नपाएका मानिसहरुले कसरी न्याय पाउँलान त ?

इन्द्रमान र शत्रमायाको व्यवहारबाट मलाई आश्चर्य लागेको छ । विगत सम्झेर घृणा गर्न मन लागेको छ । मानिसको जात विवेकी र ज्ञानी पनि हो कि स्वार्थी मात्र हो ?

बर्षा याम थियो । दिनमा पटक पटक रहदै बर्षदै गर्दथ्यो पानी । कुनै रात आँखा समेत उघार्दैनथ्यो पानीले । काला बादलका लुम्सा थिए आकाशमा । त्यसवेला प्रतिपक्षले राज(धानी बन्द गराएका थिए । संसद पनि अवरुद्ध थियो । केही सांसदहरु विदेश भ्रमणमा थिए । विदेश घुमेर फर्केका पनि थिए । त्यही समूहमा परेका थिए इन्द्रमान ।

ऊ त्यो समुहमा परेर एक साता विदेशको भ्रमण गरेर फर्केको थाह पाएर उनलाई भेट्न जाने योजना बनाएँ मैले । गाउँकै एक जना घनिष्ट मित्र थिए, किरण । उनी, शत्रमाया र इन्द्रमानसँग कालफाल एकै ठाउँ भनेर सँगै भूमिगत समेत हिडेका थिए । हाल शारीरिक कमजोरीका कारण उ केही दिनका लागि आराम गर्दै थिए । उनैलाई लिएर इन्द्रमान सँग भेट गर्न जाने तयारीमा लागेको थिए म ।

पानी तपल्याक तुपलुक्क पर्दै थियो । आकाश अन्ध्यारो थियो । विजुली चम्किरहेको थियो । काला बादलको राज थियो । पहाडका थुम्काहरुमा वुच्का बुच्की कुहिरो देखिएको, दिन बिरमाइलो थियो । सडकमा पातला गाडी कुदेका थिए ।

राजधानीमा एक जना साथीको पाहुना भएर रात बिताउँदै थिएँ । राजधानीका साथीहरु घाम अस्ताए पछि, बिराना हुन्छन् , बासमा लादैनन् । हुटेल देखाई दिन्छन् । जीवन यसरी नै घिसार्नु पर्दो रहेछ । प्रत्येक व्यक्ति आफ्नो आध्यात्मिक अनुभूतिद्वारा घिस्रदो रहेछ । म आफू सोहि अनुसार घिस्रदै थिए । सूर्यको दर्शन आज पृथ्वीले र कुनै जिवात्माले प्राप्त गर्न पाएका थिएनन् ।

किरणलाई लिएर इन्द्रमानको डेरा तिर लम्किएँ । हामी दुवै जना उनका परिचित र पुराना मित्र थियौं । अझ किरण त आन्द्रा

गासिएको साथी थियो उसको । उनलाई सघाएको विशेष सहयोगी पनि । बाटोमा किरणजी भन्दै थिए " के गर्नु इन्द्रमान रुखो, असभ्य असहयोगी छ भन्ने बुझ्दा बुझ्दै जा( न्दा जान्दै पनि जनप्रतिनिधि हो, आफ्नै भूगोल भित्रको हो, भनेर भेट्न हिडिएको तर हाम्रो भेट फलदायी हुन्छ जस्तो लाग्दैन । किरण अल्छी स्वभावको थियो म अलि फूर्तिलो थिएँ ।

हामी कोठामा पुग्दा कामरेड इन्द्रमान परिवारसित बसेर कोठा सजाउँदै थिए । विदेशबाट ल्याएका सामान कोठामा छरपष्ट थिए । कामरेड नमस्कार भन्दै हँसिलो मुख पारेर, हामी कोठा भित्र प्रवेश गर्छौं । हामीसँग आँखा जुधे पछि, कमरेड केही झस्के जस्ता देखिन्छन् । उनको अनुहार झुसिलो देखिन्छ । बलैले हात मिलाउन हात अघि बढाउँछन् । किरणलाई देखेपछि, शत्रमायाको अनुहार एक्कासी विग्रन्छ सोहोरिन्छ । गाऱ्हो मान्दै ओठ चलाएर, आँखा झिम्क्याउँदै भन्छन् "कामरेडहरु यतै हुनुहुन्छ ?"

कमरेड शब्दले मलाई अप्ठ्यारो पार्छ । कस्तो विडम्वना, सत्ताको मोज गर्ने पनि कामरेड, फुटपाथे, खाते व्यक्ति पनि कामरेड । तीन तले आलीशान भवनमा बसेर स्वर्गको आनन्द लुट्ने व्यक्ति पनि कामरेड, हामीजस्ता बास र गाँस नपाएर तडपेर पेटीमा सुत्ने व्यक्ति पनि कामरेड, यो शब्द पनि अलक्षणी जस्तो लाग्छ । कामरेडमा त समानता हुन पर्ने नि । कमरेडको नाममा कमरेड कै शोषण र उपेक्षा ।

मनमा अनेकौं कुरा उब्जाएर मनमै सेलाउन दिने गर्छु । तातिन्छ, सेलाउँछ । प्रकृया यही हो । कुराको सन्दर्भ बदलिएर म प्रश्न तेर्‍याउँछु विदेश जानु भा' को थियो रे नि । कैले फर्कनु भएको हो ?

उनले हँसिलो पाराले जवाफ गर्छन् " हामी जस्ता संसद उच्च ओहदामा बस्ने व्यक्तिको विदेश भ्रमण त पानी पधेरो जस्तै हो । तपाईहरु खेतमा धान पराल बोकन र हिउँदमा खेत जोत्न बेशी झरे जस्तै हो" भइरहन्छ । सम्झनोस् पहिलेको हाट भराई ।

मैले एक नजर उसको शरीरमा लगाए, आँखा गाडेर नियालेर हेरें । ऊ प्रफुल्ल मुद्रामा थियो । नरम स्वरमा भने, "इन्द्रमान कामरेड, किरण जी तपाई सँगै आन्दोलनमा हिँडेका साथी हुन् । आफू पनि बिरामी छन्, छोरा छोरी बेरोजगार छन्, यसो कतै झुण्डयाई दिए हुने नि ! तपाईको मुख विकछ नी । त्यागी मानिस हो । जीवनका रमाइला दिन पार्टीमा विताएका छन् । तपाईहरुले विचार गर्नु पर्दैन ?

उनले आफ्नो अनुहार बिगारे, आँखा राता पारो राती गेडी जस्ता र झर्केजस्तो गरेर भन्यो "त्याग र बलीदानको गाथा, अव गाउँने समय छैन कामरेड, आफ्नै तरिकाले गरी खान पर्छ, आफ्नै गोडामा उभिन सिक्नु पर्छ । " कसैको घरमा लम्पसार परेर हुन्न । मैले ठाडो स्वरमा भने "कामरेड हिजोका दुःख कष्टका गाथा र पोका कसलाई सनाउँनु त ?

इन्द्रमान कामरेड अत्तालिदै कोठाबाट बाहिरीन खोजे । हाम्रा कुरा धैर्यता पूर्वक सुन्न सकेनन् । विगतका दिनहरु कोट्याए पछि उनलाई छटपटाहट र अत्तालो हुँदो रहेछ । उनले धैर्यता गुमाए जस्तो गरें । शत्रमाया पहिले वाहिरिएकी थिइन । इन्द्रमान कोठाबाट बाहिरिए पछि किरण र म पनि बाहिरियौं । साँझ झण्डै ५ बज्न लागेको थियो । हामी बाटो नाप्न थाल्यौं । यस्तो व्यवहार मानव समानतामा लिने कि, असमानतामा लिने । मैले र किरणले समीक्षा गर्न सकेका थिएनौं ।

• IgaGw

# नेपाली भाषा कि खस कुरा ?

– रमेश समर्थन

म प्राज्ञ बूँद रानाको कार्यकक्षमा थिएँ । एक्कासि ढोकाको पर्दा पन्छाउँदै त्यहाँ एउटा बतास छिर्‍यो । हेरेको त्यो मान्छे रहेछ । बूँद रानाले सोध्नुभयो , ' चिन्नुभो ?' मैले भनेँ , ' चिनेँ ,पुमा राई । ' उनले तुरुन्तै प्रतिक्रिया जनाए , ' राई हैन , किराँती ।'

उनको नाम थियो प्रवीण कुमार पुमा । ' पुमाको सङ्ख्या केही हजार मात्र छ ।' भन्छन् उनी र थप्छन् ,' पुमा नै वास्तविक किराँती हो ।' आर्यहरूले किराँती देवता पारुहाङ र सुम्निमालाई शिव र पार्वती भनेको उनी रुचा( उन्नन् र भन्छन् ,' शिव फाल्टै हो , पारुहाङ फाल्टै हो । तपाईंले पारुहाङलाई शिव भन्यो भने कुट्छ पुमाहरूले ।'

मैले सोधेँ , ' राईहरू नै किराँत हैनन् र ? ' उनले भने , 'जेन्युअन किराँत त पुमा नै हो । राई फाल्टै छ किराँत फाल्टै छ , लिम्बू पनि फाल्टै छ । उनारको र हाम्रो कल्चर , भाषा सबै फाल्टै छ । '

मैले फाल्टै शब्द पहिलो पल्ट सुनेँ । छुट्टै को पर्यायवाची शब्दका रूपमा यो शब्द आएको थियो । फाल्टु + नै को योगबाट बनेको शब्द हो यो । फाल्टु शब्द उर्दूको फ( ालतू बाट आएको हो जसको अर्थ अतिरिक्त वा बेकार भन्ने हुन्छ ।नेपाली शब्दकोशमा यस नयाँ शब्दले प्रविष्टि पाउला नपाउला भन्ने पनि फाल्टै विषय हो ।

एउटा जमघटमा नेपाली भाषाको शुद्धताको प्रसङ्ग चल्दा एक जनाले भनेका थिए ,'शुद्ध भनेको के ?कसैले नबुझ्ने संस्कृतका शब्दहरू भएको नेपाली शुद्ध कि सबैले बुझ्ने बोलचालको नेपाली शुद्ध ? तपाईंले बोल्यो मैले बुझ्यो ,वहाँले बुझ्यो , हामी सबैले बुझ्यो त भयो नि ! अब यहाँ यस्तो हुँदैन र उस्तो हुँदैन । यस्तो हुनुपर्छ र उस्तो हुनुपर्छ भनेर ढिपी लिई भाषालाई ठिँगुर्‍याउनुको के अर्थ ? धेरैले बोल्ने शुद्ध कि केहीले मात्र लेख्ने भाषा शुद्ध ? शुद्ध लेख्छौँ भन्नेहरू नै लेखेजस्तो बोल्दैनन् बोलेजस्तो लेख्दैनन् । कि बाहुन बाजेहरूले जसरी संस्कृतलाई रसातलमा पुर्‍याए त्यसै गरी हाम्रो नेपालीलाई पनि पुर्‍याउने ?'

विचार विचारणीय थियो उनको । केही दिनदेखि म यस्तै अप्ठ्यारामा पर्ने गरेको छु । यसको कारण आफू नेपाली भाषाको बिद्यार्थी हुनु पनि हो कि ? सधै कक्षामा नेपाली शुद्ध लेख्नुपर्छ र शुद्ध भनेको यस्तो हुन्छ भन्दै वर्ण विन्यासका नियमहरू सिकाउनुपर्ने वाध्यता र नेपालीको नित्य बदलिँदो स्वरूप । आफू धेरै परम्परावादी भएर हो कि पहिले नै आग्रहको चस्मा लगाइसकेपछि त नयाँ कुरालाई सजिलै कहाँ स्विकार्दो रहेछ र पट्टुले ?

शीतल गिरी आफैँ लेखक हुन् । उनी छोरीलाई 'ए गधा !' भनेर गाली गर्छन् र मसँग छोरीका बारेमा भन्छन् ,'मेरो सानो छोरी निशा त निकै अग्लो भयो ।' उनी भन्छन् , म बुझ्छु । यहाँ भाषाको प्रयोजन पूर्ण हुन्छ । तर प्रश्न अझै तेर्सिएकै हुन्छ ,भाषा शुद्ध हुनुपर्ने कि सम्प्रेषणीय हुनुपर्ने ? आम नेपाली कृषि सहायकलाई चिन्दैनन् जेटीएलाई चिन्छन् । स्वास्थ्य सहायकलाई चिन्दैनन् ,हेल्थ असिस्टेन्टलाई चिन्छन् । अभियन्तालाई चिन्दैनन् इन्जिनियरलाई चिन्छन् । प्रजिअलाई होइन सीडीओलाई चिन्छन् ।

शुद्धता र सम्प्रेषणीयताको प्रश्नमा दुईवटा उत्तरहरू आउन सक्छन् । परिष्कारवादीहरू सम्प्रेषणीयतालाई स्विकार्दा स्विकार्दै पनि भाषा शुद्ध हुनैपर्छ भन्ने आग्रह देखाउलान्

र व्यवहारवादीहरू विचारको सम्प्रेषण भए भाषाको प्रयोजन सकियो भन्लान् तर यसको समाधान कतै छैन ।

म रत्नपार्कदेखि भैँसे पाटी जाने मिनी बसमा थिएँ । त्यहाँ दुई जना महिलाहरूका बिचमा जस्तो कुरा हुँदै थियो त्यसको एउटा ढाँचा यस्तो थियो - मेरो बुरो ट गोरु छ गोरु । आफू जान्डैन ,भन्येको मान्डैन । स्पष्ट छ ती महिला नेवार थिइन् तर त्यसै रुटमा सुनेको अर्को संवाद यस्तो पनि थियो-

'ए यार ,तेरो घराँ त खतरा बबाल छ रे नि ?'

'लास्टै बबाल छ यार । मेरो आमा मरेपछि त मेरो बाउले खतरा च्वाँक स्वास्नी ल्यायो नि हो ।'

'उसो भए बुढो त लट्टु भा'छ होला , हैन ?'

'अँ त यार ! मेरो बाउले कान्छी ल्याएको झोकाँ छ नि ,मेरो दाइले पनि झक्कास भौजु ल्यायो । दाइ त क्या बिन्दास भैरा'छ भौजु पाएर ?'

स्पष्ट छ , यो भाषा सभ्य छैन , शिष्ट छैन । मानक र स्तरीय त छँदै छैन । तर यो भाषा बोल्नेहरू नेपाली मातृभाषी हुन् र उनीहरूले नेपाली नै बोलेका हुन् । नेपालमा यस्तो भाषा बोल्नेलाई खाते भनिन्छ क्यारे ! हिन्दीमा टपोरी भनिए झैँ । जस्तो ' अपुन यहीच बोलता है ।'

'वानीराले पनि लेख्दै गाको थियो । अहिले पनि लेख्छ कि ूबेन्जु पनि लेख्छ जस्तो लाग्छ ,तर मैले पढ्न पाएको छैन ूप्रेमाले अब लेख्छ-लेख्दैन भन्ने मान्छेलाई थाहा पनि छैन । '(गरिमा ,२०६९,असार,३५६)

यो भाषा हो नेपाली लेखिका प्रेमा शाहको ।

प्रश्न उठ्छ नेपाली भाषा कसको ? विश्वविद्यालयका प्राध्यापकहरूको ? भाषाका महापण्डितहरूको ? आफूलाई नेपालीभाषी भन्ने खसहरूको ? उत्तर हुनुपर्छ ,जसले बोल्छ उसैको । यदि बोल्नेको भाषा हो भने त उसले जस्तो बोल्छ त्यस्तै भाषा शुद्ध हुनुपर्ने हैन र ?मुस्ताङको थकालीले , गण्डकीको गुरुङले , पाल्पाको मगरले , सिन्धुपाल्चोकको तामाङले ,काठमाडौँको नेवारले ,सोलुखुम्बुको सेर्पाले , ताप्लेजुङको किराँतले ,कैलालीको थारुले र जनकपुरको मैथिलले नेपाली जस्तो र जसरी बोल्छन् त्यस्तै सही हुनुपर्छ ।

एउटा हिन्दी पत्रिका छ 'वाक्' । वाक् अर्थात् वाणी ,अर्थात् बोली ,अर्थात् भाषा । भाषाको सजीवता वाणीमा हुन्छ र वक्ताको अधिकार त्यहाँ सुरक्षित हुन्छ भन्ने मान्यता बोकेको यस पत्रिकाले हिन्दी भाषाका सन्दर्भमा व्यापक बहस चलाएको छ । मुम्बईको सडकका टपोरीहरूले बोल्ने हिन्दी पनि हिन्दी नै हो भन्ने आग्रह त्यस पत्रिकाको छ । नेपाली भाषाका सन्दर्भमा पनि त्यस्तै बहस हुनुपर्ने हो तर कोठे गोष्ठी र विश्वविद्यालयका केही प्राध्यापकहरूको लहडीपनमा भाषाको स्वरूपबारे निर्णयहरू भएका छन् र अर्का थरी हठीहरू परम्पराबाट रिट्ठो बराबर पनि परिवर्तन हुन दिन्नौं भन्दै कुर्लँदै छन् । आज स्थिति के छ भने कुनै रचना तयार गर्नुभन्दा पहिले त्यो कुन पत्रिकामा पठाउने हो भन्ने निधो गर्नुपर्छ, किनभने प्रत्येक पत्रिकाका वर्ण विन्यास सम्बन्धी आआफ्ना आग्रहहरू छन् र एक थरी वर्ण विन्यासलाई तिनीहरू मान्यता दिँदैनन् ।

आज नेपाललाई यस्तो नेपाली चाहिएको छ जसलाई सबै नेपालीले आफ्नो भन्न सकून् । भाषा विज्ञहरूको खल्तीको धन होइन भन्ने कुरालाई बुझ्नु जरुरी छ । जे निर्णय भए पनि सर्वसम्मत हुनुपर्दछ । भाषा राजनीति गर्ने विषय बन्नु हुँदैन । नेपाल प्रज्ञा प्रतिष्ठानमा त्यस्तै बेसोमतीपन देखियो । त्यहाँ भएको बैठकले कुनै निर्णय दिनुको सट्टा फरक मत रहेको भन्ने अनुत्तरदायी काम गर्‍यो । देशको आधिकारिक प्राज्ञिक संस्थाले यस्तो हचुवा काम गर्‍यो ।

उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा ११का लागि तयार पारेको नेपाली पाठ्य पुस्तक रत्रिभुवन विश्वविद्यालयले मानविकी स्नातक तहको अनिवार्य नेपालीमा जेजस्तो

वर्ण विन्यास सिफारिस गरेको छ त्यो त्यसै रूपमा लागु हुने कुरामा अब शङ्का छैन र भोलिको लेखाइ पनि त्यस्तै हुने कुरा पनि निश्चित छ । कारण भोलिका लेखक ,प्राध्यापक , प्रशासक तथा प्राज्ञहरू उत्पादन गर्ने कारखाना विश्वविद्यालयहरू नै त हुन् नि । यद्यपि त्यहाँका धेरै निर्णयहरू अपाच्य छन् । जस्तै 'ज्यु' लेख्न लगाउनुको कुनै अर्थ छैन । 'दस' लेखिरहेका कलमलाई अब' दश ' लेख भन्नुको पनि कुनै तुक छैन ।' हिन्दुधर्मावलम्बीहरूद्वारा'लाई त्यसै राखेर ' गर्नुपर्छ'लाई 'गर्नु पर्छ' लेख्न लगाउनुका पछाडि कुन तर्कले काम गरेको होला ? यसै गरी अर्का थरीले हामी 'शुरूवात' र 'अधूरो' नै लेख्छौँ भनेर ढिपी कस्नुको पनि आग्रह राख्नु बाहेक अर्को तर्क देखिँदैन । यसरी सबैले आआफ्नो मान्यताका गुट उपगुट तयार पार्ने हो र आफ्नै डम्फु बजाउने हो भने नेपालीको मानकता त परै जाओस् आधिकारिकता नै कहाँ रहला ?

भाषाको कथ्य रूप कसैको नियन्त्रणमा रहँदैन ।वक्ताले जसरी प्रयोग गर्छ त्यो त्यसै रूपमा स्वीकृत हुनुपर्छ । वास्तवमा भाषा शिष्ट प्रयोगमा खुम्चिन्छ । यसको अर्थ भाषामा भद्रगोल हुनुपर्छ भन्ने त हुँदै होइन । बरु भद्रगोल भयो भनेर चिन्ता प्रकट गर्नु यस लेखको मनसाय हो । भाषा कुनै जाति ,वर्ग, समूह वा क्षेत्र विशेषको पेवा भएर बाँच्न सक्तैन । त्यसैले नेपाली भाषाले पनि एफ. एम. तथा साइबरको सवारी गरेर सात समुद्र नाघिसक्यो । अबको नेपाली भाषा न त कम( लादीमा कैद हुन सक्छ न कीर्तिपुरमा कोच्चिएरै बस्न सक्छ । अमेरिकामा पनि दोस्रो भाषाका रूपमा नेपाली भाषाको पाठ्यक्रम तयार भएको छ भने बेलायतको राजधानी लन्डनको एउटा स्कुलले आफ्ना दुई दर्जन नेपाली विद्यार्थीका लागि नेपाली पाठ्य पुस्तकको व्यवस्था गरेको छ । भारतमा त नेपालमा भन्दा पहिले नै नेपाली पढ्न पाउने व्यवस्था थियो ।

'हेलो !! ,आजका फस्ट कलर टेलिफोन लाइनमा आइसक्नु भएकोछ । जस्ट कुराकानी गरौँ ल उहाँसँग ? हलोओ ! म यहाँलाई आफ्नै फेबरेट प्रोग्राममा वेलकम भन्न चाहन्छु । यहाँको गुड नेम के पर्‍यौ होला ? आज तपाईँ केमा बिजी हुनुहुन्छ ? अब बज्ने ब्युटिफुल गीत कसका नाममा सेलिब्रेट गर्न चाहनु हुन्छ ? स्टडी कहाँसम्म पुग्यो ? एक्जाम सकियो ? पेपर त सलिड गयो होला नि ?कस्तो रिजल्टको होप राख्नुभा'छ त ? तपाईँका फ्रेन्ड्स्हरू पनि होलान् । कस्तो लाइफ स्टाइल लाइक गर्नुहुन्छ ? अनि तपाईँको सोख चाहिँ के छ नि ? ब्वाय फ्रेन्डसित लङ ड्राइभमा जाने ? वाओ !! तर आफूमा एडल्टनेस नआउन्जेलसम्म यस्ता कुरामा हतार नगर्दा नै बेस होला ।'

यो हो आजको विद्युतीय नेपाली जसलाई सम्पूर्ण युवा जमातले बडो चाखका साथ सुन्छ र बोल्छ । यही जमात हो भोलिको नेपाल र यसैले बोल्ने नेपाली हो भोलिको नेपाली । भाषा त त्यो पानी हो जसलाई मुठीमा अँठ्याउन खोज्दा अन्जुली नै खाली हुन्छ जसरी पण्डितहरूको हातबाट संस्कृत खुस्केको छ ।

त्यसैले भाषा कस्तो हुने भन्नेबारे कोठे गोष्ठी र ओठे गफ होइन सार्वजनिक बहस चलाउनु परेको छ । औँलामा गनिने प्राज्ञ र विश्वविद्यालयको चौघेराका प्राध्यापकहरूको नेपाली मात्र नेपाली होइन ,न त आफूलाई नेपालीभाषी भन्ने खसहरूको नेपाली मात्र नेपाली हो । नेपाली जाति ,संस्कृति र राष्ट्रियता हुने सबै नेपालीको साझा भाषा नै नेपाली हो ।

· cgbj / cgblt

# सूर्यकुमारी पन्त

– यशु श्रेष्ठ

(माता मंगलदेवी ओझा तथा पिता चन्द्रदेव ओझाकी सुपुत्रीका रूपमा २००४ साल कार्तिक ०४ गते काठमाडौंको ओटुटोलमा जन्मनुभएकी सूर्य कुमारी पन्तले त्यसबेलाको एक मात्र संचार माध्यम रेडियो नेपालमा २०३४ सालदेखि प्रवेश गरी कार्यक्रम सञ्चालन गर्न थाल्नुभयो । खास गरी हामी उहाँलाई 'महिला कार्यक्रम' सञ्चालकको रूपमा चिन्ने गर्दछौं । महिला र पुरूषबीचमा रहेको भेदभाव, महिला जागरण, महिलाहरूका समस्या र त्यस माथिका समाधान जस्ता कुराहरूलाई सशक्त रूपमा उठाएर महिला दिदी-बहिनीहरूको मन जित्न सफल सञ्चालक सूर्यकुमारी पन्त रेडियो नेपालमा करारको जागिरेदेखि उपनिर्देशकसम्मको जिम्मेवारी वहन गर्न सफल हुनुभयो । रेडियो नेपालकै जागिरको क्रममा अमेरिका, थाइल्याण्ड, मलेसियाजस्ता देशहरूको भ्रमण गर्नुभएको उहाँ सिम्पल सम्मान लगायत सम्मान र पुरस्कारबाट सम्मानित हुनुहुन्छ । तर स्रोताहरूले गरेको अपार मायाको सम्मानभन्दा ठूलो अरू सम्मान केही जस्तो नलाग्ने उहाँ बताउनुहुन्छ । बालककालमै विवाह भएर बाल्यअवस्थादेखि नै एकल महिला (बालबिधुवा) रहनु भएका उहाँ आफ्नै किसिमले मिहिनेत र सङ्घर्ष गर्दै अगाडि बढ्नु भयो । सबै दाजुभाइ विदेशिए पनि उहाँले आफ्नी मातालाई साथमा लिएर यतिखेर पनि वृद्धवस्थाकी माताको हेरचाहमा तल्लीन हुनुहुन्छ ।

उहाँ यतिखेर निसाहाय सेवा सङ्घ, सञ्चारिका समूह लगायतका सङ्घसंस्थाहरूमा रहेर समाजसेवा गरिरहनु भएको छ । साथै वसुधा बचत तथा ऋण सहकारी संस्थाको उपाध्यक्ष रहनु भएको छ । बि.एफ.बि.एस. (British Force Broad casting service)बाट नेपालको भाषा, साहित्य, संस्कृति, जातजाति, पेशा, पर्यटकीय क्षेत्र आदिका बारेमा जानकारी दिने कार्यक्रम 'नेपाल दर्पण' पनि सञ्चालन गरिरहनु भएको छ । प्रस्तुत छ, यसपत्रिकाका सहायक सम्पादक यशु श्रेष्ठले उहाँसँग विभिन्न विषयमा गर्नुभएको कुराकानीको सारसंक्षेप- सम्पादक)

**रेडियोमा कसरी प्रवेश भयो ?**

म नेपाल आदर्श मा.वि.मा शिक्षिकाको रूपमा कार्यरत थिएँ । त्यही स्कुलका शिक्षक मित्रले रेडियोको विज्ञापन देख्नु भएको रहेछ । 'तपाईंको स्वर राम्रो छ । तपाईं रेडियोमा जानुस् भनेर कर गर्नुभयो । म जान्न । मलाई स्कुलकै बालबालिकाहरूलाई पढाउन राम्रो लाग्छ नै । एउटा निवेदन त लेख्नुस्, म पुऱ्याउइदिन्छु भन्नुभयो । उहाँले भनेर नै जाँच दिन गएँ । जा(ँचमा भ्वाइस टेष्ट भयो । लिखित जाँच पनि दिएँ तर त्यसको छ-सात महिनासम्म केही पनि चासो गरेको थिइनँ । के सुर चलेर एकदिन रेडियोमा फोन गरेको त म पास पो भएकी रहेछु । रेडियोका कर्मचारीले तपाईं आउनुस् भनेर भन्नुभयो । म गएँ । म त पहिलादेखि नै रेडियोको कर्मचारी भएकी रहेछु । त्यही दिन पहिलादेखिकै हाजिर गरें । त्यही दिन मेरो स्वरमा कार्यक्रम रेकर्ड गरियो र त्यही दिन बजेछ, मलाई केही थाहै भएन । मसँग शान्ता श्रेष्ठ हुनुहुन्थ्यो । हामीले त गफ गरेको जस्तो लागेको थियो । त्यो कार्यक्रम त रेडियोमा पो बजेछ । साथी, आफन्तहरूले सुनेर मलाई बधाई दिँदा पो अचम्म लाग्यो । आफ्नो पहिलो कार्यक्रम बजेको आफैंले सुन्न पाइनँ ।

**माइकमा बोल्दा डर लागेन ?**

माइकमा त भ्वाइस टेष्टकै दिन बोलेकी

हुँ । उनीहरूले नै माइक अन गरेर बोल्नको लागि भनें । जे जे उनीहरूले भने, त्यही त्यही बोलें । माइकमै बोलेकी हुँ जस्तो पनि लागेन । त्यो जाँच थियो । निर्धक्क भएर सरासर बोलें ।

**महिला कार्यक्रम नै किन रोज्नुभयो ?**

महिला कार्यक्रम सञ्चालन गर्ने सहयोगी रहेनछन् । त्यही कार्यक्रमका लागि लगे मलाई । त्यही चलाएँ । हामी राजधानीमा बसेका, सबै कुरा राजधानीकै जस्तो होला भन्ने सोचिन्थ्यो । खै कुन राजाको छोराले 'दुधभात खान नपाउने गरिब पनि छन् र हाम्रो देशमा ?' भनेर सोधेको जस्तो सोचिन्थ्यो । राजधानीकै, राजधानी वरिपरिकै, झन् राजधानी बाहिरका महिला दिदीबहिनीहरूको समस्या, पीडा सुनेर हृदय नै कस्तो कस्तो हुन्थ्यो । थाहा पाएकोभन्दा कता हो कता गहिरा समस्याहरूका पत्रहरू पनि आइपुग्थे । यस्तै समस्या, पीडाहरूबारे कुरा गर्दै समाधानका उपाय बताउन पाउँदा, आफू पनि महिला भएर होला ? आफ्ना कुराहरू पनि बताउँदै मन साट्न पाउँदा अति खुसी लाग्ने । त्यही भएर महिला कार्यक्रमसँग साइनो गाँसियो ।

हुन त मैले धेरै कार्यक्रमहरू चल(ाएँ । प्रश्नोउत्तर, त्रिवेणी आदि तर महिला कार्यक्रमबाट आफू पनि सन्तुष्ट भइन्थ्यो ।

**महिला भएर केही भेदभाव भोग्नु पर्‍यो रेडियोमा ?**

त्यस्तो केही भएन । कार्यक्रम सञ्चा(लनका लागि महिला नै आवश्यकता परेको रहेछ । सरासर आफ्नो काम गरियो । दायाँबायाँ केही सोच्ने, कसैले केही भन्ने, भेदभाव हुने केही भएन ।

**कार्यक्रममा महिलाहरूको सहभागिता कतिको हुन्थ्यो त ?**

त्यसबेलाको समाज त अहिले जस्तो कहाँ थियो र ? रेडियो नै हुँदैनथियो कति मानिससँग त । अझ समाज नै पुरुषले लिएर हिँडेको जस्तो थियो । महिलाको सहभागिता त साह्रै पातलो । विचराहरूले रेडियो नै सुन्न नपाउने अवस्था थियो । कामको चटारो, छोराछोरीको रेखदेखमै समय बित्थ्यो । त्यसैले चिठीपत्रहरू पनि कमै आउथे । आएका लेख, चिठीपत्रहरू पनि कतै नमिलेको, भन्न खोजेको कुरा पूरा भन्न नसकेको अवस्था हुन्थ्यो । हामीले नै उनीहरूको मर्म यो होला भनेर कतिको त नामै गोप्य राखेर पनि समस्याहरू पढिन्थ्यो । आफैंले मिलाइदिएर चिठीपत्र, लेखहरू वाचन गरिन्थ्यो । हामीले यसरी कार्यक्रम चलाउन थालेपछि भने सहभागिता चाहिँ बढेको थियो ।

**महिलाहरूको अवस्था, समस्या आदि पढ्दा उनीहरूकै लागि केही गरौं जस्तो लागेन ?**

रेडियोमा काम गरिन्थ्यो । हामीलाई पनि कामकै चटारो । के पो गर्न सकिन्छ र खै ? भनेको जस्तो त लाग्थ्यो । बरु सहभागीहरूको सङ्ख्या बढ्न थाले पछि महिलाहरूलाई रेडियोमा प्राथमिकता दिन थालियो । महिलाहरूले गरेको फर्माइस धेरै बजाइन थालियो । महिलाहरूकै मात्र फर्माइस बजाउने गरी हप्तामा एउटा कार्यक्रम राखियो ।

**पुरस्कार र सम्मानको अनुभव बताउनुहुन्छ ?**

स्रोताहरूले माया गर्नु र वाहवाही पाउनु नै ठूलो सम्मान लाग्छ मलाई । अहिलेसम्म पनि कतै जाँदा मानिसहरूले चिन्छन् । हाम्रा यस्ता यस्ता समस्याहरूका बारे पनि बोलिदिनुहुन्थ्यो । तपाईंले दिएको उपायले यस्तो भएको थियो आदि जस्ता कुराहरू गर्छन् । अरू पाएको तक्मा, पुरस्कार त केही हो जस्तो लाग्दैन मलाई । कामको यस्तै मूल्याङ्कन नै सोझो सम्मान हो ।

**यस क्षेत्रमा आफ्ना पुर्खाका कोही हुनुहुन्थ्यो ?**

प्रशारण क्षेत्रमा कोही पनि थिएनन् र अहिले पनि छैनन् । म त यस्तै खेलाचींमै यस क्षेत्रमाा पुगें ।

**त्यसबेलाको छोरीमान्छे तपाईं । कसरी स्कुल जान पाउनु भयो ?**

मेरा बुबा नै दरवार स्कुलमा पढाउनु हुन्थ्यो । पढ्ने वातावरण चाहिँ थियो हाम्रो घरमा । पहिलो दिन स्कुल जाँदाको अनुभव सुनाउन चाहिँ सक्दिन । बिर्सिसकें । अँ,

महाबौद्धमा 'बाबु कक्षा' भनेर सञ्चालन गरिएको थियो । आमाले हो कि बुबाले नै हो ? लगेर भर्ना गरिदिनुभयो । त्यहाँ अलिअलि सिलेटमा लेख्न सिकाए । त्यसपछि बुबाको सरूवा डोटीमा भयो । बुबाले नै बिहान-बेलुका पढाइदिने गर्नुभयो । २०१४ सालतिर होला ? स्कुल नै पढ्न भनेर पद्मकन्या स्कुल, डिल्लिबजारमा पाँच कक्षामा भर्ना भएँ ।

**रूँदाको अविस्मरणीय क्षण ?**

अनगिन्ती रोएको छु म । ती अनगिन्ती मध्ये बच्चैमा रोएको एउटा सानो घटना सुनाउँछु । ओटुटोलमै खेल्ने क्रममा मलाई कसैले पछाडिबाट धकेलिदियो । लडेर एउटा ढुङ्गामा ठोक्किएछु । मेरो काँधको हाड टुक्रा टुक्रा भएर भाँच्चिएछ । त्यतिबेला खूब रोएँ । खै आमा हो कि को आएर, त्यही भाँच्चिएको पट्टि समातेर उचाल्दै घरभित्र लानुभयो । झन् मलाई दुख्यो । रोइरहें । बच्चा हो । केही पनि भएको छैन होला भनेर उपचार गरिएन । दुईचार दिनसम्म पनि निको हुने छाँट नदेखिएपछि उपचारका लागि लगियो । पछि पो थाहा लाग्यो, काँधको हाड त धुजा धुजा पो भएछ । मलाई थाहा भएर बेस्सरी रोएको पहिलो घटना हो यो ।

बिहे गरेर श्रीमानको घर पनि देख्न नपाउँदै श्रीमानको मृत्यु हुँदा झन् कति रोएँ होला ? त्यो पीडा सुनाएर साध्य छैन ।

**बाल्यावस्थाको बानी कस्तो थियो ?**

सानोमा म खुब चकचके थिएँ । नयाँ केही काम-कुरा देख्यो कि गरिहाल्नु पर्ने, चलाइहाल्नु पर्ने । बदमास पनि थिएँ । जे कुरामा पनि हत्तार गर्ने खालको थिएँ । त्यो हत्तारोपना त अझैसम्म गएको छैन । तर अहिले त यस्ता कुरामा सचेत छु ।

**पहिलोपटक गरेको विदेश भ्रमण ?**

मलेसिया हो मेरो पहिलो विदेश भ्रमण । 'विमेन एण्ड मिडिया' विषयको सेमिनारमा गएको थिएँ । धेरै देशका महिला प्रतिनिधिहरू आएका थिए । उनीहरूसँगको भलाकुसारी, महिलाका अवस्थाका बारेमा छलफल गर्न पाउँदा रमाइलो लाग्यो । केही गाह्रो, अप्ठेरो लागेन । आफ्नो देशकाबारेमा मज्जाले बताएँ अनि अरूका देशकाबारेमा सोधें ।

**कुनै पुरूषसँग आकर्षित भएको, प्रेम प्रस्ताव कसैले वा कसैलाई राख्दाको क्षण छन् ?**

त्यसबेलाकी छोरी मान्छे, कहाँ प्रेम प्रस्ताव राख्नु ? कुनै पुरुष देखेर आकर्षित भए पनि त्यसको केही अर्थ थिएन । माइतमा हुन्जेल बुबाआमाको खटन, बिहे गरेर गए पछि श्रीमान र सासुको खटनमा बस्नु पर्ने अवस्था, मानौं छोरी मान्छे टाँगाको घोडा जतिकै हो, त्यस्तो बेलामा यस तर्फ केही ध्यानै गएन । यसको केही अनुभव नै भएन ।

**विवाह गर्दाको क्षण ?**

विवाहको दिन धेरै रोएकी थिएँ । म विहे गर्दिन भन्नेमै अडिग थिएँ । मैले भनेर के लाग्थ्यो र ? बुबाले भनेपछि बिहेको लागि तयार बन्नै पऱ्यो । 'तेरो पढाइ छुट्दैन । हामी तेरै साथमा छौं नि । किन पीर मान्छेस् । तँलाई राम्रो हुन्छ ।' आदिआदि भनेर बुबाले धेरै सम्झउँनु भयो । विहेको लागि म तयार त भएँ तर मन तयार भएको थिएन । धेरै धेरै दुःख लागेको थियो । धेरै धेरै आँसु झारेकी थिएँ ।

**विहे पछि माइतमा फर्कदाँ ?**

विहे गरेर जानु पर्ने सुदुर पश्चिमको बैतडी जिल्लामा । म पढ्दै थिएँ । एस.एल.सी. सकेर श्रीमानको घर जान्छु भन्नेमा थिएँ । दुईचारदिन न्यूरोडतिर कोठा भाडामा लिएर बसियो । त्यसपछि माइतमै बसें । श्रीमानको घर नै गइन, त्यसैले माइत फर्कदाको केही अनुभव भएन ।

अझ तीतो कुरा त श्रीमानसँग राम्ररी चिनजान, हाँसखेल नहुँदै श्रीमान बित्नुभयो । त्यसपछि त के माइत, के घर । आफैंले जीवनलाई सम्हाल्दै आफ्नै जीवनमा फर्किएँ ।

**तीतामीठा क्षण सम्झँदै जीवनलाई फर्केर हेर्दा ?**

त्यसबेलाकी छोरीमान्छे । छोरीलाई पढाउनु पर्छ भन्ने चेतना नै नभएको समयमा

पढ्न पाएँ । जागिर खाँदै अध्ययनलाई अगाडि बढाउन सकें । आफ्नै कमाइले बाँच्न सफल भएँ । हजारौं हजार महिलाका समस्या, दुःख, पीर, मर्का, खुसीयालीमा सहभागी हुँदै उनीहरूलाई पढ्न पाएँ । कतिका समस्यामा समाधानको महलम लगाउन पाएँ । यस्तै रह्यो मीठा क्षणहरू । तीता क्षणका कुरा गरेर साध्य छैन । जीवनमा धेरै तीता क्षणहरू भोगियो । मीठा बाहेकका सबै तीता क्षण नै हुन् ।

जीवनमा धेरै पटक हतोत्साही पनि भएँ । किन पढ्ने ? के का लागि पढ्ने ? किन बाँच्ने ? के का लागि, कसका लागि बाँच्ने ? किन काम गर्ने ? ओहो साह्रै तीता क्षणहरू बिताइयो । एस.एल.सी. पछि धेरै पछिसम्म पढाइ पनि बिग्रियो । निराशाले तान्दै लग्यो जीवनलाई । निराशाले नै अगाडि बढायो । निराशा बीच नै काम गर्दै जीवनलाई व्यस्त बनाएँ । यताउता केही नसोची एकोहोरो जीवन बिताउँदै गएँ । फट्याइँ बठ्याइँ, लोभ केही भएन जीवनमा । सोझो, इमान्दारी हिसाबमा समय बित्दै गएछ । कस्तो जीवन र उमेरबाट यस्तो जीवन र उमेरमा आइपुगेछु । आफैंलाई छक्क लाग्छ ।

**हाल के-के गर्दै हुनुहुन्छ ? कस्तो लागिरहेको छ जीवन र समय अनि समाज ?**

दुई दाजु अनि दुई भाइ विदेशमा जीवन बिताउँदै छन् । एउटा दाजु विदेशमै बित्नुभयो । सतासी वर्षिय आमालाई साथमा लिएर उहाँकै सेवासुसार गरिरहेकी छु । बि.एफ.बि.एस. मार्फत आफ्नो देशको चिनारी दिने विषयवस्तुबारे बोलिने 'नेपाल दर्पण' कार्यक्रम सञ्चालन गरिरहेकी छु । निसाहाय सेवा सङ्घ तथा सञ्चारिका समूहमा रहेर केही कामहरू गर्दैछु । यसरी नै जीवन बितिरहेको छ । रमाइलै लागेको छ जीवन । तर आफू बिरामी पर्दा, अशक्त हुँदा के पो होला ? को पो साथमा रहला र ? भन्ने कुरामा अत्यास लागेर आउँछ । समय, समाज सबै झन् झन् स्वार्थी, एकलकाटे बन्दैछन् । सेवा, माया, ममता जस्ता कुराहरू एक्लिदै गएको भान गरेकी छु । शक्तिको मात्र पूजा गर्ने, चाकरी गर्ने, त्यही शक्ति शक्तिहीन भएपछि रछ्यानमा फालिदिने, फर्किएर नहेर्ने प्रवृति आइरहेको महसुस गरेकी छु ।

**मैले नसोधेको तर केही कुरा भन्नै पर्ने बा(ँकी छ त ?**

यत्रो जीवनमा यतिमात्र कुराले त के सिधिन्थ्यो र ? भन्नै पर्ने धेरै कुराहरू बाँकी छन् । सबै कुरा भनेर साध्य नै छैन ।

महिलाहरूका बारेमा काम गर्ने भनेर प्रोपोगाण्डा चाहिँ धेरै छ यो देशमा । तर काम चाहिँ माखो जति पनि भएको पाउ(ँदिन । हल्लाखल्ला मात्र धेरै गर्दछन्, ती हल्लाखल्ला गर्नेले आफ्नै पेट भर्दछन् । पेट भर्न नपाए मात्र विरोधमा उत्रने गर्छन् । नत्र चुपचाप । जसको शक्ति, उसको भक्ति छ । लैङ्गिक असमानतामा केही फरक परेको छैन । यसमा झन् पो जटिल कुराहरू थपिँदै गएको छ । यसबारे कसैलाई चिन्ता छैन । महिला महिलाबीच नै भेदभाव, असमानता छ । कतैका महिला युरोप, अमेरिकाको जस्तो अधिकार, भोगविलासमा रमेकाछन् । कतैका महिला अझै बर्बर युगकै जीवन भोगिरहका छन् । यस्ता असमानता हटिदिए हुन्थ्यो । महिलाका लागि काम गर्ने भनेर हल्लाखल्ला गर्नेले राम्ररी काम गरिदिए, सबै स्थानमा चेतना पुगे, महिलाले महिला(लाई चिने, सम्बन्धित पक्षको ध्यान यतातिर गइदिए हुन्थ्यो भन्ने लाग्छ ।

# सङ्कथनका घटक : समाख्यान शास्त्रीय प्रारूप

– दीपक ढकाल

## १. परिचयः

सङ्कथन वाक्यात्मक संरचना भन्दा माथिल्लो भाषिक तथा गैर भाषिक क्रियाकलापलाई समाजका व्यापक सन्दर्भमा हेर्ने अवधारणा हो । यो भाषा विज्ञानको क्षेत्रमा चम्स्कीको वाक्य व्याकरण सम्बन्धी मान्यताले दबदबा कायम गरेको समयमा विकसित आवधारणा हो । यस अवधारणा तर्फ सर्वप्रथम ह् यारिसको स्ट्रक्चरल लिङ्ग्विस्टिकको प्रकाशनले सङ्केत गर्यो । त्यस पछि साहित्या र समाज भाष विज्ञानका क्षेत्रमा यसको बिस्तर हुन थाल्यो । फुकोले साहि( त्यका क्षेत्रमा र बधुघ, लेभिन्सन लगायतले समाज भाषा विज्ञानका क्षेत्रमा यसलाई प्रयोग गरे । प्रस्तुत लेखमा साहित्यिक पाठलाई आख्यान संरचनाको कोणबाट हेर्ने अवधारणाको सङ्क्षिप्त परिचय प्रस्तुत छ । मुख्यात अख्यान संरचनालाई आख्यान शास्त्री ल्यावोवको मोडेल र त्यसका अनुयायीले प्रस्ताव गरेको अवधारणाका आधारमा आख्यान संरचना विश्लेषण प्रारुप प्रस्तुत गरिएको छ ।

## २. सङ्कथनका घटक

सङ्कथनको संरचनामा आउने एकाइ नै सङ्कथनका घटक हुन् । सामाजिक प्रकार्यको प्रतिविम्बनका रूपमा आउने साहित्यिक लेख्य पाठका संरचनागत एकाइ हुन्छन् । घटना (इभेन्टस्), सोपान क्रम (हाइरार्की), सहभागी (पार्टिसिपेन्टस्), परिवेश (सेटिङ), सम्बद्धक (कोहेजन), पश्चवर्तीका विपरीत अग्रवर्ती सूचना (ब्याकग्राउन्डेड भर्सेज फोर ग्राउन्डेड इन्फरमेसन), नयाँका विपरीत पुरानो सूचना (न्यू भर्सेज ओल्ड इन्फरमेसन) लाई मुख्य घटक मानेका छन् (इल्समन्ड पिकेट, १९८८ : १६२-१६८)। यसले सङ्कथनका रूपमा पाठलाई सामग्री मानी त्यसैको भाषावैज्ञानिक विश्लेषणमा जोड दिएको छ । नेपाली समालोचनामा परम्परावादी ढपको अन्त्य गर्ने वस्तुनिष्ठ, अन्तर्विषयक र भाषावादी कोणका रूपमा (शर्मा, २०६३) ले आख्यान विश्लेषणको प्रारूप अन्तर्गत ल्याबोब र स्टर्बबाट आवश्यक आधार लिई वस्तुसार, अभिमुखीकरण, मूल्याङ्कन, आख्यान उपवाक्य, परिणाम र कथान्तकको प्रारूप प्रयोग गर्न सकिने मान्यता उल्लेख गरेका छन् (शर्मा, २०५५ : ३०९) । उनको यस प्रारूपले आख्यान परक लेख्य पाठको विश्लेषणमा विश्लेषण ढाँचाको सैद्धान्तिक खाका र प्रायोगिक पक्षलाई जोड दिएको छ । शर्माले यिनै प्रारूपमा परोक्ष रूपले सहमति जनाउँदै कृतिको पाठपरक विश्लेषणको आधार अन्तर्गत सम्बद्धता, संसक्ति, विधात्मकता, हेतुत्व, स्वीकार्यता, स्थिति परकता, सूचनात्मकता र अन्तर्पाठात्मकता खोजी गर्नुपर्ने धारणा उल्लेख गरेका छन् (शर्मा, २०६६ : २७०) । उनको यस प्रारूपमा पूर्ववर्ती प्रारूपबाट आधार ग्रहण गरी आख्यानात्मक पाठ विश्लेषणमा पाठ व्याकरणका युक्तिहरूको प्रयोग हुने धारणा पाइन्छ पौडेल, (२०६६) ले आख्यानात्मक संरचनाका स्थूल र सूक्ष्म संरचना उल्लेख गर्दै ल्याबोब र टुलानले प्रस्ताव गरेका आख्यान संरचनालाई क्रमशः हिरक चित्र र वृत्तांश चित्रमा प्रस्तुत गरी तिनका अन्तर्सम्बन्धको विस्तार गरेका छन् । उनले प्रस्तुत गरेका आख्यानात्मक संरचनाको चित्र प्रस्तुति यस प्रकारको देखिन्छ :

आख्यानात्मक संरचना अन्तर्गतका यी तत्वहरूले आख्यानयुक्त पाठमा सहभागी तत्व र तिनको संघटनात्मक प्रतिफलका रूपमा पाठ

आरेख नं. २.४



आउने धारणा स्पष्ट छ । समाख्यानात्मक सङ्कथनका तत्वहरूको विश्लेषणका निम्ति अधिकारी (२०६१) ले जेराड जेनेटले कथा सङ्कथन (न्यारेटिभ डिस्कोर्स, १९७२) मा प्रस्ताव गरेका तत्वगत आधार (क्रम र समयावधि, आवृत्ति र मनोदशा) को अन्तर्सम्बन्ध र खोलुवा प्रस्टृया( एका छन् (अधिकारी, २०६१ : १७९) । यिनले क्रम अन्तर्गत पूर्व प्रयोगको व्यवस्था, समयावधि अन्तर्गत विस्तारित, संयोजित र विरामको प्रयोग, आवृत्ति अन्तर्गत आख्यानभित्र निश्चित घटनाको आवृत्तिगत प्रयोगले पार्ने प्रभाव पर्ने उल्लेख गरेका छन् । मनोदशा अन्तर्गतको दुरी र दृष्टिकोणले कथकको घटनासँगको स्थितिलाई देखाउने बताएका छन् । उनका यी तत्वगत आधारहरू समाख्यानको स्थूल संरचनाको प्रतिफलनका आधार बनेका छन् । सङ्कथन विश्लेषणका प्रारूप निर्माणमा आख्यान कसरी अगाडि बढ्नुपर्छ र पाठमा आएका खोलुवा शब्दले दिने जानकारीमा भर पर्ने उल्लेख पूर्व चरम अवस्था, उच्च अवस्था र अन्तर चरम अवस्था, समापन र अन्त्य आउने धारणा (ड्रेसलर, १९७८ : १०५) पाइन्छ । यसले आख्यानको स्थूल संरचना र त्यसको योजना सम्बन्धी पक्षलाई सङ्केत गरेको छ । आख्यान रचनाका अतिरिक्त सहभागी सम्बद्धक र यसका बाह्य घटक लाई पनि यिनले सङ्कथनका घटक अन्तर्गत प्रस्तुत गरेका छन् । समाख्यानात्मक सङ्कथनमा आख्यानलाई पृष्ठभूमि बनाएर विश्लेषण गर्न सकिने मान्यता (ड्रेसलर, १९७८) लाई उल्लेख गरिएको छ । शर्मा (२०५९) ले पनि आख्यानका संरचक घटक अन्तर्गत विषयसूत्र, कथानक, पात्र र अन्य (परिवेश, वातावरण, भावात्मक स्थिति, आशय र प्रयोजन, खास पात्रप्रति सहानुभूति र स्वर) रहने धारणा उल्लेख गरेका छन् । आख्यानका घटक सम्बन्धी उनका यी मान्यता आख्यान संरचना अन्तर्गत समेटिने प्रकृतिका छन् ।

उल्लेखित तथ्यहरूलाई हेर्दा समाख्यानात्मक सङ्कथनमा आख्यान संरचना रहने र त्यसको घटकीय योजना अध्ययनको विषय बनेको पाइन्छ । यसैले आख्यान संरचना समाख्यानात्मक सङ्कथन प्रथम र स्थूल तत्वका रूपमा देखा पर्दछ । त्यसैगरी सहभागी र सम्बद्धक व्यवस्था पनि सङ्कथनका घटक अन्तर्गत पर्दछन् । यस आधारमा सङ्कथनका मुख्य तीन घटक आख्यान संरचना, सहभागी र सम्बद्धक व्यवस्था पर्दछन् ।

## २.१ आख्यान संरचना

समाख्यानात्मक सङ्कथन विश्लेषणमा आख्यान योजना मुख्य विषय बन्दछ । आख्यानको निर्माणमा केकस्तो योजनाको प्रयोग गरिएको छ र त्यसको पूर्वापर सम्बन्ध युक्त घटकीय विन्यासको स्थिति के छ ? भन्ने विषय आख्यान संरचनासित जोडिएको हुन्छ । शर्मा (२०६३) ले आख्यान विश्लेषणको सङ्कथनात्मक प्रारूप अन्तर्गत वस्तुसार, अभिमुखीकरण, मूल्याङ्कन, आख्यान उपवाक्य, परिणाम र कथान्तकलाई आख्यान संरचनाका अवयव मानेका छन् । यसैसँग मिल्दो किसिमको आख्यान योजनाका प्रमुख अवयवका रूपमा ड्रेसलर (१९७८) ले प्रस्थान, चरण, पूर्व चरम, चरम, उत्तर चरम, समापक र अन्त्य रहने धारणा उल्लेख गरेका छन् । समाख्यानात्मक सङ्कथनको निर्माणमा आख्यानको विभिन्न अनुच्छेदको ढाँचा प्राप्त गर्ने र तीन अनुच्छेदहरूले आख्यानलाई खास एकाइ प्रदान गर्ने धारणा उल्लेख गरिएको छ (इल्समन्ड पिकेट, १९८८ : १६४) । यिनले अनुच्छेदको निर्धारणमा त्रि( ञ्याको पक्षमा आएको परिवर्तन (चेन्ज अफ आस्पेक्ट), स्थितिमा आएको परिवर्तन (चेन्ज अफ लोकेसन), संयोजन र एकाइ (कनेक्टिङ पार्टिकल), अग्रता (फ्रन्टिङ), समय (टाइम) र मूल्याङ्कन (इभाल्यूसन) को भूमिका रहने र लामा सङ्कथनहरूमा अनुच्छेदले आख्यानको भाग (एपिसोड्स) निर्माण गर्ने धारणा राखेका छन् ।

पाठको विश्लेषणका निम्ति स्थिति सन्दर्भ (कन्टेक्स अफ सिचुएसन), मुख्य घटक बन्ने धारणा (ह्यालिडे, हसन, १९९१ : ४५) छ । सन्दर्भको विश्लेषणमा सङ्कथनको क्षेत्र (फिल्ड अफ डिस्कोर्स) र सङ्कथनको सहभागी (टेनर अफ डिस्कोर्स) र सङ्कथनको भाषा (मोड अफ डिस्कोर्स) लाई मुख्य आधार मानिएको छ । यसैलाई डिजिक (१९९७) ले थप प्रस्ट पारी क्षेत्र (सामाजिक प्रकार्य) अन्तर्गत के भइरहेको छ ? कस्तो प्रकृतिको सामाजिक कार्य देखापरेको छ । सहभागीहरू के मा आबद्ध छन् ? भन्ने पक्ष अध्ययन हुनुपर्छ ? सङ्कथन विश्लेषणमा ह्यालिडे र डिजिकले प्रस्ताव गरेका क्षेत्रसम्बन्धी धारणा समाख्यानात्मक सङ्कथनअन्तर्गत वस्तुयोजनासँग निकट देखिन्छ । त्यसैले यसलाई आख्यान संरचनासँग सम्बद्ध बनाई अध्ययन गरिएको छ ।

उपर्युक्त तथ्यहरूको संश्लेषणका आधारमा

आख्यान संरचनाको अवयवका रूपमा मुख्य रूपले ड्रेसलर र शर्माको प्रस्तावलाई समन्वय गरी आख्यान संरचनाका खास प्रतिमान निर्धारण गर्न उपयुक्त देखिन्छ । यस आधारमा आख्यानका अभिमुखीकरण (पूर्व चरम, चरम), मूल्याङ्कन परिणाम (उत्तर चरम, परिणाम), कथान्तक (समापक) देखिन आउँछन् ।

### २.१.१ अभिमुखीकरण

आख्यानात्मक सङ्कथनको प्रारम्भ प्रायः अभिमुखीकरणसँग सम्बन्धित हुन्छ। अभिमुखीकरण आख्यान योजनाको पाठकलाई केन्द्रीकृत गर्ने मुख्य उपकरण हो । शर्माले अभिमुखीकरण भनेको आख्यानकारले पाठकलाई आख्यानतर्फ तान्न र डोऱ्याउनका लागि गर्ने प्रयास हो भनेका छन् (शर्मा, २०६३ : ३१०) । अभिमुखीकरणको पहिचानमा विशेषतः आख्यान उपवाक्यले सङ्केत गरेका समय, स्थान, व्यक्ति, क्रियाकलाप र स्थितिको पहिचान हुनु पर्छ । यसले आख्यान कहिलेको, कहाँको, केसँग सम्बन्धित जस्ता पक्षहरूलाई प्रस्ट् याउँछ ।समाख्यानात्मक सङ्कथन छ भने घटना रेखा (इभेन्ट लाइन), पात्र रेखा (एजेन्ट लाइन) र सम्बद्धक रेखा (रिपार्टी लाइन) को सङ्केत गर्ने घटना रेखाले क्रमिक घटना (सक्सेटिभ इभेन्टस्), क्रमिक समय (सक्सेटिभ टाइम), स्थानक्रम (सक्सेटिभ प्लेस) को प्रयोग वा तिनको संयोजन देखाउँछ (ड्रेसलर, १९७८ : १०६) । ड्रेसलरको यस मान्यतामा समग्र आख्यान संरचनामा त्यसको योजना केकस्तो रहन्छ भन्ने विषय मुख्य रूपले आएको छ। त्यसैगरी आख्यान संरचनामा देखापर्ने घटकहरूको विश्लेषणमा डिजिक (१९९७) ले ल्याबोब (१९७२) मा उल्लेख गरिएका वस्तुसार (एस्ट्र्याक), अभिमुखीकरण (ओन्टिसन), आख्यान उपवाक्य (कम्प्लिकेटिङ एक्सन), मूल्याङ्कन (इभ्यालुएसन), परिणाम (रिजल्ट), कोडा (समापक वाक्य, अनुच्छेदको प्रयोग हुने धारणा उल्लेख गरेका छन् । यस अन्तर्गत पनि अभिमुखीकरण आख्यान संरचनाको घटकका रूपमा आएको छ ।

उल्लेखित तथ्यका आधारमा आख्यान संरचना अन्तर्गत अभिमुखीकरण एउटा घटक रहने कुरा पुष्टि हुन्छ । यसले आख्यानमा विस्तारपूर्वक वर्णित घटना, स्थान, व्यक्ति, क्रियाकलाप आदिको पूर्व सङ्केत प्रदान गर्दछ ।

### २.१.२ मूल्याङ्कन

आख्यान संरचनामा मूल्याङ्कन मुख्य घटना वा समस्या सापेक्ष रूपमा आएका बुँदाहरूको विस्तारसँग सम्बन्धित हुन्छ । समाख्यानात्मक सङ्कथनमा आख्यान निर्माणका लागि निश्चित घटना, समस्या वा पक्षलाई मुख्य कुराका रूपमा प्रस्तुत गरेको हुन्छ (शर्मा, २०६३ : ३११) । उनको यस धारणाले आख्यान निर्माणमा प्रयोजनसँग सम्बद्ध समस्यालाई पुष्टि गर्ने र त्यसको तार्किक विकासको घटना आउने धारणा पाइन्छ । आख्यान संरचनामा मुख्य घटना (इम्पोर्टेन्ट इभेन्ट) को शृङ्खला व्यक्त गर्न र पूर्व घोषणा (प्रेडिक्ट) व्यक्त प्रयोग गरिएको हुन्छ भन्ने मत पाइन्छ (ड्रेसलर, १९७८ : १०७) । मूल्याङ्कन अन्तर्गत आख्यान योजनाको प्रकृतिलाई पनि हेर्नुपर्ने धारणा डिजिकले उल्लेख गरेका छन् । यिनले आख्यान उद्देश्यमा केन्द्रित रहेको वा नरहेको सम्बन्धमा आख्यानका प्रकार समेत उल्लेख गरी स्टेन र ग्लिनन (१९७९) ले प्रस्ताव गरेका परिवेश (सेटिङ), प्रारम्भ (बिगिनिङ), सामान्य प्रतिक्रिया (सिम्पल रिएक्सन) र समापन (इन्डिङ) लाई आख्यान योजनामा मूल्याङ्कन सँग जोडेर हेर्न सकिने उल्लेख गरेका छन् ।

(डिजिक, १९९७ : १९६) । यसरी आख्यान संरचना अन्तर्गत मूल्याङ्कन मुख्य घटना, विषय वा समस्यालाई पुष्टि गर्दै त्यसको तार्किक विकासका निम्ति गरिएको योजना हो भन्ने पुष्टि हुन्छ । त्यसैले आख्यान संरचनामा समस्याको तार्किक विकासको अध्ययन समाख्यानात्मक सङ्कथनमा मुख्य विषय बन्ने गर्दछ ।

### २.१.३ परिणाम

आख्यानको अन्त्यमा हुने फलागम नै परिणामका रूपमा आउँछ । परिणाम चरमपछिको निगतितिरको उन्मुखता र त्यसको अवसानमा आधारित हुन्छ । आख्यान योजनामा सङ्घर्ष विकासले विवृत रूप प्राप्त गर्दछ भने चरमपछिको सङ्कटावस्था र निगतिले घटनालाई समेट्दै लगी संवृत्त भागको निर्माण गर्दछ । परिणाम भन्ने तत्व आख्यानको विवृत्ति भागमा होइन, संवृत्ति भागको पुछारतिर निगतिसँगै प्रकट हुन थालेर प्रायः त्यसपछि, टङ्कारो रूपमा देखिन्छ । परिणाम मुख्यतः पात्र वा पात्रहरूले पाउने फलका रूपमा देखा पर्दछ (शर्मा, २०६३ : ३१३) । समाख्या( नात्मक सङ्कथनका सबालमा ड्रेसलरले यसलाई समापक मानेका छन् (ड्रेसलर, १९७८ : १०५) । उल्लेखित तथ्यका आधारमा समाख्यानात्मक सङ्कथनको आख्यान संरचनामा पात्रले पाउने फल

विशेष नै परिणाम हो ।

### २.१.४ कथान्तक

आख्यान संरचनाको अन्त्य अवस्था नै कथान्तक हो । समाप्तिको खास अवस्थालाई नै कथान्तकका यो रूपमा लिइन्छ । आख्यान निर्मित हुने भएकाले अन्त्य पनि योजनाकै प्रतिफलन हुने भएकाले यसलाई स्वयं टुङ्गिने नभई टुङ्ग्याइन्छ । आख्यानलाई टुङ्ग्याएर बिट मार्न समापक वाक्य (अनुच्छेद) को प्रयोग आख्यानकारले गरेको हुन्छ । जसलाई कथान्तक भनिन्छ (शर्मा, २०६३ : ३१४) । शर्माले समापकलाई योजनाबद्ध टुङ्ग्याइका रूपमा लिएका छन् । समापकमा आख्यानकारले निश्चित प्रतिक्रिया, धारणा, दृष्टिकोण, सम्मति, विमति, सन्देश वा वस्तुस्थितिको जानकारी दिने उद्देश्य राख्दछ । समाख्यानको संरचनामा सूत्रात्मक प्रारम्भ र सूत्रात्मक अन्त्य रहने गर्दछ । सूत्रात्मक अन्त्यलाई समापक संज्ञा दिनुपर्ने धारणा (ड्रेसलर, १९७८ : १०४) छ ।

उल्लेखित तथ्यका आधारमा आख्यानमा सूत्रात्मक अन्त्य हुने र त्यही नै कथान्तकका रूपमा देखा पर्ने गर्दछ । यस्तो समापकता वाक्यात्मक संरचनामा वा अनुच्छेदगत ढाँचामा समेत देखा पर्दछ ।

## ३. निष्कर्ष :

लिखित पाठलाई सङ्कथन मानी विश्लेषण गर्नु नै साहित्यको सङ्कथनात्मक विश्लेषण हो । लिखित पाठमा आख्यान रहेको अवस्थामा त्यसको विश्लेषण आख्यान शास्त्रीय ढङ्गको हुने गर्दछ । अन्तवार्क्यात्मक सम्बन्धको अध्ययनमा आधारित हुने भएका कारण सङ्कथनभित्र अख्यानको श्रृङ्खलात्मक विकासलाई अध्ययन गरिन्छ । यस्तो सम्बन्धको योजनाबद्धताले आख्यानको पाठ निर्माणमा मूलभूत रूपले चारवटा घटक निर्माण गर्दछन् । अभिमुखीकरण आख्यान योजनामा समग्र सामाजिक परिवेशको सङ्क्षिप्त र सूत्रात्मक पूर्व सङ्केत हो । मूल्याङ्कन आख्यान योजनाको तार्किक विकाससँग स्वाभ( ाविक , परिणाममुखी यो सम्बन्धित हुन्छ । समाख्यानात्मक सङ्कथनमा परिणाम सहभागीले पाउने फल हो । आख्यानको विवृति पश्चात निर्गतितिरको उन्मुखतासँगै परिणाम देखा पर्दछ । अन्तमा सहभागीले के फल प्रप्त गर्दछ ,त्यो नै परिणाम हो । आख्यानको समाप्ति नै कथान्तक हो । आख्यान निर्मित हुन्छ ,त्यसैले वाक्य वा अनुच्छेदको ढाँचामा कथान्तक बनेर देखा पर्दछ । आख्यानमा देखिने यस्तो सूत्रात्मक अन्त्य नै कथान्तक हो ।

---

**सन्दर्भ सामग्री सूची**

**अधिकारी, इन्द्रविलास.** २०६१. **पश्चिमी साहित्य सिद्धान्त, काठमाडौं : साझा प्रकाशन ।**

**पौडेल, परशुराम.** २०६६. **कथाको रूप विन्यास सिद्धान्त र विवेचना,** (दो.सं.) **काठमाडौं** : **बुद्ध एकेडेमिक पब्लिसर्स ।**

**शर्मा, मोहनराज.** २०६६. **आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना, काठमाडौं : क्वेष्ट पब्लिकेसन ।**

.................. २०५८. **कथाको विकास प्रक्रिया,** (ते.स.), **काठमाडौं : साझा प्रकाशन ।**

.................. २०५९. **शैलीविज्ञान,** (दो.स.) **काठमाडौं : ने.रा.प्र.प्र. ।**

.................. २०६३. **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** (दो.स.), **काठमाडौं : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन**

Dijik, TeuanA. Van. Discourse as structure and process. 1997. New Delhi: SAGE Publication.

Elsomand, Benjamin, Pickatt B, Velma. 1988. Beginning morphology and syntax, Dallas: The summer Institute of Linguistics.

Halliday, M.A.K, Hasan Ruqaiya. 1991. Language, context and text: Aspect of Language in a social semiotic prespective. Oxfor University Press

U, Dressler, Wolfgang (Ed). 1978 Corrunt trands in text linguiestics. Newyork: wolter de gruyenter berlin.

# श्री साईबाबा एक परिचय र डा. सुन्दरमणि दिक्षित

- चिरन्जीवि नेपाल

डा. सुन्दरमणि दिक्षितद्वारा लिखित श्री साईबाबा एक परिचय आत्मानुभव कृति नेपाली साहित्यमा आध्यात्मिक आयामका साथ प्रस्तुत भएको छ। ९ उपशीर्षकमा विभाजित यो पुस्तिका छ वटा वहाँका अनुभव मिश्रित लेख, रचना, एउटा भजन, एउटा विद्यादेवी दिक्षित रचित भजन र एउटा उपशीर्षकमा साईबाबासँग सम्बन्धित फोटो सङ्ग्रह संकलित छ। ६७ पृष्ठको उक्त पुस्तकको कभरमै शिरडी साईबाबाको चित्राअंकित हुनाले साइबाबासँग सम्बन्धित अध्यात्मिक पुस्तक हो भनी बुझ्नलाई कठिन छैन ।

प्रस्तुत पुस्तकमा ज्ञान विज्ञान अनि भौतिकता र आध्यात्मिकतालाई व्यावहारिक ढङ्गले फयुजन गराइएको छ । एउटा विज्ञान विषयको विद्वान जसले आधुनिक चिकित्सा पद्धतीलाई आफनो पेशा बनाएको छ त्यस्तो व्यक्तिको ज्योतिष, र अध्यात्प्रतिको आस्था साथै त्ससँग सम्बन्धित अध्ययन अनुसन्धानले स्वाभाविकरूपमा आफूलाई अनिश्वरवादी र भौतिकवादी ठान्ने प्रवृत्ति र मानसिकतालाई केही हदसम्म आफ्नो चिन्तनप्रति पुनर्विचार गर्न कृतिले बाध्य गराएको छ।

पुस्तकमा साईबाबाको बारेमा सुरुदेखि अन्त्यसम्मका चमत्कारीलीलाहरुको बारे उल्लेख गरिनुले साईबाबाप्रति जानकारी राख्न चाहनेहरुलाई सजिलो परिदिएको छ। लेखकको साईबाबाप्रतिको असीम र अविचलित श्रद्धा र भक्तिलाई प्रस्तुत पुस्तकले प्रतिबिम्बित गराएको छ।

एकजना वीरगन्ज निवासी मारवाडी समुदायको व्यक्ति जो मृत्युशैयामा जीवन मरणको दोसाँधमा थियो त्यसव्यक्ति र एउटा मानसिक रोगीको चमत्कारपूर्ण कहानीले ईश्वरको अस्तित्व नस्वीकार्नेलाई समेत अचम्मित र तरङ्गीत बनाउन र साँच्चै हो त ईश्वर, केहो त अदृश्य शक्ति ? त्यसका बोरमा सोच्न बाध्य बनाउनाले साईबाबा र वहाँका परमभक्त माल्सापतिबीचको संवाद तीनदिन निष्प्राण शरीर, तेस्रो रातपछि पुनजीर्वित अवस्था आदिको प्रसङ्गले पाठकलाई रोमान्चक बनाउनुको साथै त्यस्तो समेत हुन्छ ? भन्ने सम्मको मनस्थितिमा पुऱ्याउनाले कृति सशक्त, जीवन्त र ऐतिहासिक छ ।

साईबाबाको चमत्कारपूर्ण, रहस्यमयी जीवनकाबारे जानकारी दिएको उक्त पुस्तक ईश्वरप्रति श्रध्दा र भक्तिभाव बढाउनाले आफ्नो उद्‌देश्य पुराइने विश्वास दिलाउन सफल छ। मानवजीवनमा जस्तोसुकै दुःख कष्टहरु आएपनि एकपटक शिरडी साइधाम पुगेर दृढ आस्था र विश्वासका साथ आफना कष्टहरु श्रीचरणमा बन्दना गरेमा इच्छित कामनाहरु पुरा हुने कुरा विश्वास र उदाहरणका साथ व्यक्त भएकोले मनोआकांक्षा पूर्ण हुने कुराले अध्यात्मप्रति विश्वास नभएकाहरुलाई पनि त्यसपृति रुची जगाउने देखिन्छ पुस्तक अध्ययनबाट ।

धर्म, संस्कृति र संस्कारप्रति, आफ्नो स्वधर्मप्रति, मातृभूमिप्रति गौरव गर्नुपर्ने मनस्थिति बनाइदिने पुस्तक सानै आयतनको भएपनि कति प्रभावकारी छ सहजै अनुमान गर्न सकिन्छ । धर्म परिवर्तन गर्न नहुने, सवैधर्मलाई भाइचाराको दृष्टिले हेनुपर्ने, आफ्नो धर्ममा दृढ रही अरू धर्मको सम्मान गर्नुपर्ने, हाम्रो वैदिक मान्यता 'वसुधैव कुटुम्वकम'लाइ 'धनिभूत बनाइनुपर्ने, जातीय छुवाछुत र भेदभाव गर्नु नहुने सन्देश दिँदै सबैप्रति समभाव र समदर्शिताको व्यवहार लागु गनुपर्ने कुरामा कृतिले जोड दिएको छ । धर्म व्यापारको विषयवस्तु भएको जातपात र छुवाछुतको विगविगी चलेको वर्तमानमा यो पुस्तकको सान्दर्भिकता झनै बढेको छ।

ज्योतिष विद्याप्रति लेखकको आस्थालाई पाठकले सहजै बुझ्न सक्छन् र विज्ञान र वैज्ञानिकले पनि ज्योतिष विद्यालाई सम्मानपूर्वक मान्दारहेछन् भन्ने कुरा कृति अध्ययन गर्दा थाहा पाइन्छ । "हामी वैज्ञानिक र पढेलेखेकोको सम्पूर्ण शंका कहिल्यै मेटदो रहेनछ" भनी आफनै विदता त्यस्ताकाप्रति व्यङ्ग गरेका छन् लेखकले प्रस्तुत कृतिमा । श्रीराम कृष्ण परमहंस र स्वामी विवेकानन्दको प्रसङ्गले पुस्तक झनै अध्यात्मिक रसमय भएको छ ।

वरिष्ठ विद्वान डाक्टरको अनुभव र अनुभूतिप्रति शंका गर्ने ठाउँ छैन । वहाँको अनुभवहरु प्रत्यक्ष देखाई र भोगाइका कुरा पुस्तकमा मर्मस्पर्शी संस्कारलाई पूर्णरुपेण त्यागेर अत्याधुनिक प्रविधिको दुरुपयोग गरी सुखको खोजीमा हिँडेका आधुनिक मान्छेहरुमा पनि अध्यात्मिकताको ज्योति उनीहरुको मनमस्तिष्कमा प्रसार गरिदिन पुस्तक सफल छ ।

"इन्सेफलाइटिस रोगबाट अन्तिम अवस्थामा पुगेको रोगीको चमत्कारिक पुनर्जीवन" भनेर आफनो अनुभवलाई सटिक रूपमा प्रस्तुत गर्ने र साइभुतनको रचनासमेत गर्ने सिद्धहस्त साहित्यकारको रुपमा पनि जनसमक्ष आफूलाई सफल ढङ्गले प्रस्तुत गर्नुभएको छ लेखकले प्रस्तुत कृतिमा । "म तिम्रो समयाताका लागि दौडीदौडी आउनेछु तिमीले पुकारेमा" भनी बाबाले बोलेका महानवाणीलाई उल्लेख गरी ईश्वरप्रतिको आस्थालाई प्रस्तुत गरी ईश्वरको अनुशरण योग्य बनाएका छन् । साच्चै भन्नुपर्दा लेखकले समाजलाई मार्गदर्शन गर्ने एउटा सश्क्त माध्यम बनाएका छन् प्रस्तुत कृति भने धर्मले मानिसलाई असल बाटो तर्फ अग्रसर गराई सच्चरित्रवान र नैतिकवान बनाउने छ भन्नेमा पुस्तक दृढ छ भने नारायणपुर चितवनमा स्थापित श्री शिरडी साईबाबाको मन्दिर स्थापनाका झलकहरुलाई जीवन्त ढङ्गले कृतिमा समेटिएको छ ।

उक्त सबै कुराहरु उच्कृष्ट रहँदारहँदै पनि वहाँजस्तो लोकतान्त्रिक विचार राख्ने व्यक्तिले रानी जगदम्बालाई "मालिक" भनेर प्रस्तुत गर्नुभएको देखिन्छ । कसैका प्रति कृतज्ञ हुनुलाई अन्यथा सोच्न सकिदैन र त्यस्तो कृतज्ञतालाई उदार हृदयले मात्र सहर्ष स्वकार्न सक्छन यति हुँदाहुँदै पनि समान्ति अवशेष झल्कने "मालिक र दास" जस्तो शब्द प्रयोगसार्वजनिक कृतिमा सुहाउँदो दखिएन । दास र मालिक मध्ययुगीन समाजमा प्रचलित थियो । वर्तमानमा उक्त अवधारणा पूर्णत हटिसकेको स्थितिमा मालिक शब्दको प्रयोगले हाम्रो सामाजिकचेतना स्तरलाई नरामोसँग प्रस्तुत गरेको छ ।

जेभए पनि पुस्तक समग्रमा राम्रो छ र पठनीय छ । सामाजिक र धार्मिक चेतनामूलक छ । लृेखकको आस्था र परिश्रम धेरै नै छ । वर्तमानका युवापुस्ताले एकपटक पढनैपर्ने देखिन्छ । भविष्यमा यस्तै उपयोगी पुस्तक पढन पाइने अपेक्षाका साथ लेखकलाई साधुवाद ।

# अनुरोध

*यस पत्रिकाले भविष्यमा बालसाहित्य विशेषाङ्क प्रकाशनको सोच बनाएको छ। तसर्थ आदरणीय स्रष्टा तथा द्रष्टा महानुभावहरुलाई आ-आफ्ना रचना यथाशीघ्र उपलब्ध गराइ सहयोग गरिदिनुहुन हार्दिक अनुरोध छ।*

**नवप्रज्ञापन परिवार**

• ;dLIff

# प्रगतिशील विचारको विम्बमय काव्य सङ्ग्रह

**– डा.घनश्याम न्यौपाने परिश्रमी**

समकालीन नेपाली कला र काव्यिक धरातलमा रमेश श्रेष्ठले आफ्नो पृथक् पहिचान बनाइसकेका छन् । यिनी एकातिर कलात्मक अमूर्त चित्र रचनामा र अर्कातिर सुकुमार सुललित कविता संरचनामा तल्लीन देखिन्छन् । नपोतिएका रङ्गहरू(२०५२), चराहरूको पहाड(२०५५), आमानदीहरू(२०५७), बुद्धविम्ब अक्षर विम्ब(२०५८) र अक्षरको खेत(२०६५)जस्ता गीत तथा कविता सङ्ग्रह, घाँस उखेलिरहेकी केटी(२०६०) र नदी रोएको देशमा(२०६२) जस्ता प्रबन्ध काव्यका स्रष्टा रमेशको कविता र साँझ(२०६४) शीर्षकको कविताकै भि.सि.डी. समेत प्रकाशित छ । प्रकाशनका दृष्टिले यिनको पछिल्लो कृति हो चोक र तमसुक (२०६७)। यहाँ यसै कृतिको सङ्क्षिप्त समीक्षा प्रस्तुत छ ।

समीक्ष्य कृति चोक र तमसुक दुईवटा लामा कविता अर्थात् खण्डकाव्यहरूको सङ्कलन हो । चोक एउटा काव्य हो भने तमसुक अर्को । यी दुबै काव्यको संयुक्त नामबाट नै यस कुतिको नामकरण गरिएको छ । पृथक् पृथक् कथ्य वा विषयवस्तु भएका यी दुबै काव्य गद्य लयमा रचिएका छन् र अङ्कका आधारमा विभिन्न खण्ड वा प्रकरणमा विभक्त छन् । यस कृतिमा सङ्कलित पहिलो काव्य चोक हो । यसको आयाम छब्बीस पृष्ठदेखि पचपन्न पृष्ठसम्म लम्बिएको छ ।यसमा बाह्रवटा प्रकरण छन् । यी प्रकरण लघुतामा डेढ पृष्ठदेखि गुरुतामा पाँच पृष्ठसम्मका छन् । यहाँ चोक शब्द बहुअर्थ व्यञ्जकका रूपमा प्रयुक्त छ । यसले मूलतः नेपालको राजधानी काठमाडौँलाई इङ्गित गरेको छ भने समग्रतः नेपालकै इतिवृत्तसहित वर्तमान अवस्थालाई प्रतिविम्बन गर्न खोजेको छ। जीवन र जगत्का विविधता यसमा अनुकृत भएका छन् । यसमा गम्भीर भाव र सौन्दर्यमय अभि( व्यक्तिको मनोहारी समन्वय छ । यसका प्रत्येक पङ्क्तिपुञ्जमा विम्बीकरण र प्रतीकीकरणको मौलिक चमत्कार देख्न सकिन्छ । खासगरी सामाजिक र प्राकृतिक वातावरणका कलङ्कहरूका शब्दचित्रले यस काव्यमा व्याप्ति पाएको छ । सारमा भन्नुपर्दा यस काव्यमा असुन्दर तत्वहरूको सुन्दर चित्रण छ ।

यस कृतिमा सङ्कलित दोस्रो काव्य हो तमसुक । यस काव्यले कृतिमा सन्ताउन्नदेखि चौरासी पृष्ठसम्मको आयाम ओगटेको छ । आकारगत दृष्टिले चोकभन्दा अलिकति सानो यस काव्यमा अङ्कै आधारमा चौधवटा प्रकरण छन् । यसमा आधा पृष्ठदेखि साढेदुई पृष्ठसम्मका प्रकरण छन् । करुण र वीररस सम्पृक्त यो काव्य सूक्ष्म आख्यानमा रचिएको छ । अत्यन्त गरिब परिवारमा जन्मेर हुर्केकी मखमली यस काव्यकी नायिका हो । तमसुक शब्दमा अभिधा र व्यञ्जना दुबै अर्थ साहित्यमा छ । यस काव्यमा तमसुक एकातिर यथार्थ वस्तुस्थितिसँग सम्बन्धित छ भने अर्कातिर यसले गरिबीको दारुण अवस्थालाई सङ्केतन गरेको छ ।

तमसुकको
कहाली लाग्दो भिरबाट
हाम फालिन् मखमली

यिनै पङ्क्तिबाट यस काव्यको आरम्भ भएको छ । मखमलीले हाम फाल्नुको प्रमुख कारण तमसुक हो । तमसुक ऋण हो, तमसुक गरिबी हो, तमसुक दारिद्र्यको् प्रतीक हो । तमसुकको कथा नै यस काव्यको मर्म हो । यहाँ हाम फाल्नुको अर्थ विद्रोही हुनु वा सङ्घर्षमा होमिनु हो । अत्यन्त संवेदनशील भावयुक्त यस काव्यमा हाम्रो समाजमा विद्यमान आर्थिक असमानताको चित्रण मार्मिक ढङ्गले गरिएको छ । शोषक सामन्तहरूका अत्याचारबाट माथि उठ्न नसकेका व्यक्तिहरूको वेदना, पीडा र नियतिको प्रत्यङ्कन नै यस काव्यको प्रमुख पक्ष हो ।

कविले नारीलाई मुख्य पात्रका रूपमा उपस्थापित गरेर यस काव्यलाई निकै रोचक र प्रभावकारी बनाएका छन् । पुर्ख्यौली ऋणका कारण साहुकहाँ दासी बन्न पुगेकी मखमलीले अँध्यारोका विरुद्ध बिहानीको निमन्त्रणामा कालो वृत्त तोडेर विद्रोह संवरण गरेको प्रसङ्गले यस काव्यलाई यथार्थवादी धरातलमा उभ्याएको छ भने कविको प्रगतिशील चिन्तनको सङ्केतन पनि गरेको छ ।

यी दुबै काव्य कोमल कलाको प्रयुक्ति तथा प्राकृतिक र सामाजिक विम्बहरूको प्रचुर अनुकृतिले सिँगारिएका छन् । विषयवस्तु सरल भए पनि यी काव्यमा विन्यस्त भाषिक छटा अमूर्त कलाजस्तो प्रतीत हुन्छ । वास्तवमा यस कृतिमा सौन्दर्यवादी चेतनाको कलात्मकता अभिव्यञ्जित भएको दृष्टिगत हुन्छ । सटीक विम्ब प्रतीकादिको घनत्व र कलाको वैचित्र्यले यी दुबै काव्य उत्कृष्टताको शिखरमा पुगेका छन् । यो कृति कविको शक्तिशाली अनुभूति, प्रगतिशील विचार कोमल भावना र रोचक कल्पनाका रङ्गहरूले रङ्गिएको छ । यथास्थितिको अनुचित्रण र अग्रगामी प्रगतिशील रूपान्तरणको आग्रह यस कृतिमा सङ्कलित दुबै काव्यको उद्देश्य रहेको छ । प्रगतिशल रचनाहरू नारा हुन् भन्नेहरूका लागि यो कृति बलियो जवाफ बन्न सक्तछ । वस्तुतः कलात्मक विम्बमयता र प्रगतिशीलताको आस्वाद एउटै कृतिमा पाउन खोज्ने भावकहरूले यस कृतिको पठनबाट पर्याप्त सन्तुष्टि प्राप्त गर्न सक्तछन् । विम्ब प्रतिविम्बनमा अधिक रमाउने कवि श्रेष्ठको कवित्व प्रखरता यस कृतिमा अरू चुलिएको छ । अन्तर्वस्तु तथा रूप संरचना र शिल्प शैली हरेक दृष्टिले यो काव्य सङ्ग्रह उत्कृष्ट छ ।

---

· sljtf

# गणतन्त्र ववुरो

– प्रेम ओली

**देशलाई**
**हरण गर्दै**
**मरण गर्दै**
**जनताको खिल्ली उडाउदै**
**अट्टाहास गर्दैछन् रावणहरु**
**तर बहादुरी छैन राम जस्तो**
**प्रजातन्त्र मेरो ववुरो ।**

**लोकतन्त्रलाई लल्कार्दै**
**जनतालाई हकार्दै**
**जनता कै धन डकार्दै**
**विष वमन गर्दै छन कंशहरु**
**तर चमत्कारी छैन कृष्ण जस्तो**
**लोकतन्त्र मेरो ववुरो ॥**

**देशलाई**
**बन्दी बनाई**
**मन्दी बनाई**
**अनि देशलाई गन्दी बनाई**
**जनताको नाममा**
**जनताको दाममा**
**जुवा खेल्दैछन् कौरवहरु**
**तर धनुषकारी छैन अर्जुन जस्तो**
**गनतन्त्र मेरो ववुरो ॥।**

**ववुरो तिमी अब**
**राम जस्तो**
**कृष्ण जस्तो**
**अर्जुन जस्तो**
**चमत्कार देखाउँदै जाग्नु पर्छ**
**रावणको अत्याचारलाई**
**कंशको हत्याचारलाई**
**कौरवको व्यभिचारलाई**
**एक–एक निसाना ताक्नु पर्छ**
**र**
**तिम्रा हरेक बाणले**
**ती दुश्टहरुलाई**
**सहि निसाना लाग्नुपर्छ**
**अब यो संसारबाटै**
**शोषण दमन र अत्याचार**
**सदाको लागी भाग्नुपर्छ**
**ववुरो अब तिमी**
**फेरी एक पटकलाई जाग्नु पर्छ ।**

• ;dLIff

# शिखरयात्रा : कालजयी जीवनयात्रा

– प्रा. गोपीकृष्णा शर्मा

६ दशकभन्दा बढी नेपाली भाषा र साहि(त्यमा समर्पित प्रख्यात व्यक्तित्वको नाम हो - कृष्णप्रसाद पराजुली । नेपाली भाषा-व्याकरण, गीत, कविता र काव्य, लोकसाहित्व तथा बालसाहित्यजस्ता विविध क्षेत्रमा विशेष पहिचान बनाइसकेका कृष्णाप्रसाद पराजुली नेपाली साहि(त्यका शिखर पुरुष हुन । नेपाली भाषा साहित्यका क्षेत्रमा उनको विशेष योगदान छ । शव्दकोष निर्माण, स्मृतिग्रन्थ सम्पादन र अन्तरावार्ता, लेख मन्तव्यसम्बन्धी विविध प्रकाशन तथा साधनाले पनि पराजुलीको साधनाशील निरन्तरतालाई बल पुऱ्याउने छ ।

कृष्णाप्रसाद पराजुली सिङ्गो साहित्यिक संस्था हुन् । उनको नेतृत्वमा र उनकै अध्यक्षतामा सञ्चालित सुनकोशी साहित्य प्रतिष्ठानले हरेक वर्ष गर्दै आएका वसन्त काव्यगोष्ठी प्रतिभा, सम्मानहरु यस क्षेत्रका उल्लेख्य पक्ष हुन् । सुनकोशी, गोधुलीजस्ता उत्कृष्ठ साहित्यिक पत्रिकाको सम्पादन र प्रकाशन गरेर साहित्यकार पराजुलीले नेपाली भाषा साहित्यमा अरुलाई समेत उत्प्रेरित गर्न महत्वपूर्ण कार्य गरेका छन् ।

साहित्यकार कृष्णाप्रसाद पराजुलीको व्यक्तित्व र साहित्यसाधनाबारे विभिन्न विद्धान् विदुषीहरुले व्यक्त गरेका उद्गार र साहित्यगत समीक्षाहरु सङ्कलन २०४६ सालमा कृष्णाप्रसाद पराजुली : आस्थाका आयाम शीर्षकमा वृहत ग्रन्थ प्रकाशित भएको थियो । यसै श्रृङ्खलामा २०६६ सालमा पराजुलीको साहित्यिक विशेषतालाई समेटेर वरिष्ठ साहित्यकार कृष्णाप्रसाद पराजुलीको केन्द्रीयता कृष्णाप्रसाद पराजुली :साहित्य र साधना नामक बृहत् (२०१६+१६ पृष्ठमा विस्तारीत) ग्रन्थको प्रकाशन भयो । कविता र गीत लेखनबाट नेपाली साहित्यमा प्रवेश (२०१०-११साल, गोरखापत्र, परोपकार आदि) गरेका कृष्णाप्रसाद पराजुलीका पूर्व एक नम्बर (२०२२) देखि शिखरयात्रा (२०६६) सम्म ४३ कृतिहरु प्रकशित भएका छन् । यिनका गीत, कविता र काव्य, भाषा-व्याकरण, कथा एकाङ्की, लोकसाहित्य, निबन्ध-प्रबन्ध र बालसाहित्यका कृतिहरु प्रमुख छन् । कृष्णप्रसाद पराजुलीको शिखरयात्रा उनको बाल्यकालदेखि पचहत्तरौं बर्षप्रवेशसम्मका जीवनयात्राको आत्मकथा हो । यसमा दुइ खण्ड छन्- खण्ड १ : आत्मकथ्य र खण्ड २ : वंशवृक्ष, परिवार र थातबास । लगभग साढे पाँच सय पृष्ठमा विस्तारित पहिलो खण्ड यस ग्रन्थको मूल कथ्य हो । पचास पृष्ठजतिको दोस्रो खण्डमा पुर्ख्यौंली वंशपरम्परा र बसोबासको विवरण छ । परिशिष्टमा वंशका हाँगाहरुको विवरण र लेखकका आत्मकथात्मक रचनासूची साथै पारिवारिक सदस्यहरुको रङ्गीन चित्रावली छ । यस प्रकार जम्मा ५२०+ १६ पृष्ठमा अङ्कित शिखरयात्रा कृति साहित्यकार कृष्णप्रसाद पराजुलीको जीवनी र साहित्य यात्राको आत्मकथात्मक विवरणिका हो ।

शिखरयात्रा शिखरतर्फको यात्रा हो । पहाडको चुचुरो हो शिखर, उकाली चढेपछि परिश्रमले मात्र पुगिने उच्चतम थलो । यहाँ शिखर भनेर साहित्यक सम्पन्नता र जीवन-जगत्का समृद्धिलाई सङ्केत गरिएको छ । साहि(त्यकार पराजुलीले आफ्नो त्यस लक्ष्यसम्म पुग्ने अभियानलाई शिखरयात्राको नाम दिएका छन । साहित्यसाधनाले अनुप्राणित जीवनको लामो यात्रामा कवि पराजुलीले निकै चरण पार गर्नुपरेको छ । बाल्यजीवनका घामछाया, काठमाडौं आगमन, अध्ययन, विवाह, २००७ सालका घटनाहरु, साहित्यसाधना, नेपाल राष्ट्रिय विद्यापीठमा संलग्नता, जे.पी. हाई स्कुलका शिक्षण, तीर्थयात्रा, त्रि.वि.मा प्राध्यापक, स्वास्थ्य र उपचार सम्मान आदि विविध पदचापमा यो साहित्यक जीवनी शिखरतर्फ उन्मुख भएको छ । वास्तवमा कवि पराजुलीले शिखरको स्पर्श गरिसकेका छन्, साहित्यिक सम्पन्नता र जीवनको समृद्धिमा टेकिसकेका छन् । यही शिखरमा रमाएर रहने पराजुली 'शतं जीवेमः शरदः' को अवस्थामा

छन् । तैपनि उनको लेखनयात्राले विश्राम लिएको छैन् । तैपनि उनको लेखनयात्राले विश्राम लिएको छैन । हालै मात्र पूर्वी पाइला पश्चिमी देशमा यात्रासंस्मरण र नालापानी (लघु बालकाव्य) तथा लेखौँ, गाऔँ, रमाऔँ (बालपाठ्य) तीनवटा थपिएका छन । लोककथाको फन्को नामको लोकथाको कृति प्रकाशित हुँदै छ र एउटा महत्वपूर्ण महाकाव्य लेखन अन्तिम चरणमा पुग्दैछ । स्वास्थ्यले बेलाबखत साथ नदिए पनि कवि कृष्णप्रसाद पराजुलीले स्वयंलाई कालजयी साहित्यकारका रुपमा प्रस्तुत गरेका छन् । यो उनको 'लाइफ फोर्स' हो र यसद्वारा उनले कतिपय गम्भीर अवस्थालाई पनि सजिलै पार गरेका छन् । वास्तवमा पराजुली आँट र साहसका साथै साह्रै दह्रो मनोबल भएका साहित्यिक प्रतिभा हुन् । एक्लो व्यक्तिले लेखन र सम्पादनसमेत गरेर लगभग छ दर्जनभन्दा बढी कृतिहरू प्रकाशनमा ल्याउनु भनेको चानचुने कुरा होइन ।

साहित्यकार कृष्णप्रसाद पराजुलीको शिखरयात्रा जीवनगत र साहित्यिक आत्मवृत्तान्त समेटिएको महत्वपूर्ण आत्मकथा हो । साहि( त्यको उचाइ चुम्न र जीवनको समृद्धिमा पुग्न एउटा अविश्रान्त यात्रीले गरेका पदचापहरूको सुख-दुःखमय सङ्घर्षको कथा हो- शिखरयात्रा । पौने शताब्दी अवधिसम्म साहित्यकार कृष्णप्रसाद पराजुलीले सर्वाङ्गीण शिखरतर्फ पुग्न गरेका अथक परिश्रमको उदाहरणीय सरणीका रुपमा यो शिखरयात्रा रहेको छ । साहित्यसाधनामा निरन्तर लागिपर्ने एक साहित्यकारको जीवनीगत अनुभव र यात्राका उपलब्धिलाई समेत शिखरयात्राले सुन्दर रुपमा प्रस्तुत गरेको छ । कवि, गीतकार, भाषा-व्याकरणकार, साहित्यकार, बालसाहित्यकार र लोकसाहित्यका अन्वेषक कृष्णप्रसाद पराजुली साहित्यक सङ्घसंस्थाका पनि शिखर पुरुष हुन् । उनको शिखरयात्रा उनकै आत्मवृत्तान्तमा आधारित महत्वपूर्ण आत्मकथा हो ।

*लघुकथा*

# विकृति

**रामप्रसाद पन्त**

पुरुष र महिला दुवै गार्ड थिए त्यस कार्यालयको मूलगेटमा ।

मेरो मोटो झोला देख्नेबित्तिकै पुरुष गार्डका आँखा चनाखा भए ।

जाँचकी यन्त्रसहित ऊ नजिकियो मसँग र झोला खोल्न अनुरोध गऱ्यो ।

झोला खोल्नेबित्तिकै ऊ झस्कियो – 'अहो ! किताब र पत्रिका पनि रहेछ झोलामा त ! किताब लैजान त मिल्दैन भित्र । 'किताब नछिराउनू' भन्ने आदेश छ हामीलाई । किताबदेखि सावधान हुन सतर्क बनाइएको छ हामीलाई ।'

पुरुष गार्डलाई साथ दिन नजिकिइन् महिला गार्ड पनि ।

भन्न थालिन्– 'एउटा मात्र किताब पनि कार्यालय भित्र छिऱ्यो भने गार्डमाथि नै कार्बाही हुने चेतावनी छ । त्यसैले किताब भित्र लैजान त पाइँदै पाइँदैन सर !'

उनीहरुको कुरा सुनेर केही आश्चर्य चकित र केही गम्भीर पनि भएँ म ।

सोधेँ – 'किन ?'

जवाफ पाएँ – 'किताब बेच्नेहरुले हाकिमलाई हैरान पार्न थाले रे ! तपाईं जस्ता मान्छे यहाँ दिनहुँ सयौं आउँछन् रे ! झोलाभरी किताब बोकेर हाकिमको टेबुल टेबुलमा पुग्छन् रे ! हजारौंको बिल काटेर अफिसलाई किताब भिराउँछन रे ! अब किताब राख्ने ठाउँ पनि रहन छाड्यो रे ! त्यसैले तपाईं पनि किताब यहीँ छाडेर जानुस् । नत्र हाम्रो जागिर जान्छ ।'

# समयानुसार

– शेखर कार्की

मलाई सम्झना छैन, कहिले देखिन समयको अनुभव गरेँ । सायद यो सून्यमा पनि थियो जतिवेला यो संसार थिएन, धर्ती थिएन, ब्रह्माण्ड थिएन, पछि पाषाण युगदेखिन मानव सभ्यताको विकासक्रममा यो मापन भयो अनि घडी, पलाको अध्ययन थालियो । अब युग वित्यो, अथाह लामो कालखण्ड गुज्रियो । अन्य ब्रम्हाण्डलाई अलग राखेर कुरा गर्दा यो पृथ्वीको सिर्जना पनि समयको कुनै कालखण्डमा भयो तर यो पनि समयको सुरुवात हैन । समय पहिल्यैदेखि थियो र त्यसैको काखमा पृथ्वी पनि जन्मेको हो । हामीलाई जानकारी गराइएसम्म थुप्रै कुरा यसैका काखमा जन्मेका हुन् ।

अब फड्को मारेर पृथ्वीका मानव सभ्यत( ाको सुरुवातमा आऔं । यहाँ के भयो भने थुप्रै आधारभूत कुराहरुको प्रादूर्भाव पश्चात मानव बीज देखापर्‍यो । यसलाई कसरी बुझौं भने, श्रृष्टिमा सभ्य सिर्जना हुँदैछ भनेर त्यसको भरणपोषणका लागि अन्य कुराको श्रृष्टि मानव भन्दा पहिला गराइयो । जब मानव आयो तब उसलाई सबैथोकले पूर्ण भएको धर्ती हात पर्‍यो । उसको सिर्जनशील मस्तिष्कलाई कलाको साधना गर्नसक्ने क्षमतालाई उजागर पार्ने सबैखाले साधन धर्तीमा उपलब्ध थिए । तीनै साधन तथा साध( नाहरु उपयोग अनि उपभोग गर्दै मानव सभ्यता अगाडि बढ्यो । ईश्वरको परिकल्पना गर्‍यो, ईश्वरीय शक्तिको त्रास जन्मायो, पापपुण्यको तुलो बनायो, रोग र निदान पनि समेट्यो र कलाको साधनाका साथ लामो कालखण्डमा एउटा सभ्य समाजको जन्म दियो । आफूलाई श्रृष्टिको सर्वोत्कृष्ट सिर्जना भनेर चिनायो र भन्यो पनि । सारांशमा यति कुरा भए पनि यसभित्र थुप्रै कुराहरु अटाएका छन् अनन्य संस्कृतिहरु, भाषाहरु, रहनसहन, चालचलन आदिआदि तर समयको चाहिँ एउटा साह्रै सानो अंश मात्र अटाएको छ । कत्ति सानो भने, तपाई कत्तिको सानो कल्पना गर्न सक्नुहुन्छ त्यति सम्मको । किनभने समय कहिले सुरु भयो र कहिले अन्त्य हुन्छ ? यो प्रश्न त प्रश्न नै होईन जसको उत्तर प्रष्ट कसले देला, तर यस्तो समय जसको हामी कल्पनासम्म पनि गर्न सक्दैनौं त्यसले मानव सभ्यताको यति लामो अभ्यास अनि विकासमा कुनै पनि योगदान गरेको देखिदैन । केलाएर हेरौं, कहिँ यसले आफ्नो प्रभाव छाडेको पाईदैन । हामी यति लामो कालखण्ड भन्छौं तर समयको अति सानो अंश पनि 'यति लामो' भित्र पर्दैन ।

अब फेरि अर्को एक फड्को मारेर आजको आधुनिक जमानामा आऔं । तपाईं हामीले सुन्ने गरेको समयसँग सम्बन्धित उद्गारहरुलाई यहाँ एकफेर दोहोर्‍याऊँ 'सबै समयको खेल हो', 'समयले सबै ठीक गर्छ', 'समयले लगाएको घाउ समयले नै पुरिदिन्छ', 'समयअनुसार चल्न जान्नु पर्छ', 'समयअनुसार नचल्ने मान्छे पछि पर्छ', ' जमाना कहाँ पुगिसक्यो', 'जमानाअनुसारको चलन चल्नुपर्छ', 'भाग्यभन्दा धेरै र समयभन्दा अघि केही पाइन्न', आदिआदि तर समयको बारेमा हामी यसो भन्छौं भनेर समयलाई चाहिँ थाहा छैन । समयले कुनै पनि बिहानीमा निन्द्राबाट ब्युँझिएको मान्छेलाई केही ल्याएर दिएको छैन । कसैले बिहान उठ्दा नयाँ समाचार पायो भने त्यो पत्रकारले दिएको हो, चिट्ठा पर्‍यो भने त्यो चिट्ठा खेल्ने अरु सबैको भाग काटेर पाएको हो, जागिर पायो भने उसको योग्यताले दिएको हो, छोरा/छोरी पाए त्यो सहबासले, अनि चिट्ठी पाए त्यो हुलाकिले दिएको हो, आज भोलिको इमेल पाए, त्यो साथीले पठाएको हो, यहाँसम्मन् कि कसैले राम्रो सपना पायो भो पनि त्यो उसलाई काँचो निन्द्राले दिएको हो, आदि इत्यादि थुप्रै कुरा मान्छेले पाउँछन् त्यो कसै न कसैले दिएको हो, केही न केहीले दिएको हो तर समयले चाहिँ हैन यहाँ सम्मनकी त्यो सुनौलो बिहानी पनि सूर्यले दिएको हो जसरी जुनेली

रात चन्द्रमाले दिन्छ ।

त्यसो भएर जमाना कँही पुग्दैन, समयले कोल्टे फेर्दैन र फड्को पनि मार्दैन, यो त निरन्तर छ, लगातार छ, अटुट छ, हामी सँगै । उदाहरणको लागि म प्रष्ट पारेर भन्छु रोबिन्सन् क्रुशोसँग समय २८ वर्ष एउटा अनकण्टार सेल्क्रिक टापुमा बस्यो कि बसेन !, दश वर्ष लामो ट्रोजन युद्धमा समय त्यहि युद्ध हेरेर बस्यो कि बसेन !, राजदरवार हत्याकाण्डमा समय सँगै थियो कि थिएन !, अनि कोत पर्वको रात पनि समय त्यहाँ नै थियो, दोश्रो विश्व युद्धलाई छाडेर समय कतै डेग चलेन अनि जापनमा गएको सुनामीमा पनि समय त्यो समुन्द्री छालसँगै बगेको हो नि । यदि समय अलि अघि गएको भए सबै मानिस आँधिबाट टाढा भाग्न सक्थे नि त । तर त्यसो भएन । हामीले जति नै गुणगान गाए पनि यसले हामीलाई एक सेकेण्ड पनि उछिन्न सकेको छैन हामीबाट एक सेकेण्ड पनि यो अलग हुन सक्दैन बरु हाम्रा कैयन पुर्खाहरु यसलाई छाडेर शून्यमा विलय भए । अब माथि हामीले समयका बारेमा सुनेको, बोलेको र भन्ने गरेको उद्गारहरुको केही अर्थ छ त ? बिल्कुल छैन । विल गेट्सलाई समयले धनी बनाएको हो र ! माइक्रोसफ्ट कम्पनिले पो हो त ! अनि अब्राहम लिंकनलाई राष्ट्रपति समयले बनाएको थिएन उनको राजनीतिक इच्छा शक्तिको कमाल थियो त्यो ।

तर समय इमान्दार साथी भने पक्कै हो जो सत्य, झुठो, चोर, जाली, फटाहा आदि केही मान्दैन, सबैको साथी भैदिन्छ ; एउटा सच्चा, निष्कपट र निश्वार्थ साथी । सासको पैसा पर्छ (अक्सिजन सिलिण्डर), हिँडेको पनि पैसा पर्छ (क्याटवाक गर्ने लेडिज), बोलेको पैसा पर्छ (एफ.एम. रेडियोकर्मी) खाएको, गाएको, लाएको आदि सबैको पैसा पर्छ, तर समयले साथ दिएको शुल्क लिंदैन । त्यो सबैलाई निःशुल्क हो । हामी के आविष्कार गर्छौं, हामी के बनाउँछौं, हामी के लगाउँछौं, हामी के खान्छौं, हामी कस्तो नाच्छौं, हामी कस्तो गाउँछौं यी सबै हामीमै निर्भर गर्छ । हाम्रो व्यवहार, हाम्रो सोच, हाम्रो दक्षता, हाम्रो साधना, हाम्रो सीप अनि कला, हाम्रो क्षमता, हाम्रो काम आदि कुराले हामी कस्तो हुने निर्धारण गर्छ । कस्तो समाज बनाउने, कस्तो चलन चलाउने, कस्तो खानपान गर्ने, कस्तो सहर बसाउने, कस्तो चाल ढाल अनि रहनसहन यो सबै हामीले तय गर्ने हो समयले यसमा कुनै बाधा दिंदैन, अड्चन थप्दैन, असर पार्दैन । समय त केवल साक्षी हो ।

बीसौं शताब्दीले अल्बर्ट आइन्सटाइन दिएको हैन, आइन्सटाइनले बीसौँ शताब्दीलाई महान् शताब्दी बनाएको हो, वैज्ञानिक आवि( ष्कारको युग बनाएको हो ।

खानीखोला, धादिङ


# हार्दिक बधाइ

**यस पत्रिकाका विशेष सहयोगी स्रष्टा तथा द्रष्टा श्री कृष्णप्रसाद घिमिरेलाई हालै पारिजातका कथा प्रवृत्ति विष( यमा त्रिभुवन विश्वविद्यालयले विद्यावारिधी (पीएचडी)को उपाधि प्रदान गरेको छ । हामी उहाँको उत्तरोत्तर प्रगतिको निम्ति शुभकामना व्यक्त गर्दछौं ।**

**नवप्रज्ञापन साहित्यिक पत्रिका परिवार**

# गजब छ मान्छेको चिरफार

– पुष्करराज भट्ट

**१. विषय प्रवेश**

वि.स.२०१९ वैशाख १९ गते पिता दल बहादुर खाती र माता पार्वती खातीका सुपुत्रका रूपमा जन्मेका किसान वि.क. खाती नेपाली साहित्यको क्षेत्रमा किसानप्रेमी का नामले चिनिन्छन् । हाल भरतपुर नगरपालिका-१२, किसानकुटी टाउन, चितवनमा बसोबास गरिरहेका किसान निजामति सेवामा कार्यरत छन् । उनका हालसम्म गाउँबस्ती रोइरहेको छ (कविता, २०५९), गजलपथका यात्रीहरू ( संयुक्त गजल, २०६१), गजलबिम्ब ( संयुक्त गजल, २०६२) एवम् गजब छ मान्छे ! ( गजल, २०६३) प्रकाशनमा आएको पाइन्छ । यस लेखमा गजब छ मान्छे ! को आधारमा किसानप्रेमीको गजलकारिताको अध्ययन गर्ने प्रयास गरिने छ ।

**२. गजब छ मान्छे ! गजल सङ्ग्रहमा किसानप्रेमी**

वि.स. २०६३ मा अभिव्यञ्जना साहित्य परिषद, भरतपुर (चितवन) ले किसानप्रेमीको गजब छ मान्छे ! गजल कृति प्रकाशनमा ल्या(एको पाइन्छ । रमेश प्रभातले सम्पादन गरेको यस कृतिमा ६४ गजलहरू प्रकाशित पाइन्छन् ।

किसानप्रेमीका गजलमा समसामयिक यथार्थ, व्यङ्गका साथै आलोचनात्मक स्वर प्रखर रूपमा आएको पाइन्छ । उनका गजलमा सामाजिक विषमताका साथै राजनैतिक क्षेत्रमा देखा परेका तलबितल घटनालाई विषय बनाएको पाइन्छ । योग्यताको कदर नहुने र नातावाद, कृपावादले समग्र क्षेत्र गाँजेको अवस्थाको चित्रण यस गजलमा प्रस्तुत गरिएको छ ।

कैले पिठो छ बिक्रिमा कतै चामल ओझेलमा<br>
लेनदेनको नगरमा यही कुरा खास छ ।।<br>
(पृ. ११)

एकातिर समाजलाई भ्रष्टाचारले गाँजेको र अर्कोतिर चुनाव जित्नेहरू अबीरमाला र ताली पाएर मख्ख छन् भन्ने भाव यस शेरमा बताइएको छ । देश बिग्रेको भन्दा आफ्नै स्वार्थमा रम्ने प्रवृतिप्रति उनको व्यङ्ग रहेको पाइन्छ । समाजको असंगत पक्षलाई उनले उदघाटन गर्नुका साथै तिनको चिरफार समेत गरेका छन् ।

भ्रष्टाचार चारैतिर मौलाएर गो<br>
जित्नेलाई अबीरमाला ताली-ताली छ ।<br>
(पृ. १५)

राजनीतिमा गुटबन्दी हावी रहेको र खराब काम गर्नेले छुट आएकोमा गजलकारको असन्तुष्टि पाइन्छ । राजनीतिले असल बाटो तर्फ हिँडनुपर्नेमा त्यसो नभएको मा उनी असन्तुष्ट छन् । उनको यहि असन्तुष्टि गजल मार्फत अभिव्यक्त भएको छ ।

फूलले भन्छ बतासलाई आफ्नो-आफ्नो गुट छ<br>
हिजो पनि त्यस्तै थियो आज पनि छुट छ ।।<br>
(पृ.२०)

किसानप्रेमीका गजलमा राजनैतिक विषयले ठाउँ पाउनुका साथसाथै संघसंस्थाका क्रियाकल(ापलाई पनि उनले आफ्नो लेखनको विषय बन(ाएका छन् । पहाड र तराईमा दातृराष्ट्र ओइरिए पनि लक्षितवर्गको उन्नति हुन नसकेकोमा उनले चिन्ता व्यक्त गरेका छन् ।

पहाड र तराईमा दातृराष्ट्र ओइरिए पनि<br>
लक्षितवर्ग भूँइमा नै संघसंस्था छन् छानामा<br>
(पृ. ३५)

आफू श्रमप्रति विश्वस्त भएको कुरा उनले व्यक्त गरेका छन् । एकातिर श्रमप्रतिको लगाव देखाएका छन् भने अर्कोतिर प्रेयसीको सम्झना समेत गरेका छन् ।

परिश्रमी पाखुराले सिर्जिएको काम राम्रो<br>
छातिभित्र कुँदिएको उनको त्यो नाम राम्रो ।<br>
(पृ. २)

गजलकारमा देशप्रति अगाध माया रहेको कुरा उनको यही गजलले बोलेको छ ।

म पत्थर फोरेर रसाउन चाहन्छु<br>
यहीँ सुन्दर घर बनाउन चाहन्छु ।।

(पृ. १८)

राजनैतिक परिवर्तनको स्वर र सहिद सम्बन्धी प्रसङ्ग पनि उनले अघि सारेका छन् । जनताको उर्लदो भेल र ०६२/६३ को आन्दोलनलाई उनले अभिव्यक्त गरेका छन् भने अर्कोतिर राजनैतिक नेताहरूलाई इमान्दार बन्न पनि आग्रह गरेका छन् ।

उर्लदो छ जनसागर लहर जाग्दै छ
गाउँगाउँ बस्तीबस्ती सहर जाग्दै छ । (पृ. २९)
सहिदको आत्माले भन्छ खै नेपाल कहाँ छ ?
बिकेछौ किन तिमी स्वाभिमानी चाल कहाँ छ ? (पृ. ५४)

किसानप्रेमीका गजलमा राजनैतिक, सामाजिक विकृति, विसंगतिप्रति आक्रोश, असन्तुष्टि, कतैकतै निराशाका स्वर देखिए पनि उनमा आफ्नो जीवनको सङ्घर्षशीलता प्रति दृढ विश्वास भेटिन्छ ।

सङ्घर्षको यौटा पाटो बनिसक्यो अब 'किसान'
उसको दारी कपाल सबै पाकेपछि थाहा पाएँ । (पृ. ३१)

उनका गजलमा सामाजिक भेदभावप्रति व्यङ्ग गरिएको पाइन्छ ।

मान्छेलाई पशुभन्दा पर किन राख्छन,
मान्छे हुन हुन्न भन्छन् पशु हुन्छ मान्छे । (पृ. २५)

किसानप्रेमीका गजलमा एकातिर सामाजिक विकृति, विसंगतिप्रति व्यङ्ग, विद्राह आएको पाइन्छ भने अर्कोतिर श्रृङ्गार एवम् वैयक्तिक अनुभूतिका स्वर पनि आएको पाइन्छ ।

**३-निष्कर्ष**

किसानप्रेमी नेपाली गजल फाँटका एक प्रतिभाशाली सर्जक हुन् । उनका गजलमा समसामयिक यथार्थको चित्रण, आलोचनात्मक स्वर, व्यङ्ग, विद्रोहका साथै वैयक्तिक चिन्तन पनि पाइन्छ । उनको लेखनमा सामाजिक विभेद र असमानताप्रति विद्रोही स्वर पाइन्छ । आर्थिक, सामाजिक, सांस्कृतिक, जातिय रूपमा गरिने भेदभावप्रति उनको कलम कठोर देखिन्छ । उनी आशावादी स्वरका सर्जक हुन् ।

गजलको कथ्य जनपक्षीय हुँदाहुँदै पनि उनी कतैकतै रूपवादी मोहमा फसेको जस्तो भान पर्छ । आत्मपरक आलाप-विलापमा ढल्किन खोज्दा चिन्तनमा विचलन आउने सम्भावना रहन्छ । रक्सी, सस्तो प्रेम, आत्मपरक भावुकता भोगवादी चिन्तनका आधारस्तम्भ हुन् । यिनबाट बचेर आम श्रमजीवी वर्गको हित, श्रम र सिर्जनाको गीत गाउन सकेको खण्डमा उनको कलमले सार्थकता पाउँदै जाने विश्वास राख्न सकिन्छ ।


नागरिक लगानी कोषद्वारा संचालित निम्न कार्यक्रमहरूमा सहभागी भई भविष्यको लागि बचत गरौं

| कर्मचारी बचत वृद्धि अवकाश कोष, २०५६ मा सहभागि भई बचत गर्दा पाइने फाइदाहरू | नागरिक एकांक योजना, २०५२ खरिद गर्दा पाइने फाइदाहरू |
|---|---|
| ▪ बार्षिक ८ प्रतिशत ब्याज पाइने,<br>▪ बचत गरेको २ वर्ष पछि बचत रकमको ८० प्रतिशत सापटी लिन पाइने,<br>▪ सहुलियत ब्याजदर ११ प्रतिशतमा आवाशकर्जा पाइने,<br>▪ तलबको एकतिहाई रकममा आयकर छुट सुविधा पाइने,<br>▪ तलबको ५ देखि ३३ प्रतिशत सम्म कट्टी गर्न पाइने,<br>▪ सेवाबाट अवकाश पछि एकमुष्ठ रकम पाइने,<br>▪ जुनसुकै बैंकका शाखा कार्यालयहरुबाट रकम जम्मा गर्न सकिने,<br>▪ ब्यालेन्स सर्टिफिकेट लिन सकिने ।<br>*आजैदेखि सहभागी भई बचत गर्ने बानी बसालौं ।* | ▪ सुरक्षित बचत, आकर्षक ब्याजदरमा लगानी गर्ने सुनौलो अवसर<br>▪ अत्याधिक तरलताको सुविधा भएको,<br>▪ बार्षिक ९ प्रतिशत ब्याज पाइने,<br>▪ जुनसुकै समयमा खरिद तथा बिक्री गर्न सकिने।<br>▪ बचतको प्रमाणपत्र पाइने,<br>▪ ब्यालेन्स सर्टिफिकेट लिन सकिने । |

नागरिक लगानी कोष
नयाँबानेश्वर, काठमाण्डौं
पोष्ट बक्स नं. ५८२३
फोन: ०१-४७८५७१९, ०१-४७८५३२५, फ्याक्स: ०१-४७८५३२०
ई-मेल : cit@htp.com.np वेभसाइट: www.nlk.org.np

**विजया दशमी तथा**
**शुभदीपावली- २०६९ को** पावन
अवसरमा समस्त गाउँबासीमा सुख,
शान्ति, सु-स्वास्थ्य दीर्घायु एवं सफलत(
ाको हार्दिक मंगलमय
शुभकामना !

**भक्त कार्की**
अध्यक्ष एवं
शिक्षक अभिभावक संघ सञ्जाल
परिवार, म्याग्दी

(हाम्रो विद्यालय तथा हाम्रो घर
समुदाय बालमैत्री बनाऔं ।)

---

**विजया दशमी तथा**
**शुभदीपावली- २०६९ को** पावन
अवसरमा समस्त गाउँबासीमा सुख,
शान्ति, सु-स्वास्थ्य दीर्घायु एवं सफलत(
ाको हार्दिक मंगलमय
शुभकामना !

**शेखर कार्की**
म्यानेजर एवं
सुगम ग्यास उद्योग प्रा.लि.
परिवार
नौबिसे-२, धादिङ

---

**विजया दशमी तथा**
**शुभदीपावली- २०६९ को** पावन
अवसरमा समस्त गाउँबासीमा सुख,
शान्ति, सु-स्वास्थ्य दीर्घायु एवं सफलत(
ाको हार्दिक मंगलमय
शुभकामना !

बगुवा सामुदायिक अध्ययन केन्द्र
परिवार, म्याग्दी

निरक्षरता उन्मूलनमा
आफ्नोतर्फबाट सकेको गरौं

---

बडा दसैं २०६९ को पावन अवसरमा हाम्रा समस्त
ग्राहक वर्गमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू एवं
सफलताको हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**नेपाल टेलिकम**
**परिवार**

---

**विजया दशमी, शुभदीपावली तथा**
**छठ पर्व - २०६९ को** पावन अवसरमा
सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति,
सु-स्वास्थ्य दीर्घायु एवं सफलताको
हार्दिक मंगलमय शुभकामना !

**हेटौडा सिमेण्ट उद्योग**
**लि. परिवार**
(गुणस्तरीय सिमेण्टका लागि सधैं
हामीलाई सम्फनुहोस् ।)

---



**विजया दशमी तथा शुभदीपावली- २०६९ को** पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सु–स्वास्थ्य दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना !

**भक्त कार्की**
अध्यक्ष एवं
**पुस्तकालय सञ्जाल समिति, परिवार**
म्याग्दी

(एक विद्यालय, एक पुस्तकालय, एक गाउँ एक पुस्तकालयको नारालाई सार्थक पार्न आ–आफ्नो ठाउँबाट कोसिस गरौं ।)

**विजया दशमी तथा शुभदीपावली- २०६९ को** पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सु–स्वास्थ्य दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना !

**बलजमुना कुँवर स्मृति कोष परिवार**
म्याग्दी

(अपाङ्गता तथा अनाथ लगायत सम्पूर्ण बा( लबालिकाको सर्वोत्तम हितको पक्षमा सबै सरोकारवालाहरूले आ–आफ्नो ठाउँबाट बाल अधिकार सुरक्षित गरौं ।)

**विजया दशमी-२०६९ को** उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
*Truly a Nepali Bank*

**विजया दशमी तथा शुभदीपावली- २०६९ को** पावन अवसरमा समस्त गाउँबासीमा सुख, शान्ति, सु–स्वास्थ्य दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना !

**वीरेन्द्र अधिकारी**
सचिव एवं
**छत्रेदेउराली गाविस परिवार**
धादिङ

**विजया दशमी-२०६९ को** उपलक्ष्यमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited

**बडा दशैं, शुभदीपावली तथा छठ पर्व-२०६९ को** सुखद् अवसरमा हाम्रा सम्पूर्ण उपभोक्ताहरूमा सुख, शान्ति, सु–स्वास्थ्य दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना !

**सियारामप्रसाद सिंह**
महाप्रवन्धक एवं
**दुग्ध विकास संस्थान परिवार**
लैनचौर, काठमाडौं

आफ्नो अधिकारको
खोजी गर्दा अरूका
अधिकार एवं प्रचलित
नियम कानुनहरूको पनि
ख्याल गरौं ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

# नेपाली समाजमा कथाको प्रभाव र कथावाचनका तत्व एवं प्रक्रिया

– सहप्रा. डा. ध्रुवकुमार घिमिरे

## १. विषयप्रवेश

कथाले साहित्यिक विधाको रुपमा मान्यता निकै पछि प्राप्त गरे तापनि कथा भन्ने र सुन्ने परम्परा भने ज्यादै पुरानो मानिन्छ । आदिम मानिसले प्रकृतिको रहस्यमय स्वरुप तथा आ-आफ्ना अनुभवहरू सुनाउने क्रममा थालिएको मानिने कथावाचन परम्परा प्राचीन गुफाहरूमा प्राप्त कथाका पात्रका विभिन्न चित्रहरूका आधारमा मानव सभ्यता जतिकै प्रचीन रहेको तथ्यको पुष्टि गरिएको छ । जहाँ कथाको प्रसङ्ग हुन्छ, त्यहाँ त्यसको वाचक र श्रोताको अनिवार्य उपस्थिति रहेको हुन्छ । त्यसैले कथन र श्रवण पद्धतिबाट अघिल्लो पुस्तादेखि पछिल्लो पुस्तामा हस्तान्तरण हुँदै आएको कथा भन्ने र सुन्ने परम्परा विश्वका जुनसुकै भाषा, जाति र धर्ममा विद्यमान रहेको देखिन्छ । काल्पनिक संसारमा रमाउने बालबालिकाहरू नै मनोरञ्जनले भरिएका यस्ता कथाहरू सुन्न अत्यन्त उत्सुक उमेर समूहमा पर्दछन् । त्यसैले पनि अध्यावधि बालसाहित्यका विधाहरूमध्ये कथाले नै लोकप्रियता प्राप्त गर्दै आएको देखिन्छ । यहाँ नेपाली समाजमा रहेको कथाको व्यापकता, कथा वाचनको परम्परा, बालसाहित्यमा यसको महत्व सहित पूर्वविद्यालयीय अवस्थाका बालबालिकाका लागि कथा वाचनका सामग्री एवं प्रक्रियाबारे छोटो चर्चा गरिएको छ ।

## २. नेपाली समाजमा कथाको व्यापकता

नेपाली समाजमा कथाले गहिरो प्रभाव पारेको देखिन्छ । हिन्दू धर्मबाट अनुप्लावित नेपाली समाजमा वेद तथा उपनिषदका छोटा कथाहरूका अतिरिक्त लौकिक संस्कृतको आदिकाव्य 'रामायण', वृहत् काव्य 'महाभारत' मात्र नभई सम्पूर्ण पुराणमा वर्णित कथाको प्रभाव परेको देखिन्छ । यसैगरी संस्कृतमा लेखिएका बालपयोगी कथा 'पन्चतन्त्र', ' हितोपदेश'बाट मात्र नभई लोककथात्मक पाराका 'वृहत् कथा', 'शुकसप्तती', 'बेताल पञ्चविंशतिका' जस्ता कथाहरूबाट पनि नेपाली समाज प्रभावित रहेको पाइन्छ । नेपाली भाषा बोल्न थालिए पछि लोकजीवनले निर्माण गरेका दन्त्यकथा "एकादेश....."बाट थालिँदै "सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला" मा टुङ्गिदै अविछिन्न रुपमा अद्यावधि प्रचलनमा रहेका छन् । नेपाली लोकजीवन कथाबाट कसरी प्रभावित हुँदै आएको छ भने यहाँ दशैं, तिहार, तीज, फागुजस्ता हरेक चाडपर्व कथाकै आधारमा मनाइँदै आइएको छ । यसैगरी इन्द्रजात्रा, गाईजात्रा, घोडेजात्रा जस्ता जात्रा-पर्व मनाइनुको कारणको उत्तर पनि कथाले नै दिने गरेको छ । यहाँ समयावधिका दृष्टिले 'सत्यनारायणको कथा' जस्ता केही घण्टामा भनी सकिने कथामात्र नभई सात दिनसम्म वाचन गरिने 'सप्ताह', महिना दिनसम्म भनिने 'स्वास्थानी'का साथै हरिशयनीदेखि हरिबोधनीसम्म चार महिना लगाएर भनिने 'चर्तुमासा'का कथापनि प्रचलनमा रहेका छन् । यसबाहेक अखण्डरुपमा सँधै कथावाचन हुने परम्परा पनि यहाँ विद्यमान रहेको छ । यिनै कथामा केही ऐतिहासिक तथ्य जोडेर सांगीतिक स्वरुपका केही गाथाहरू अघि बढेका छन् भने नृत्य एवं अभिनयात्मक स्वरुप समेट्दै 'वालुन' जस्ता लोकनाटक प्रचलनमा रहका छन् । नेपाली समाजमा कथाको भूमिका वा प्रभाव कति व्यापक रहेको छ भने नेपालीका शिव, विष्णु, राम, बालकृष्ण, ध्रुव, दुर्गा, सावित्री, पार्वती, सीता जस्ता अधिकांश नाम कथाकै नायक-नायिकाका आधारमा राखिने गरिएको

पाइन्छ। त्यस्तै 'लालबुझक्कड', 'जम्बो मन्त्री', 'नारद', 'कुम्भकर्ण' जस्ता व्यङ्गात्मक सम्बोधनमा पनि कथातत्व नै लुकेको पाइन्छ । नेपालीका अधिकांश गोत्र यिनै कथाका पात्र 'विश्वामित्र', 'अत्री', 'कश्यप' जस्ता ऋषिका आधारमा राखिएको छ भने 'आचार्य', 'पंडित' जस्ता थर पनि यही कथा वाचनसँग सम्बद्ध छन् । यसैगरी यउटै थरभित्रका 'बूढीपोला घिमिरे' र ' चितापखाला घिमिरे' हुनुको कारण पनि कथाले नै खोल्ने गरेको छ ।

मानवीय सन्दर्भमा मात्र नभई इतर मानवीय सन्दर्भलाई कथाले बोक्ने गरेको पाइन्छ। 'किचक बध', 'काठमाण्डौं', 'इन्द्रचोक', 'चरिकोट', ' मनाङ्ग', 'आमागुफा' जस्ता कतिपय स्थानको नामकरण कथाको आधारमा भएको पाइन्छ भने 'अन्नपूर्ण', 'गौरीशंकर' जस्ता हिमश्रंखलाका पनि प्रशस्त कथा रहेका छन् । त्यस्तै 'वागमती', ' वाणगंगा' जस्ता अधिकांश नदीका नामकरणमा पनि कथातत्व लुकेको पाइन्छ भने 'सेती नदी' जमिनभित्र धस्नुका कारण या 'अरूण र तमोर' को वाहवका सन्दर्भलाई पनि कथाले नै प्रस्ट्याएको छ । त्यस्तै 'पशुपति', 'बाघभैरव', ' तालबाराही' का मन्दिरहरू निर्माणको पुस्ट्याइँ कथाले नै गर्ने गरेको छ भने 'रानीपोखरी', ' मातातीर्थ' जस्ता जलाशय निर्माण हुनुका कारण कथामा नै भेटिन्छ। त्यस्तै 'उत्तिस' भिरमा हुनुको कारण, 'तमाखु' खान नहुनुको अर्थ, 'हातको बूढी औंला' छुट्टिनुको रहस्य समेत लोकजीवनले कथाकै माध्यमबाट प्रस्ट्याएको पाइन्छ ।

नेपाली भाषामा कथातत्वको कतिसम्म प्राबल्य छ भने 'खुट्टी देख्दै चाल पाइयो', 'साँढेको फल झर्ला र खाउँला', 'हगी सक्यो, दैलो देख्यो', 'लंका जलाउने हनुमान, जस पाउने ढेडु' जस्ता उखानका अतिरिक्त 'चम्बु हुनु', 'बिरालो बँधाइ', 'बिरबलको खिचडी/बोको', 'मुकुन्द सेनले मुलुक मारे जस्तो', 'सतीले सरापेको देश', 'हुट्टिट्याउँले सगर थामेझैं' जस्ता टुक्काका श्रोत कथा नै रहेको पाइन्छ । त्यस्तै प्रायः कथाहीन रुपमा प्रस्तुत हुने विधालाई समेत 'गाउँखाने कथा' भन्ने गरेको पाइन्छ ।

माथि उल्लेखित कथाले जुनसुकै उमेरका व्यक्तिलाई प्रभावित तुल्याउने गरेको छ। त्यसैले कथामय नेपाली संस्कृतिका हरेक सदस्य कथा सुन्न र भन्न समेत इच्छुक रहनु स्वाभाविकै भए तापनि उत्सुकताको मात्रा सबैभन्दा बढी हुने बालबालिकाहरू यस्ता र अन्य कथा सुन्न उत्कट, अभिलाषी हुने गर्दछन् । बालसाहित्यको माध्यमबाट यस्ता कथा संकलन र उपयुक्त कथा बाचन गरी उनीहरूको कथा भोक तृप्त गर्नु वर्तमानको अवश्यकता बन्न पुगेको छ ।

## ३. कथा वाचन परम्परा

आदिम ऋषिमुनि पछि ब्राह्मण वर्गका अतिरिक्त नाथ सम्प्रदाय एवं भिक्षु वर्ग धार्मिक कथा वाचकका रुपमा रहेको पाइन्छ । यसबाहेक घरपरिवार, समाजका हरेक प्रौढ व्यक्तिले आ-आफ्ना सन्ततिलाई कथा भन्दै आएका छन् । त्यसमा पनि हजुरबा, हजुरआमाले नाति-नातिनीलाई कथा सुनाउने पुरानो नेपाली परम्परा अचेल एकल परिवारको लोकप्रियताका कारण ह्रासोन्मुक अवस्थामा रहको छ । त्यसैले बालबालिकाका कथा सुन्ने तिब्र इच्छाका परिपूर्ति केही हदसम्म विद्यालयमा शिक्षक-शिक्षिका र घरमा थोरैमात्रामा मातापिता एवं रेडियो-टेलिभिजन जस्ता संचारका साधनबाट पूरा गर्दिँदै आएको पाइन्छ ।

## ३.१. विद्युतीय माध्यम र बालोपगोगी कथा वाचन

रेडियो नेपालको स्थापनासँगै थालिएको बालकार्यक्रम सञ्चालसँगै विद्युतीय संचारका माध्यमबाट बालकथा वाचनको थालनी भएको देखिन्छ। यसपछि वासुदेव मुनाल, नुपुर भट्टाचार्य जस्ता बालकार्यक्रम संयोजकद्वारा प्रस्तुत कथा वाचन निकै प्रभावकारी रहेको पाइन्छ । यसै समयमा बालबालिका स्वयंबाट कथाबाचन गराउने परम्पराको थालनी भएको देखिन्छ । नेपाल बाहेक भारत, चीन, रुस जस्ता देशबाट नेपाली भाषामा प्रसारित कार्यक्रममा पनि बालकथा वाचन हुने गरेको पाइन्छ । केही दशक अघिदेखि निजी एवं सामुदायिक स्तरमा विभिन्न एफ.एम.हरूको स्थापना र संचालन पछि यसबाट हुने कथा वाचनका कार्यमा व्यापकता आएको पाइन्छ। यसक्रममा रेडियो सगरमाथाबाट प्रशारित शान्तदास मानान्धरका कथा वाचन, नेपाल एफ.एम.बाट प्रशारित कार्तिकेय घिमिरेका

कथावाचनका अतिरिक्त अचेल अधिकांश एफ.एम.हरूले बालकथा वाचनलाई प्राथमिकता दिएकाले संचारका माध्यमबाट कथा वाचनले एकै चोटी व्यापक क्षेत्र समेटेको देखिन्छ । यसैगरी कथाका पुस्तकसँगै यसको श्रव्य सी.डी. समेत अचेल प्रयोगमा आउन थालेको छ । विनय कसजूको 'भालुको वगैंचा', 'स्माइल प्लिज' आदि यसका उदाहरण हुन् । यसबाट बालबालिकाका अतिरिक्त पुस्तक प्रकाशक एवं प्रशारण क्षेत्र समेत लाभान्वित हुन थालेको पाइन्छ । टेलिभिजनमा बालकथा वाचनका दृष्टिले नेपाल टेलिभिजनले केही हदसम्म यसलाई महत्व दिए तापनि अन्य टेलिभिजनले यसप्रति चासो देखाएको देखिँदैन । त्यसैले पनि अचेलका बालबालिकाहरू विदेशी च्यानलबाट कथात्मक मनोरञ्जन लिन बाध्य छन् ।

### ३.२ बालसाहित्यिक संस्था र कथावाचन

२०४४ सालमा संस्थापित नेपाल बालसाहित्य समाजले विभिन्न जिल्ला र स्थानमा गई राष्ट्रिय बालसाहित्यिक भेला गर्दा बालकविता, बालगीत संगै बालकथा वाचन पनि यदाकदा गराउँदै आएको पाइन्छ । केही वर्ष अघि वार्षिक सम्मेलन गरिने जिल्ला वा क्षेत्रमा प्रचलित लोककथाहरू स्थानीय बालबालिकाद्वारा संकलन गराई तीमध्ये उत्कृष्ट लोककथा वाचन गर्ने क्रमको थालनी यसले गरे तापनि यस कार्यलाई निरन्तरता दिने सकेको पाइँदैन । 'सबैको लागि पुस्तक', 'घुम्ती पुस्तकालय', 'बाल कथालेखन कार्यशाला' जस्ता यसका विशेष कार्यक्रमका सन्दर्भमा पनि बालकथा वाचन गर्ने गरिएको देखिन्छ । गत वर्ष मात्र डेनिस लेखकसँग मिली यस समाजले जिरी, बालाजु, लम्जुङ्ग, पर्वत, धनुषामा 'स्टोरी एक्सप्रेस' कार्यक्रम अन्तर्गत कथावाचन गरेको देखिन्छ । यसै क्रममा 'बालकोशेली', 'सुनकेस्रा' जस्ता पत्रिका प्रकाशनसँगै यिनले यदाकदा विभिन्न विद्यालयमा गई कथा वाचन गर्ने गराउने गरेको पाइन्छ भने 'नेपाल-जापान बालपुस्तकालय', 'नेपाल बालपुस्तकालय' लगायत अन्य केही पुस्तकालयमा कथावाचन कार्यक्रम हुँदै आएको छ । यसैगरी रुम टु रिड, प्लान इन्टरनेशनल, सिविन, बालसाहित्य प्रतिष्ठान नेपाल, बालसंसार प्रा.लि. जस्ता संस्थाले विभिन्न स्थानमा अन्य बालकार्यक्रमसँगै कथावाचन पनि गर्दै आएको देखिन्छ । यही क्रममा 'जहाँ बालबालिका त्यहाँ कथा, जहाँ कथा त्यहाँ कथावाचक' को नारा सहित गतवर्षमात्र संस्थापित कथावाचक समाजले आफ्नो सार्वजनिकीकरण समारोहका साथै उपत्यकाका विभिन्न विद्यालयमा गई कथा वाचनको क्रम थालेको छ । उच्च मनोबल, विज्ञ जनबलको धनि भए तापनि धनबलको कमीले कथावाचनलाई राष्ट्रव्यापि बनाउने यसको योजना धर्मराउँदो अवस्थामा रहेको देखिन्छ ।

### ४. कथावाचनका तत्व र प्रक्रिया

कथाप्रतिको आकर्षण जुनसुकै उमेरका बालबालिकालाई पनि हुने गर्दछ । कथा श्रवणबाट उनीहरू विषयवस्तु ज्ञानका अतिरिक्त मानवीय संवेग-आवेगका अनुभूति सहित भाषिक ज्ञान पनि हासिल गर्न सक्षम हुन्छन् । यति भएर पनि कथा पढ्न जान्ने उमेर समूहका बालबालिका कथाका किताब पढेर नै आफ्नो कथाप्रतिको भोक तृप्त गर्छन् भने कथा पढ्न नसक्ने उमेरका खासगरी तीनदेखि छ-सात वर्ष उमेर समूहका बालबालिकाका लागि कथा वाचनको खाँचो सबैभन्दा बढी रहेको देखिन्छ । वैज्ञानिकहरूका अनुसार यस अवधिमा मस्तिष्कको विकास असी प्रतिसत भईसकेको हुन्छ तर त्यसभित्रको खाली ठाउँ भरिएको हुँदैन । त्यसैले यस उमेरका बालबालिका कुनै पनि विषयको जानकारी प्राप्त गर्न उत्सुक हुने हुँदा सबैभन्दा बढी प्रश्न गर्ने गर्दछन् र उनका यी जिज्ञासालाई कथाका माध्यमबाट केही हदसम्म पूरा गर्न सकिन्छ । यतिबेला मस्तिष्कमा परेको प्रभाव जीवन पर्यन्त रहने हुँदा गलत सूचना संप्रेषित नगर्न हरेक अभिभावक, लेखक सचेत हुन आवश्यक हुन्छ । यहाँ कथावाचनका लागि आवश्यक कथावाचक, कथा सामग्री, श्रोता एवं परिवेशका आधारमा विद्यालय जानपूर्वका या नर्सरी, एल.के.जी. देखि कक्षा १ सम्म अध्ययनरत बालबालिकाका लागि कथा वाचनको उपादेयता एवं प्रक्रियाका सन्दर्भमा चर्चा गरिएको छ ।

### ४.१. कथावाचक

"...भन्नेलाई फूलको माला" भनी लोककथा टुङ्गेझैं कथावाचक सदैव फूलको

मालाभैंं जीवन्त, ताजा, आकर्षक हुनु आवश्यक छ । अर्थात् कथावाचनको सबैभन्दा महत्वपूर्ण कडी कथावाचक नै भएकाले यसमा उसको प्रभावकारी भूमिका रहेको हुन्छ । बालकथा वाचकमा वालोपयोगी कर्णप्रिय स्वर हुनु अझ राम्रो मानिन्छ । प्रत्यक्ष कथावाचन प्रक्रियामा कथावाचक सबै श्रोताको आँखा अगाडि फुर्तिलो एवं मायालु स्वभावमा प्रस्तुत हुन सक्नुपर्छ । उसमा कथा अनुसार स्वरभङ्गीमा ल्याउनसक्ने क्षमता हुनु आवश्यक हुन्छ । अर्थात् पात्रानुसारको स्वर बनाउन सक्ने, कथालाई नाटकीय रुपमा प्रस्तुत गर्नसक्ने क्षमता वाचकमा हुनु आवश्यक हुन्छ । किनकि कथा वाचन एकल आलापीय नाटकीय स्वरुप जस्तै प्रस्तुति हो । नाटकमाभैंं शारीरिक हावभाव, मुखकृतिको परिवर्तन गर्न नसकिएमा कथावाचन नीरस बन्न पुग्छ ।

कथा वाचकले श्रोता अनुसारको भाषिक प्रयोग गर्न जानेको हुनुपर्छ । अर्थात् त्यस उमेरका बालबालिकाले जे-जस्ता शब्द सिकेका हुन्छन्, सकभर त्यसैमा सिमित भई कथावाचन गर्न सक्नुपर्छ । त्यस दृष्टिले कथावाचकमा सम्बन्धित भाषिका वा स्थानीय शब्दको ज्ञान हुनु अनिवार्य हुन्छ ।

यस उमेरका बालबालिकाहरू बढी चञ्चल स्वभावका हुन्छन् । अतः तीनदेखि बढीमा दश मिनेटमा सकिने कथामात्र भनिनु उपयुक्त ठानिन्छ । अन्यथा उनीहरूको ध्यान कथाबाट अन्तै कतै मोडिन सक्छ । त्यसैले यस उमेरका बालबालिकाको मनोविज्ञान कथा वाचकले बुझेको हुनुपर्छ । कथावाचन गर्नुपूर्व कम्तिमा तीन-चारपल्ट आफैंले अभ्यास गरी कथावाचन गर्न थालिएमा त्यो अझ प्रभावकारी हुन्छ । श्रोताले कथा श्रवणका क्रममा देखाएका उत्सुकतायुक्त प्रश्नको तत्काल उपयुक्त जवाफ दिन सक्ने क्षमता सफल कथावाचकमा हुनु आवश्यक ठानिन्छ । हरेक श्रोता र वाचकको आँखा सँधै जुध्न सके कथावाचन अझैं सफल बन्छ । यसरी आफ्नो वाक्कला, अभिनयात्मक क्षमता, परिवर्तनशील मुखमण्डल, शारीरिक हावभावद्वारा श्रोतालाई कथा वा आफ्नो अभिव्यक्तिप्रति सुरुदेखि अन्त्यसम्म अढ्याई राख्न सक्नु सफल कथावाचकको पहिचान मानिन्छ ।

**४.२. कथाका श्रोता**

"...सुन्नेलाई सुनको माला" भनिएभैंं कथावाचन कार्यमा श्रोताको भूमिका सुनभैंं महत्वपूर्ण हुन्छ । यिनको अभावमा प्रत्यक्ष कथावाचनले पूर्णता प्राप्त गर्दैन । यस उमेरका बालबालिकामा सबैको भाषिक क्षमता, विषय ग्रहण गर्न सक्ने शक्ति समान नहुन सक्छस यसबारे कथावाचक सचेष्ट हुनु आवश्यक हुन्छ । कथावाचकको तुलनामा श्रोताको भूमिका केही निष्कृय नै रहे पनि बीचबीचमा कुनै प्रश्न गरेर कथाका वाक्य, शब्द, गीतका पंक्ती दोहोऱ्याउन लगाएर पनि उनीहरूलाई सक्रिय तुल्याउनु पर्ने हुन्छ । गीत, कविताका पंक्ति, कथाका वाक्य आदिको आवृत्तिलाई पनि यस उमेरका श्रोताले झिंजो नामानी सुन्ने वा दोहोऱ्याउने गर्दछन् ।

**४.३. कथा सामग्री**

कथावाचनमा कथावाचक र श्रोतालाई एउटै विन्दुमा अड्याइराख्ने तत्व नै कथा सामग्री अर्थात् कथा हो । त्यसैले उपयुक्त कथा चयन, कथावाचनको अपरिहार्य कार्य हो । यस उमेरका बालबालिकालाई प्रकाशित कथाका पुस्तकबाट या माथि भनिएका पौराणिक, लोककथा एवं किंवदन्तीबाट सुहाउँदो कथा चयन गरी वा वाचक स्वयंबाट या बाचक र श्रोता दुबैको सहयोगमा तत्काल कथा निर्माण गरी प्रस्तुत गर्न सकिन्छ । जुन प्रक्रियाबाट कथा चयन वा निर्माण गरिए तापनि उक्त सामग्री यस उमेर सुहाउँदो भने अवश्य हुनुपर्छ । यस्ता कथामा सम्झने, सोच्ने जस्ता अमूर्त कार्यका सट्टामा उफ्रने, खाने, खेल्ने, रुने जस्ता मूर्त कार्यको प्रयोग भएको हुनुपर्छ । यस उमेरको केटाकेटीहरू वर्तमानमै रमाउँछन्, अतितका कुरा सम्झने र भविष्यप्रति चिन्तित हुने पन यिनहरूमा हुँदैन । त्यसैले पूर्वस्मृति (फ्यासब्याक) को प्रयोग यस्ता कथामा हुनु उपयुक्त मानिन्न । त्यस्तै यस उमेर अनुरुपको समस्या वा द्वन्द्व र त्यसको चित्तबुझ्दो समाधान भएका छोटा कथाहरूलाई कथावाचनका सामग्रीका रुपमा चैन गरिनु पर्छ । ठोस कथावस्तु र लयात्मक प्रस्तुति भएका कथाहरू अझ प्रभावकारी ठानिन्छन् । यस्ता कथाहरूमा भूत, प्रेत, बोक्सी, राक्षस जस्ता डरलाग्दा पात्रको प्रयोग हुनु राम्रो मानिन्न । यसको सट्टामा जनावर वा तिनका बच्चा, खेलकुद, खाद्यसामग्री, वस्त्राभूषण आदि पात्रका रुपमा आउनु, तिनको नामकरण पनि अनुप्रासमय मायालुपनमा हुनु राम्रो मानिन्छ । भर्खर बाह्रखरी

सिकेका बालबालिकाका लागि साउँ अक्षर कथा पनि उपयुक्त समाग्री हुन सक्छ ।

थालनीमा एक दुई छोटा वाक्यमा पात्रको परिचय, बीचमा पाँच-सात वाक्यमा समस्या वा द्वन्द्वको उल्लेख र अन्त्यमा दुई-तीन वाक्यमा उपयुक्त समाधान भएको सुखान्त कथा नै यस उमेर समूहका लागि उपयुक्त मानिन्छ । उमेर अनुसार कथाको लम्बाई बढाउँदै लान सकिन्छ । नेपाली भाषाका सन्दर्भमा केही चित्रकथा बाहेक यस उमेरसमूहका लागि पूर्णरुपमा उपयुक्त कथा संग्रह ज्यादै न्यून रहेको छ । लयात्मक लोक बालगीत वा कथात्मक बालगीत पनि यस उमेरका लागि उपयुक्त सामग्री हुन् । जुन केही मात्रामा नपाली भाषामा उपलब्ध छन् । यसबाहेक कथानक अनुसारका चित्र, बालपात्र, पात्रका बोली जस्ता श्रव्य-दृष्य सामग्रीको प्रयोग गरी कथा वाचनलाई अझ प्रभावकारी तुल्याउनु सकिन्छ ।

## ४.४. अनुकुल वातावरण

कथावाचन कक्षाकोठा, सुत्नेकोठा, चौर, पुस्तकालय, परिवहन साधनजस्ता हरेक स्थानमा अनुकुल समयमा प्रस्तुत गर्न सकिन्छ । यसरी जुनसुकै स्थानमा श्रोता र कथावाचकको चाहना अनुरुप कथावाचन गर्न सकिए तापनि यसको लागि अन्य ध्वनीको प्रवेश भने निषेध गरिएको हुनुपर्छ । बालश्रोताको कानमा कथावाचकका आवाज बाहेक अन्य आवाज पर्न गएमा उनीहरूको ध्यान कथामा मात्र केन्द्रीत हुन सक्तैन जसबाट कथावाचनमा बाधा उत्पन्न हुन्छ । त्यसैगरी वाचक र श्रोताले एक अर्कालाई सजिलैसँग देख्ने, सुन्ने र सम्भव भए स्पर्ष गर्ने सम्मको परिवेश हुनुपर्ने आवश्यक ठानिन्छ ।

## ५. उपसंहार

कथावाचन नेपालको संस्कृति हो । यसले कुनै र कुनै रुपमा वर्तमानसम्ममा पनि निरन्तरता प्राप्त गर्दै आएको छ । अधिकांश नेपालीका नाम कथाका पात्रकै आधारमा राखिनुका अतिरिक्त किंवदन्तीकै रुपमा भए पनि नेपालका विभिन्न प्रकृति र पदार्थका कथा यत्र, तत्र सर्वत्र छरिएकाले पनि नेपाल कथाको भण्डार भएको मुलुक हो । यहाँको संस्कृतिक, भाषिक विविधताले कथागत विविधतालाई बढाएको छ । इतिहासको कुनै कालखण्डमा कुनै व्यक्तिबाट सृजित यी कथाहरू लोकसम्पत्ति एवं मनोरञ्जनका साधनका रुपमा कथ्य र कर्ण परम्पराबाटै आजसम्म निरन्तर रुपमा प्रवाहित छन् । यीमध्ये केही संकलन भएका छन् भने केही संकलनको अभावमा लोप हुने अवस्थामा पुगेका छन् । संयुक्त पारिवारिक संस्कृति भएको नेपाली समाज अचेल एकल परिवारतिर उन्मुख भएकाले हजुरबुवा, हजुरआमा वा प्रौढ व्यक्तिले नाति-नातिना वा बालबालिकालाई काखमा राखी वा समूह बनाएर कथा वाचन गर्ने क्रम क्रमसः ह्रासोन्मुख भएको छ । कार्यगत व्यस्तताले कतिपय आमा-बाले बालबालिकाका कथा सुन्ने भोक तृप्त गर्न सकेका छैनन् भने कतिपयलाई कथावाचनको सीपको कमीले यो झन्झटिलो कार्य लाग्न थालेको छ । महंगा नीजि विद्यालयमा कम्प्युटर गेम, ल्यापटप एवं अन्य आधुनिक खेलकुदका साधन उपलब्ध भए तापनि बालरुचि अनुरुपका कथावाचन गर्न सक्ने शिक्षक-शिक्षिकाको व्यवस्था गरिएको पाइँदैन । या भनौं विद्यालय प्रशासनले यसको आवश्यकता बोध नै गरेको देखिदैन । नेपाल सरकारले विद्यालय जान पूर्व उमेरका बालबालिकाका लागि जिल्ला तहमा केही कार्यक्रम ल्याए तापनि यो समुद्रमा पानीको थोपाझैं नगन्य भएको छ । त्यसैले बालबालिकाहरू विदेशी कार्टुनको माध्यमबाट आफ्ना कथा सुन्ने भोक केही हदसम्म तृप्त गर्न बाध्य भएका छन् ।

अतः उपयुक्त समस्याको समाधानका लागि हरेक विद्यालयमा कथावाचन गरिनुपर्छ भने इच्छुक माता-पितालाई विज्ञ कथावाचकबाट प्रशिक्षित गराइनुपर्छ । यसैगरी बालबालिकालाई लेखिएका प्रत्येक कथा पुस्तकको श्रव्य स्वरुपको निर्माण तथा प्रत्यक संचार साधनबाट त्यसको प्रसारण गरिनु पर्ने देखिन्छ । यसका साथै बालसाहित्यका प्रत्येक सर्जकले जुन उमेर समूहका लागि लक्षित गरी साहित्य सृजना गरेको हो, तत् उमेर समूह समक्ष कम्तिमा दश ठाउँमा अनिवार्य रुपमा आफ्नो पाण्डुलिपि वाचन गर्ने परिपाटी बसाल्न सके यसबाट केही हदसम्म कथा सुन्ने बालरुचिलाई शान्त पार्न सकिन्छ । यसबाट आफ्ना सृजनाका लक्षित समूहका बालबालिकाका टिप्पणीबाट सर्जक पनि लाभान्वित हुनसक्ने देखिन्छ । मार्च २० विश्व कथावाचन दिवस भएकाले यस्तो शुभकार्यको थालनी यसै महिनाको यही दिनबाट गरिनु अझ उपयुक्त हुने देखिन्छ ।

## सन्दर्भ सामग्री


- घिमिरे, ध्रुव, (२०६७), पवन र गगन साउँ अक्षर चित्रकथा, काठमाण्डौं : बुक प्यालेस ।
- जफा, मनोरमा (सन् २००४), अ गाइड टु स्टोरी टेलिङ टु टिनी टोट्स् विथ ट्वान्टी न्यू स्टोरिज, दिल्ली : खास किताब फाउन्डेसन ।
- पौड्याल, शिवप्रसाद, (२०६२), "नेपाली उखानको अध्ययन", विद्यावारिधि शोधप्रवन्ध : त्रिभुवन विश्वविद्यालय (अप्रकाशित) ।
- प्रधान, प्रमोद, (२०६६), "वि.सं. २०६३ मा प्रकाशित नेपाली बालकृतिहरूको अध्ययन", बालसाहित्य-१८, पृ. ३५-५० ।
- फिलिप्स, लुइस, स्टोरी टेलिङ टु योङ चिल्ड्रेन, इन्टरनेट एडिसन : http://www.australianstorytelling.org.au, फेब्रुवरी ९, २०११ मा प्राप्त ।
- लामिछाने, कपिलदेव, (२०६६) "नेपाली गाउँखाने कथाको संकलन र विश्लेषण", विद्यावारिधि शोधप्रवन्ध : त्रिभुवन विश्वविद्यालय (अप्रकाशित) ।
- विलियम, बेरी म्याक, इफेक्टिभ स्टोरी टेलिङ, इन्टरनेट एडिसन : http://www.eldrbarry.net/roos/eest.htm, फेब्रुवरी १०, २०११ मा प्राप्त ।
- शर्मा, मोहनराज (२०३५), कथाको विकास प्रक्रिया, काठमाण्डौं : साझा प्रकाशन ।
- श्रेष्ठ, कृष्णप्रकाश (२०४४), स्थान नाम कोश, काठमाण्डौ : ने.रा.प्र.प्र ।
- श्रेष्ठ, तेजप्रकाश (२०६७), भोका डमरुहरू, काठमाण्डौं : बालसंसार प्रा.लि. ।
- सिग्देल, कृष्णदीप "कथावाचन, कथाको मौखिक स्वरुप र महत्व", बालसाहित्य-१८, ने.बा.सा.स, पृ. ५१-५४ ।


---

· n]v

# हिरामणी शर्मा पौड्याल नेपाली हास्यव्यङ्ग निवन्धमा


- तेजविलास अधिकारी


### परिचय

सम्बत् २००२ मा धवलागिरी अञ्चल पर्वत जिल्ला चितीपानी फलेवासमा जन्मिएका हिरामणि शर्मा पौडेल नेपाली भाषा साहित्यका एक स्रष्टा एवम् द्रष्टा व्यक्तित्व हुन् । नेपाली साहित्यमा लामो समय सम्मको प्राध्यापन कार्यमा संलग्न पौड्यालले खासगरी भाषाको अध्ययन र समालोचना लेखनमा बढी समय खर्चेको पाइन्छ । समालोचनाको बाटोमा( २०४१) बोटेभाषाको एक अध्ययन२०४२), कुमाल भाषाको अध्ययन(२०४३), पर्वती भाषिकाको स्वरूप र संरचना((२०४४), परिक्रमा(२०४४), रचनाः विवेचना(२०४६), साहित्यिक विवेचना सहसम्पादन(२०४७),जस्ता कृतिहरूको माध्यमबाट पौड्यालले आफ्नो भाषा वैज्ञानिक र समालोचकीय कर्मलाई इमान्दारपूर्वक चिनाएका छन् । पौड्यालको निधन २०४७ साल कार्तिक ३० गतेका दिन अल्पायुमा नै भयो जसबाट नेपाली भाषा साहित्यको मर्मज्ञलाई हामीले गुमायौं ।

### नेपाली हास्यव्यङ्ग निबन्धको सम्पादन दायित्व

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायको पाठ्य सामाग्रीको अभावलाई पूरा गर्ने हेतुले सम्पादित नेपाली हास्यव्यङ्ग निवन्ध सहकर्मी राजेन्द्र सुवेदी र हिरामणि शर्माको प्रयत्नबाट सफल भएको हो । यस निबन्ध सङ्ग्रहको सम्पादनका क्रममा सम्पादकहरूले आ-आफ्नो सम्पादन सम्बन्धी विशेषज्ञान र श्रमलाई अत्यन्त सावधानी र सुझावका साथ प्रदर्शन गरेका छन् । यसनिबन्ध सङ्ग्रहको आधार र सम्पादकीय लेखलाई हेर्दा सम्पादित लेखलाई हेर्दा सम्पादितकृतिको

सैद्धान्तिक पक्ष र दुई निबन्धकारको परिचय राजेन्द्र सुवेदीबाट भएको पाइन्छ भने अन्य निबन्धकारको परिचय र निबन्धको सामान्य परिचय हीरामणि शर्माले दिएका छन् । यसै आधारलाई हीरामणि शर्माले सम्पादन गरेका निबन्धकार र निबन्धहरूको परिचयको आधारमा समालोचक हीरामणि शर्मा पौड्यालका सम्पादन कलाको बारेमा केही उल्लेख गर्नु प्रासङगिध ठहर्दछ ।

साझा प्रकाशनद्धारा २०४७ सालमा प्रकाशित यस निबन्ध सङग्रहभित्र जम्मा १३ जना निबन्धकारहरूको परिचय, निबन्धको सङ्क्षिप्त परिचय र निवन्धहरू समावेश भएको छ । यस विवेच्य लेखको काम निबन्धहरूको अध्ययन विश्लेषण र सम्पादन गर्ने कलामा हीरमणि शर्मा पौड्यालले निर्वाह गर्नु भएको भूमिकाको बारेमा चर्चा गरिन्छ। जसमा हीरामणि शर्माद्वारा एघारवटा निवन्धहरूको सम्पादन गर्ने कार्य भएको छ । जसमाः

| | |
|---|---|
| केशवराज पिँडाली | - यो हो चन्द्रज्योति |
| अच्छासिंह राई | - बसुधैव कुटुम्बकम् |
| श्रीधर खनाल | - लौ त अव वैज्ञानिक न्वारन गरौं |
| भैरव अर्यालको | - ज्या भुसुक्कै |
| श्याम गोतामे | - मेरा पाहुनाहरू |
| मोहनराज शर्मा | - टोपीको खुल्ला बयान |
| चोलेश्वर शर्मा | - राजधानी त सधैं गजेटेड छ |
| रामकुमार पाँडे | - बाबुको विहे |
| नरेन्द्रराज पौडेल | - उर्दीको कोट |
| विमल निभा | - दुष्ट माइक |

प्रथमतः नेपाली निबन्धको इतिहास देखि वर्तमान सम्मका निबन्ध लेखको क्षेत्रमा उर्वर प्रतिभाहरूको उत्कृष्ठ निबन्धहरू सङ्कलन हेतु यस निबन्ध सङ्ग्रहका सम्पादकहरूका सफलता हो। जसबाट नेपाली निबन्ध र नपाली हास्यव्यङ्ग निबन्धका मूल्याङ्कन न्यायपूर्ण बन्न गएको छ । नेपाली निबन्ध लेखनमा आधुनिककाल भित्र्याउने देवकोटाको उपस्थिति र वर्तमान सम्म अत्यन्त शशक्त रुपमा निबन्धलेखनमा व्यङ्ग्य धर्मिता र सम-सामयिकतालाई परिपालन गर्ने विमल निभाको समावेशले सबै प्रतिनिधि निबन्धकारहरूको निबन्धमा रहेको व्यङ्ग्य लेखनको यथार्थ पाटोलाई जग जाहेर गराएको छ ।

समालोचक हीरामणि शर्मा पौड्यालको सम्पादन गरेका केही निबन्धहरूको परिचय, निबन्धात्मक टिप्पणीलाई तल चर्चा गरिन्छ । जस्तैः चोलेश्वर शर्माको व्यङ्ग्य चेतना प्रखर र सशक्त छ उनका व्यङ्ग्य निबन्धकारहरूमा सामाजिक राजनैतिक र सांस्कृतिक सन्दर्भसंग गाँसिएका तथ्यहरूको कमी छैन । हलुका ढङ्गबाट त्यस कथ्यलाई सम्प्रेसित गर्ने सरल तथा प्रवाहमय भाषिकशिल्प पनि उनले आत्मसात गरिसकेका छन् । यसरी उनी एउटा निबन्धकार र निबन्धकारीता बारेमा अत्यन्त संक्षिप्त र तार्किक खालको समीक्षा गर्दछन् ।

रामकुमार पाँडेको निबन्ध बाबुको विहे के टिप्पणि वा समीक्षात्मक सन्दर्भमा उनले यस्तो भाषिक संरचना प्रस्तुत गरेका छन् । नेपालीसमाजमा प्रचलित उखान बाबुको विहे लाई वयर्ण वस्तु स्वीकाररे लेखिएको प्रस्तुत निबन्धममा म पात्रले खानु परेका वाउन्न घुस्सा र त्रिपन्न ठक्करहरू प्रदर्शित भएका छन् । नेपाली समाजमा चलेको उखान टुक्कालाई पनि समीक्षाको सन्दर्भमा कलात्मक ढङ्गले जोड्ने र मोड्न सक्ने सम्पादकीय र समीक्षात्मक चिन्तन उनी प्रस्तुत गर्न सक्छन् ।

यसरी हेर्दा हीरामणि शर्मा पौड्याल नेपाली साहित्यको निबन्ध विधाको सम्पादन कलामा शक्तिशाली व्यक्तित्वका रुपमा देखापरेका छन् । हीरामणि शर्मा भूतरुपमा समालोचक नैभएकोले विधागत चेत भन्दा बढी वैचारिक चेतलाई उनी स्थान दिन पुग्छन् । विधागत चेतका सन्दर्भलाई पनि कहीँ कतै नछामिकन विन्यासपूर्ण हुनुपर्ने सन्दर्भ उनका सम्पादन कलाले औल्याएका तथ्य र पक्ष हुन् । निर्धारित पाठ्यक्रमका लागि तोकिएको र साझा प्रकाशन जस्तो गरिमामय प्रकाशन गृह बाट छापिएको पुस्तक भएर पनि तथ्यहरूमा पाइएको विविधता वा गडबडीलेले भने हाम्रो समग्र साहित्य लेखन, प्रकाशन र समीक्षात्मक धर्मलाई समेत सन्दर्भलाई ऐतिहासिक सन्दर्भ, विधागत चिन्तन, निबन्धकारको व्यक्तित्व कृतित्वको सन्दर्भ भिन्ने व्यक्ति लेखकहरू भएकोले पनि केहि जटिल बन्न पुगेको छ ।